सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२ जेठ २०८०, मंगलबार (16 May 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ३३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# गृहकै गाडीमा बिचौलियाले ओसार्थे पैसा

## बिचौलियाहरूले जिल्ला-जिल्ला पुगेर पीडितहरूको फाराम भराउने, पैसा उठाउनेदेखि उच्चपदस्थलाई बुझाउनसम्म गृह मन्त्रालयकै गाडी प्रयोग गर्थे

**ठगी गिरोहले प्रयोग गरेको गृह मन्त्रालयको बा.१झ १५८१ नम्बरको गाडी प्रहरीद्वारा बरामद**



बरामद गाडी गृहअन्तर्गतकै हज कमिटीका अध्यक्ष शमशेर मियाँले चढ्थे, गिरोहसँग साँठगाँठ देखिएपछि उनी सम्पर्कविहीन छन्

**नवराज मैनाली**/नयाँ पत्रिका

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजान खोज्ने गिरोहले गृह मन्त्रालयकै गाडीमा पैसा ओसारपसार गरेको अनुसन्धानमा भेटिएको छ। प्रहरीले त्यसरी दुरुपयोग गरिएको गृहको बा.१झ १५८१ नम्बरको सरकारी गाडी बरामद गरेको छ।

सो गाडी गृह मन्त्रालयअन्तर्गतको नेपाल हज कमिटीका अध्यक्ष शमशेर मियाँको भएको खुलेको छ। मियाँको समेत गिरोहसँग निकटता देखिएको छ, उनी प्रहरीको सम्पर्कमा आएका छैनन्।

'सेतो नम्बर प्लेटको गाडी प्रयोग गर्दा सहज हुने भएकाले बिचौलियाले पटक-पटक गृहको गाडी प्रयोग गरेको देखियो,' अनुसन्धानमा आबद्ध प्रहरी अधिकारीले भने, 'बोरामा राखेर पैसा ओसारपसार पनि यसैमा भएको पत्राउ परेका अभियुक्तले बताएका छन्।'

विभिन्न व्यक्तिलाई पैसा बुझाउने वेला सोही गाडी प्रयोग भएको थियो। मोटो रकम निजी गाडीमा ओसारपसार हुँदा जोखिम हुने भएकाले गिरोहले गृहको गाडी प्रयोग गरेको थियो। पीडितहरूसँग उठाएर करोडौँ रकम उनीहरूले उच्चपदस्थलाई बुझाएका थिए। त्यही गाडीमा राखेर पैसा ओसारपसार गरेको अभियुक्तहरूले बयानमै बताएका छन्।

साथै बिचौलियाहरूले पीडितहरूलाई विश्वासमा पार्न पनि सो गाडी प्रयोग गरेको पाइएको छ। चितवन, विराटनगरलगायत ठाउँमा सोही गाडी लिएर गई पीडितहरूलाई फाराम भराउनेदेखि फोटो खिच्नेसम्म

» पृष्ठ ११ मा क्रमशः

## ■ 'कार्यदल गठनअघिदेखि नै टोपबहादुरको संलग्नता'

शरणार्थी प्रकरणको योजनादेखि नै रायमाझीको साथ रहेको बिचौलियाद्वय सानु भण्डारी र सन्देश शर्माको बयान



**अभियुक्त अभिवादन** ! म्याद थपका लागि जिल्ला अदालत लैजानुअघि जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा टोपबहादुर रायमाझी। अदालतले तीन दिन थुनामा राख्न म्याद दिएको छ। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

शरणार्थी समस्याको दिगो समाधानका लागि भन्दै गृह मन्त्रालयबाट कार्यदल गठन हुनुभन्दा अघिदेखि नै एमाले नेता टोपबहादुर रायमाझीको ठगी गिरोहमा संलग्नता देखिएको प्रहरीले जनाएको छ। योजनादेखि नै उनले त्यसमा आफूहरूलाई सघाउँदै आएको पत्राउ परेका अभियुक्तले बयान दिएका छन्। 'कार्यदल गठनको योजनाकार नै उनी भन्ने बुझिएको छ,' अनुसन्धानमा आबद्ध प्रहरी भन्छन्, 'सुरुदेखि नै उनले यसमा सहयोग गर्दै आएका छन्।' गृहमा बिचौलियालाई लिएर गई उच्च अधिकारीलाई समेत भेटाउने गरेका थिए।

त्यसका लागि टोपबहादुरलाई केही पैसा नगदमै दिएको तथा उनका छोरा सन्दीपको खातामा पटक-पटक पैसा हालेको दाबी छ। सन्दीपले भने सो पैसा व्यापारमा लगानी गर्न लिएको दाबी गरेका छन्। तर, कुन व्यापारमा लगानी गर्न लिएको तथा त्यससम्बन्धी कुनै सम्झौता भएको प्रमाण पेस गर्न सकेका छैनन्। सन्दीप २० वैशाखदेखि नै हिरासतमा छन्। आइतबार पत्राउ परेका रायमाझीको सोमबारदेखि बयान सुरु भएको छ। गिरोहका सदस्यसँग चिनजान भए पनि आफूले पैसा नलिएको बयान उनले दिएका छन्। जिल्ला अदालतबाट थुनामा राख्द म्याद लिएलगत्तै बबरमहलस्थित सरकारी वकिल कार्यालयमा उनको बयान भएको थियो। सरकारी वकिल कार्यालय स्रोतका अनुसार उनले सो विषयमा आफूलाई जानकारी नै नभएको दाबी गरेका छन्। उनको बयान भने पूरा भएको छैन। तर, उनीविरुद्ध प्रशस्त प्रमाण रहेको प्रहरी अधिकारी बताउँछन्। पत्राउ परेका बिचौलियाहरू सानु भण्डारी र सन्देश शर्मासँग उनको विशेष निकटता देखिएको छ। ०६४ देखि नै उनीहरूबीच निकटता देखिएको छ। दुवैले बयानका क्रममा रायमाझीले कसरी सुरुदेखि नै सघाएका थिए भन्ने विषयमा विस्तृत बताएका छन्।

■ छैटौँ दिन खाणको बयान सुरु

## पेटमा समस्या देखाउँदै बीचमै बयान रोके



**काठमाडौं**/ शरणार्थीका नाममा भएको ठगी प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाण पत्राउ परेको छैटौँ दिनबाट बयान सुरु भएको छ। जिल्ला सरकारी वकिल कार्यालयमा सोमबार उनको डेढ घन्टा बयान भएको छ। पेटमा समस्या भएको भन्दै उनले थप बयान गर्न नसक्ने बताएपछि बीचमै रोकिएको थियो।

खाणको अब मंगलबार बयान निरन्तर हुनेछ। 'आज सामान्य सोधपुछ मात्र भयो,' सरकारी वकिल कार्यालय स्रोतले भन्यो, 'अब मुख्य विषयमा मंगलबार मात्र बयान हुनेछ।' सरकारी वकिल कार्यालयका प्रमुख अच्युतमणि न्यौपानेका अनुसार स्वास्थ्य समस्या देखाउँदै खाणले धेरै समय बयान गर्न नसकेका हुन्।

खाणको इच्छाअनुसार बयान लम्बिएको स्रोत बताउँछ। आफूविरुद्ध अन्य अभियुक्तले दिएको बयानको विषयमा सकेसम्म धेरै जानकारी लिने र कानुन व्यवसायीसँग छलफल गरेर मात्र उनले बोल्न चाहेका छन्। त्यही कारण बयानमा उनले ढिलाइ गरेका हुन्। बयानअघि धेरै व्यक्ति भेट्ने र अन्य व्यक्तिको बयानको विषयमा अनावश्यक चासो राखेपछि खाणलाई भेटघाटमा कडाइ गरिएको प्रहरी परिसर टेकुका एक अधिकृतले बताए। हिरासतमा नराखी प्रहरीले उनलाई डिएसपीको कोठामा बस्ने सुविधा दिएकाले पनि उनलाई सहज भएको छ।

खाण गत २७ वैशाखमा पत्राउ परेका थिए। उनका सहयोगी नरेन्द्र केसीको भने बयान भइसकेको छ।

## ■ संलग्नहरूमाथि राष्ट्रद्रोहको मुद्दा पनि चलाउन संसद्मा संकल्प प्रस्ताव दर्ता



संसद्मा संकल्प प्रस्ताव दर्ता गराउँदै रास्वपा सांसद सुमना श्रेष्ठ

**कमलराज भट्ट**/नयाँ पत्रिका

रास्वपा सांसद सुमना श्रेष्ठले नक्कली भुटानी शरणार्थी प्रकरणमा संसद्मा विशेष छलफल गर्न र सरकारलाई आवश्यक निर्देशन दिन संकल्प प्रस्ताव दर्ता गराएकी छिन्। 'यो प्रकरणप्रति सदन र सरकारलाई उत्तरदायी बनाउन आवश्यक निर्देशन दिन आज मैले संकल्प प्रस्ताव दर्ता गराएकी हु,' उनले भनिन्।

**निष्पक्ष छानबिन गर्न सांसदहरूको माग**

नेपाली नागरिकलाई नक्कली शरणार्थी बनाउन गृह मन्त्रालयसमेतका उच्चपदस्थ कर्मचारी र पदाधिकारीहरूले घुस लिएको, सचिव र मन्त्रीको पद दुरुपयोग गरी मन्त्रालयमा भएको संवेदनशील सरकारी कागजात (कार्यदलको प्रतिवेदन) गैरकानुनी तवरले हेरफेर, नष्ट र किर्ते गरेको, राजनीतिक दलका नेता र कर्मचारीले मानव तस्करी (बेचबिखन)का लागि बिचौलियासँग पैसा उठाएको र सयौँ नेपाली नागरिक भुटानी शरणार्थीको रूपमा तेस्रो मुलुकमा तस्करी भइसकेको भन्ने सूचना आएकाले निष्पक्ष र प्रभावकारी अनुसन्धान हुनुपर्ने उनको माग छ।

'त्यसकारण यस प्रकरणमा भ्रष्टाचार (घुस, सरकारी कागजात किर्ते र नीतिगत भ्रष्टाचारसमेत), संगठित अपराध (मानव तस्करी/बेचबिखन

» पृष्ठ ११ मा क्रमशः

**कर्नर किक**

● रवि मिश्र




भैरहवा विमानस्थलको एक वर्ष

**अन्तर्राष्ट्रिय वायुसेवाले देखाएन चासो, जजिराले पनि रोक्यो उडान**



(समाचार पृष्ठ ९)

विदेशी राजदूतलाई प्रधानमन्त्रीको सम्बोधन

## भ्रष्टाचारविरुद्ध सरकारको शून्यसहनशीलता नीति



**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भ्रष्टाचारविरुद्ध सरकारले शून्यसहनशीलता नीति अपनाएको र सबै तहमा पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने लक्ष्य राखेको बताएका छन्। सोमबार काठमाडौंस्थित विदेशी राजदूत एवं कूटनीतिज्ञहरूलाई

» पृष्ठ ११ मा क्रमशः

सरकारका नीति र कार्यहरू सुशासन, विधिको शासन र सहभागितामूलक लोकतन्त्रप्रतिको दृढ प्रतिबद्धताबाट निर्देशित छन्। हामीले भ्रष्टाचारविरुद्ध शून्यसहनशीलता नीति कायम राखेका छौं र सबै तहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने हाम्रो लक्ष्य हो।

समाजमा शान्ति, मेलमिलाप र सद्भावको सुदृढीकरणलाई उच्च महत्त्व दिन्छौं। संक्रमणकालीन न्याय प्रक्रियाका बाँकी काम टुंगोमा पुऱ्याउने र द्वन्द्वका पीडितहरूलाई न्याय र क्षतिपूर्ति उपलब्ध गराउने प्रतिबद्धता पुनः दोहोऱ्याउन चाहन्छु।




# साढे ३२ करोडको सभागृह प्रयोगविहीन

## सरकारी कार्यक्रम होटेल र पार्टी प्यालेसमा

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिमको धनगढीमा साढे ३२ करोडमा निर्मित सुविधासम्पन्न सभागृह प्रहयोगविहीन बनेको छ। भव्य सरकारी सभागृह हुँदाहुँदै संघ र सुदूरपश्चिम प्रदेश सरकारका सभा, सम्मेलन, गोष्ठी भने लाखौँ खर्चेर होटेल र पार्टी प्यालेसमा हुने गरेका छन्।

सहरी विकास मन्त्रालयअन्तर्गतको संघीय आयोजना कार्यान्वयन एकाइमार्फत ११ महिनाअघि ३२ करोड ६० लाख ८१ हजार लागतमा सभागृहको निर्माण सकिएको थियो। धनगढी उपमहानगरपालिकाले वडा नं. ८ मा उपलब्ध गराएको एक बिघा क्षेत्रफलमा फैलिएको सभागृह नौ सय ८० सिट क्षमताको छ। जहाँ साढे ६ सय र दुई सय सिटका दुईवटा हल छन्। एउटा अतिविशिष्ट कक्षसहित सय

» पृष्ठ ११ मा क्रमशः




धनगढी उपमहानगरपालिकाले वडा नं. ८ मा उपलब्ध गराएको एक बिघा क्षेत्रफलमा फैलिएको सभागृह। ९८० सिट क्षमताको सभागृहमा साढे ६ सय र दुई सय सिटका दुईवटा हल छन्। तर, ११ महिनाअघि निर्माण सकिएको सरकारी भवन प्रयोगविहीन बन्दा संघ र प्रदेश सरकारकै सभा, सम्मेलन तथा गोष्ठी होटेल र पार्टी प्यालेसमा गरेर लाखौँ सिध्याउने गरिएको छ। केही दिनअघि मात्र मुख्यमन्त्री कार्यालय र आर्थिक मामिला मन्त्रालयले तीन ठूला कार्यक्रम होटेल र पार्टी प्यालेसमा गरेका थिए। मानस खण्ड सम्मेलन, आगामी बजेटबारे प्रदेशभरिका पालिका प्रमुख र उपप्रमुखसँग छलफल तथा प्रदेश सभा सदस्यसँग छलफल होटेल र पार्टी प्यालेसमा गरिएको थियो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# मेलम्ची खानेपानी वितरण ५ जेठदेखि दुई साता बन्द हुँदै

**काठमाडौं**/ मेलम्ची खानेपानी वितरण यही ५ जेठदेखि बन्द हुने भएको छ। मर्मतका लागि सोमबारदेखि दुई साता बन्द गर्ने भनिए पनि सरोकारवालाहरूको सुझावअनुसार ५ जेठपछि मात्रै मर्मत सुरु गरिन लागेको मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक कमलराज श्रेष्ठले जानकारी दिए। उनका अनुसार दुई साताजतिमा मर्मत सम्पन्न भएपछि पुनः पानी वितरण हुनेछ। हेलम्बु-१ स्थित आयोजनाको मुहान तथा हेडवर्क्समा केही उपकरण जडान तथा मर्मत-सम्भार गर्नुपर्ने भएकाले दुई साताका लागि पानी वितरण बन्द हुने मेलम्ची खानेपानी आयोजनाले जानाएको छ।

सामान्य बाढी आएका बेला पनि आयोजना सञ्चालन गर्ने गरी थप उपकरण जडान तथा मर्मत-सम्भार गर्न लागिएको हो। *रासस*



सिन्धुपाल्चोकस्थित मेलम्ची खानेपानी आयोजनाको मुहान क्षेत्र।

## ■ पाटनढोका-जोरपाटी-दक्षिणढोका रुटमा साझाको बिजुली बस

# ४० मध्ये तीनवटा सञ्चालनमा

## चार्जिङ स्टेसन नहुँदा सबै बस सञ्चालन गर्न समस्या



■ **कनकमणि दीक्षित**
अध्यक्ष, साझा यातायात सहकारी लिमिटेड

**ललितपुर महानगरसँगको समन्वयमा नयाँ बस थप गरेका हौं, यसबाहेक अन्य नगरपालिकामा पनि उनीहरूसँगको सहकार्यमा बस सेवा थप गर्न सकिन्छ। नयाँ बस थप गरेपछि यात्रुहरूलाई पक्कै पनि सहज हुने विश्वास लिएका छौं।**

**नयाँ पत्रिका**

साझा यातायात सहकारी लिमिटेडले तीनवटा विद्युतीय बसबाट थप सेवा प्रवाह गरेको छ। ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनले ललितपुरको पाटनढोकादेखि काठमाडौंको जोरपाटीसम्म सञ्चालन हुने उक्त बसको सोमबार उद्घाटन गरेका हुन्।

साझा यातायातले यसअघि पनि उपत्यकाका विभिन्न रुटमा ठूला बसमार्फत सेवा प्रवाह गरिरहेको छ। हालै सञ्चालनमा ल्याएको विद्युतीय बस पाटनढोका-रत्नपार्क-ज्ञानेश्वर-जोरपाटी हुँदै दक्षिणढोकासम्म सञ्चालन हुने जनाइएको छ। यी बस फर्किंदा दक्षिणढोका-जोरपाटी-चाबहिल-गौशाला-रातोपुल-घन्टाघर-जमल-माइतीघर हुँदै पाटनढोकासम्म पुग्नेछन्। बसको स्टप स्टेसन पुल्चोकमा हुनेछ। साझाले यी नयाँ बसमार्फत सेवा दिन सुरु गरेसँगै यात्रुहरूले राहत महसुस गर्ने विश्वास गरेका छन्। सीमित बस र माइक्रोबस मात्रै सञ्चालन भइरहेको रत्नपार्क-ज्ञानेश्वर-जोरपाटी रुटमा यात्रुहरूले सास्ती व्यहोर्दै आएका छन्। यो रुटमा थप १५ वटा बस सञ्चालन गर्ने योजना रहेको साझाका अध्यक्ष कनकमणि दीक्षितले बताए। 'हामीले महानगरसँगको समन्वयमा नयाँ बस थप गरेका हौं, यसबाहेक अन्य नगरपालिकामा पनि उनीहरूसँगको सहकार्यमा बस सेवा थप गर्न सकिन्छ,' उनले भने, 'नयाँ बस थप गरेपछि यात्रुहरूलाई ओहोरदोहोरमा सहज हुन्छ भन्ने हाम्रो उद्देश्य हो।'



साझाको बिजुली बस उद्घाटन गर्दै ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन र साझा यातायातका अध्यक्ष कनकमणि दीक्षित।

### चार्जिङ स्टेसन स्थापनामा सरकारको बेवास्ता

उनका अनुसार साझाले सबै गरेर ४० वटा बिजुली बस खरिद गरिसकेको छ। तर, चार्जिङ स्टेसन अभावका कारण तीनवटा बस मात्रै सोमबारदेखि सञ्चालन गरिएको हो।

साझाले सोमबारदेखि सञ्चालनमा ल्याएका तीनवटा बिजुली बससहित ४० वटा बिजुली बस एकै चरणमा खरिद गरेको थियो। यी बसको मूल्य ६१ करोड ८३ लाख ४५ हजार सात सय ३२ रुपैयाँ हो। सबै बस एकै चरणमा सञ्चालनमा ल्याउने भनिए पनि चार्जिङ स्टेसन र रुट पर्मिटबारे सरकारले बेवास्ता गर्दा सबै बस एकै चरणमा सञ्चालन गर्न नसकिएको अध्यक्ष दीक्षितले जानकारी दिए। 'हामीले उपत्यकाका सार्वजनिक यातायातमा सुधार गर्न र सर्वसाधारणलाई सहजता प्रदान गर्न बस खरिद गरिसकेका छौं, तर तीन चार्ज गर्ने स्टेसन बनेका छैनन्,' उनले भने। यसअघि ०७६ असारमा तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले बिजुली बस खरिदका लागि तीन अर्ब रुपैयाँ दिने निर्णय गरेको अध्यक्ष दीक्षितले जानकारी दिए। उनका अनुसार बस चार्जिङका लागि रातभरि चार्जिङ स्टेसनमा राख्नुपर्ने हुन्छ। तर, चार्जिङ स्टेसन भने बनिसकेका छैनन्।

उपत्यकामा चार्जिङ स्टेसन राख्ने ठाउँ खोजीका लागि यसअघि सम्भाव्यता अध्ययन पनि गरिएको थियो। भक्तपुरको सल्लाघारी, ललितपुरको खुमलटार, पुल्चोक, काठमाडौंको गुर्जुधारालगायत ठाउँमा चार्जिङ स्टेसन बनाउन सकिने अध्ययनले देखाएको छ। तर, ती ठाउँहरूमा चार्जिङ स्टेसन राख्न दिनेबारे सरकार तयार नभएको साझाले जनाएको छ। चार्जिङ स्टेसन बनेपछि सबै बस सञ्चालनमा ल्याउने साझाले जनाएको छ।

# फुटपाथ अवरोध गर्ने संरचना महानगरले भत्कायो

**काठमाडौं**/ काठमाडौं महानगरले अनामनगरस्थित हनुमानथान क्षेत्रको फुटपाथमा अवरोध गरिरहेका संरचना भत्काएको छ। डोजरसहित पुगेको महानगर प्रहरी टोलीले उक्त भवन सोमबार भत्काएको हो।

सडक अवरोध गरेको र जोखिमपूर्ण अवस्थामा रहेको उक्त भवन भत्काइएको महानगरका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए। उनका अनुसार यसअघि माहनगरले १७ वटा प्रहरी बिट भत्काइसकेको छ। सडक र फुटपाथ अवरोध गरेर बनेका व्यक्ति र सार्वजनिक संरचना भत्काउने अभियानलाई महानगरले तीव्रता दिएको छ। 'अनामनगर क्षेत्रको उक्त भवनले सडक अवरोध गरेको थियो, त्यो भवन पुरानो र जोखिमपूर्ण अवस्थामा रहेपछि हामीले त्यसलाई भत्काएका हौं,' उनले भने, 'सो ठाउँमा सडक व्यवस्थित बनाउँछौं।'

गत साउन ०७९ यता महानगरभित्रका सार्वजनिक जग्गा, सडकपेटी र मुख्य सडकमा अवरोध गर्ने गरी अवैध रूपमा बनेका एक हजार पाँच सयभन्दा बढी संरचना महानगरले भत्काइसकेको छ। हाल महानगरले फुटपाथ पार्किङमा पनि कडाइ गरेको छ भने बिजुलीका तार व्यवस्थित गर्ने कार्य पनि भइरहेको छ।



अनामनगरस्थित हनुमानथानमा रहेको करौंते भवनमा डोजर लगाउँदै महानगरको टोली। तस्बिर : नयाँ पत्रिका

# जलवायु परिवर्तनलाई बेवास्ता नगर्न उपमेयर डंगोलको आग्रह

**काठमाडौं**/ काठमाडौं महानगरपालिकाकी उपमेयर सुनीता डंगोलले जलवायु परिवर्तनलाई बेवास्ता गरिए विकासका लागि गरिएका प्रयासहरूको सकारात्मक नतिजा नआउने बताएकी छिन्। सोमबार सुरु भएको जलवायु परिवर्तनसम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रममा उनले यस्ता परिवर्तनलाई बेवास्ता नगर्न आग्रह गरेकी हुन्। हाम्रै कामका कारण जलवायुमा असर परिरहेको छ। महामारी, रोगव्याधी, खडेरी, अतिवृष्टिजस्ता समस्या जलवायु परिवर्तनका असर हुन्,' उपप्रमुख डंगोलले भनिन्, 'पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनको बढ्दो प्रयोगबाट हुने कार्बन उत्सर्जनलाई कम गराउन अब विद्युतीय सवारीसाधनको प्रयोग गर्नुपर्छ। पेट्रोलियम ऊर्जाको सट्टा नवीकरणीय ऊर्जाको प्रयोग बढाउनुपर्छ।'

जलवायु परिवर्तन विश्वव्यापी समस्या हो। यसमा नेपालको योगदान नभए पनि असर भोगिरहेको छ। बाढी, पहिरो, खडेरी, अतिवृष्टि, अनावृष्टि, अति जाडो, अति गर्मी प्राकृतिक रूपमा बढिरहेका जोखिम हुन्। यी जोखिमले आर्थिक, सामाजिक, जैविक विविधता, पर्यटनलगायत क्षेत्रमा असर गरेको छ। यसबाट परेका असर तथा जोखिम कम गराउन, बदलिँदो मौसम अनुकूलन गराउने विषयलाई सम्बोधन गर्नुपर्ने भएकाले अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो। 'हामीले अहिले जमिनको प्राकृतिक अवस्थालाई जसरी प्रयोग गरेका छौं, भोलि हाम्रा सन्ततिले यही अवस्थामा प्रयोग गर्न पाउँछन् कि पाउँदैनन् ? यो संवेदनशील प्रश्न हो,' कार्यक्रममा महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले भने, 'अनुकूलन र न्यूनीकरणका लागि काम गर्नुपर्ने अहिलेको मुख्य जिम्मेवारी हो।' उनका अनुसार यही क्रम बढ्दै जाने हो भने अबको ५० वर्षपछि सामान्य जीवनयापनका लागि पनि पानीको अभाव हुने अवस्था आउने अध्ययनहरूले देखाएका छन्। यसबाट प्राणी जीवनमा पर्न सक्ने जोखिम आकलन गरेर त्यस्तो अवस्था आउन नदिन आजबाटै उपाय अवलम्बन गर्नुपर्छ।

## सोमबार उपत्यकामा

**टोखा** : युरोपेली मुलुक रोमानिया पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा बाग्लुङ नगरपालिका-७ घर भई काठमाडौं टोखा नगरपालिका-९, जाल्पाचोक बस्ने ३४ वर्षीय विशाल विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ। विकसमेतले रोमानियामा एक लाख रुपैयाँको काम लगाइदिने भन्दै आठजनाबाट १८ लाख ठगेको उजुरी परेको थियो। सो उजुरीका आधारमा पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले विकलाई लाजिम्पाटबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाइएको छ।

**गोकर्णेश्वर** : कम्बोडिया पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक पाँचपोखरी थाङपाल गाउँपालिका-१ घर भई काठमाडौं गोकर्णेश्वर नगरपालिका-३, माकलबारी बस्ने २९ वर्षीय सिद्धार्थ तामाङलाई प्रहरीले पक्राउ गरेको छ। तामाङसमेतले दुईजनालाई प्रलोभनमा पारी पीडितहरूबाट पटक-पटक गरी १६ लाख रुपैयाँ ठगी गरेकोमा पक्राउ गरिएको हो। वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनलाई गोकर्णेश्वर नगरपालिका शिवचोकबाट पक्राउ गरेको हो।

**लोकन्थली** : बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी रौतहट गजुरा नगरपालिका-२ घर भई भक्तपुर मध्यपुरठिमी नगरपालिका-१ बस्ने ३२ वर्षीय उत्तरमान गोलेलाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटन ललितपुरको १३ मंसिर ०७९ को फैसलाले बैंकिङ कसुर मुद्दामा चार लाख ६० हजार रुपैयाँ जरिवाना र दुई दिन कैद सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले भक्तपुर लोकन्थलीबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा उपस्थित गराइएको छ।

### मोटरसाइकल हरायो

मिति २०८०/०१/३० गते साँझ ८:०० बजेको समयमा स्वयम्भु १५ मन्जुश्री बजार एरियाबाट बा.प्र. ०२-०३० प ६९६६ नम्बरको सेतो रंगको **Pulsar 220 F ABS** मोटरसाईकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

**सबारी धनी : सुशील थापा**
च्यासिस नं.:MD2A13EX8MCE90732
इन्जिन नं. : DKXCME12384
रङ : **कालो**
सम्पर्क : **9841969602**


## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षकहरू अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिकीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिकी हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०।०२।०९ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | कर्जा शिर्षक | ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना | लिलाम हुने धितोको विवरण |
|---|---|---|---|
| १. | १. ओभरड्राफ्ट कर्जा<br>२. डिमाण्ड कर्जा | **ऋणीको नामः श्री लक्ष्मी हार्डवेयर**<br>(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय,वाणिज्य बिभाग,वाणिज्य कार्यालय बिराटनगर मा दर्ता रहेको)<br>दर्ता नं.: २२०५८/०६५<br>दर्ता मिति : २०६५/०५/०८<br>स्थायी लेखा नं.: ३०२४३२५१०<br>ठेगानाः मोरङ जिल्ला,उर्लाबारी गा.वि.स. वडा नं. ४ स्याथी ठेगाना भई हाल मोरङ जिल्ला,उर्लाबारी न.पा. वडा नं. ७ ।<br>**प्रोप्राईटरः**<br>**विनोद प्रसाद ओली**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ०५३१६४ (२०५३/११/०२/मोरङ)<br>बाजेको नामः शिवनिधि ओली<br>बाबुको नामः मेदिनी प्रसाद ओली<br>ठेगानाः मोरङ जिल्ला, सिजुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लावारी न.पा. वडा नं. ७ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**सुमित्रा घीमीरे**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१५८(२०५५/०५/०९/मोरङ)<br>बाबुको नामः रमेश शर्मा घीमीरे<br>ससुराको नामःमेदिनी प्रसाद ओली<br>पतिको नामः विनोद प्रसाद ओली<br>ठेगानाः मोरङ जिल्ला, बिराटनगर उ.म.न.पा वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लावारी न.पा. वडा नं. ७ । | १. शिवनिधि ओलीको नाति, मेदिनी प्रसाद ओलीको छोरा, मोरङ जिल्ला, सिजुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लावारी न.पा. वडा नं. ७ बस्ने **विनोद प्रसाद ओलीको** नाममा मालपोत कार्यालय मोरङ रंगेलीको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, सिजुवा गा.वि.स/न.पा. वडा नं. ८ थ स्थित कि.न. २६८, २७१, २७२, २७५ र २७७ को क्षेत्रफल क्रमश ०-४-६, ०-११-३, ०-१-०, ०-५-१०$^{1/2}$ र ०-०-१ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>२. शिवनिधि ओलीको नाति, मेदिनी प्रसाद ओलीको छोरा, मोरङ जिल्ला, सिजुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लावारी न.पा. वडा नं. ७ बस्ने **विनोद प्रसाद ओलीको** नाममा मालपोत कार्यालय मोरङ बेलबारीको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ५ भ स्थित कि.न. ३९१२ र ३९१४ को क्षेत्रफल क्रमश ०-०-६$^{3/4}$ र ०-०-०$^{3/4}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| २. | १. आवधिक कर्जा<br>२. ओभरड्राफ्ट कर्जा<br>३. डिमाण्ड कर्जा | **ऋणीको नामः श्री ग्यालेक्सी डेन्टल एण्ड सर्जिकल प्रा.ली.**<br>(नेपाल सरकार,उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको)<br>दर्ता नं.: १९८६९३/०७५/०७६<br>दर्ता मितिः २०७५/०५/२९<br>स्थायी लेखा नः६०६५९४९७८<br>ठेगानाः मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. ५।<br>**संचालक तथा व्यक्तिगत जमानतकर्ताः**<br>**अनिल चौधरी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>०५-०१-७०-१६५७३(२०७०/०४/१४/मोरङ)<br>बाजेको नामः अमरिका चौधरी<br>बाबुको नामः ऊँ प्रकाश चौधरी<br>ठेगानाः मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. १९ । | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको दर्ता नं.: १९८६९३/०७५/०७६ भएको मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. ५ स्थीत रजिष्टर्ड ठेगाना रहेको **ग्यालेक्सी डेन्टल एण्ड सर्जिकल प्रा.ली.** को नाममा मालपोत कार्यालय बिराटनगर, मोरङ को लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, बिराटनगर उ.म.न.पा. वडा नं. १९ स्थित कि.न. ७३ को क्षेत्रफल ३७९.६५ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ३. | व्यक्तिगत आवास कर्जा | **ऋणीको नामः विमला लामिछाने**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>२७१००१/३०१५ (२०६३।१२।२९/काठमाडौं)<br>बाबुको नामः पदम प्रसाद चौलागाई<br>ससुराको नामः देवदत्त लामिछाने<br>पतिको नामः अग्नि प्रसाद लामिछाने<br>ठेगानाः काठमाडौं जिल्ला, नाङ्लेभारे गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५, लामाटोल ।<br>**व्यक्तिगत जमानतकर्ताहरूः**<br>**१. अग्नी प्रसाद लामिछाने**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>७६१५/१३७/१४२२०/४२२७७/५१३४२ (२०४४।०६।०४/काठमाडौं)<br>बाजेको नामः जय नारायण लामिछाने<br>बाबुको नामः देवदत्त लामिछाने<br>ठेगानाः काठमाडौं जिल्ला, नाङ्लेभारे गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५, लामाटोल ।<br>**२. सारीका लामिछाने**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>२७-०१-७२-०५८६८ (२०७२।०४।२९/काठमाडौं)<br>बाजेको नामः देवदत्त लामिछाने<br>बाबुको नामः अग्नी प्रसाद लामिछाने<br>ठेगानाः काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५, लामाटोल ।<br>**३. सौगात लामिछाने**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>२७-०१-७१-०१६२२ (२०७१।०४।२७/काठमाडौं)<br>बाजेको नामः देवदत्त लामिछाने<br>बाबुको नामः अग्नी प्रसाद लामिछाने<br>ठेगानाः काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५, लामाटोल । | पदम प्रसाद चौलागाईको छोरी, देवदत्त लामिछानेको बुहारी, अग्नि प्रसाद लामिछानेको पत्नी, काठमाडौं जिल्ला, नाङ्लेभारे गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५, लामाटोल बस्ने **विमला लामिछानेको** नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा. वडा नं. ३ स्थीत कि.नं. ८९१ र १०३० को क्षेत्रफल क्रमशः ५७४.३२ र ५२८.६१ वर्ग.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । |
| ४. | सम्पति धितो कर्जा र सवारी साधन कर्जा | **ऋणिको नामः रामजी पौडेल**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३२९३५ (२०५३।०२।३०/स्याङ्जा)<br>बाजेको नामः इन्द्रलाल पौडेल<br>बाबुको नामः आत्माराम पौडेल<br>ठेगानाः स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा., वडा नं. १०, भकुण्डे ।<br>**व्यक्तिगत जमानतकर्ताहरूः**<br>**१. आत्माराम पौडेल**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४७७८ (२०३८।१२।०५/स्याङ्जा)<br>बाजेको नामः कमलापती पौडेल<br>बाबुको नामः इन्द्रलाल पौडेल<br>ठेगानाः स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स., वडा नं. ४ ।<br>**२. इन्दु कोइराला**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १६८० (२०५७।११।११/स्याङ्जा)<br>बाजेको नामः चकपानी कोइराला<br>बाबुको नामः गिरधारी कोइराला<br>ठेगानाः स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ८ ।<br>**३. मोहन भण्डारी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>४१३०२६/११९ (२०६३।१०।०७/गुल्मी)<br>बाजेको नामः पर्शुराम भण्डारी<br>बाबुको नामः मित्रलाल भण्डारी<br>ठेगानाः गुल्मी जिल्ला, ग्वादी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भइ हाल स्याङ्जा जिल्ला, वालिङ न.पा., वडा नं. १ । | धनी एनएमबि बैंक लि. (सावीक ओम डेमलपमेन्ट बैंक लि.)/ऋणी **रामजी पौडेलको** नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः<br>(ख) कम्पनिः TATA MOTORS, BHARAT LTD<br>किसिमः- LP712EX/38, भाडा बस<br>सवारी दर्ता नं.:- ना ५ ख ११११<br>बनेको सालः- २०१३<br>च्यासिस नं:- MAT453514D8F18500<br>इन्जिन नं:- 497TC92FWY831015 |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मितिः २०८०/०२/०२**

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (सावीक सिर्जना फाइनान्स लि.) को शाखा कार्यालय इनरुवा, सुनसरीबाट सिटिजन्स् फास्ट ट्रयाक-अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको "धितोमा रहेको चल /अचल सम्पत्ति लिलाम बिक्रीको सूचना" प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक-अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**
नाम : दिनेश यादव
बाबु : शिवाई यादव
बाजे : दाना लाल यादव
ठेगाना : नरसिंह गा.वि.स वडा नं.५, सुनसरी
हाल : भोकाहा नरसिंह गा.पा वडा ७, सुनसरी
ना.प्र.नं. : ०६३०४९/१०४५
जारी मिति : २०६३/११/२६
जि.प्र.का. : सुनसरी

**२. नाम : लालो देवी यादव**
बाबु : विक यादव
ससुरा : शिवाई यादव
पति : दिनेश यादव
ठेगाना : नरसिंह गा.वि.स वडा नं.५, सुनसरी
हाल : भोकाहा नरसिंह गा.पा वडा ७, सुनसरी
ना.प्र.नं. : ०६३०४९/११८९
जारी मिति : २०६३/११/२७
जि.प्र.का. : सुनसरी

**तपसिल**

**जमानीकर्ताहरुको नाम र ठेगाना**
**१. नाम : शिवाई यादव**
बाबु : दाना लाल यादव
बाजे : रवि यादव
ठेगाना : नरसिंह गा.वि.स वडा नं.५, सुनसरी
हाल : भोकाहा नरसिंह गा.पा वडा ७, सुनसरी
ना.प्र.नं. : २२५२/७८४त्र
जारी मिति : २०४५/०२/०३
जि.प्र.का. : सुनसरी

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नामः- शिवाई यादव**

| | | |
|---|---|---|
| जिल्ला | सुनसरी | सुनसरी |
| न.पा./गा.वि.स. | नरसिंह | नरसिंह |
| वडा नं/सिट नं | ४ | ६क |
| कि.नं. | १०८ | ३२१ |
| क्षेत्रफल (वि.क.धु) | ०-५-३ | ०-१५-१.५ |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । | |

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७००४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

NABIL BANK®

PRESENTS

# THE NATIONAL BANKING DISCOURSE-2023

Moving through these unprecedented times

IN ASSOCIATION WITH

माछापुच्छे बैंक

## Chief Guest



**DR. PRAKASH SHARAN MAHAT**
Honourable
Finance Minister

2nd JESTHA 2080 | 16th MAY

VENUE : THE SOALTEE KATHMANDU

POWERED BY : IME | fonepay

## Special Guest



**MR. MAHA PRASAD ADHIKARI**
Governor of
Nepal Rastra Bank

## Session I — TOPIC 1

**Expected Budgetary role in these unprecedented times.**

MODERATOR



**PROF. DR. GOVINDA RAJ POKHAREL**
PROFESSOR/ECONOMIST

SPEAKERS



**MR. SURENDRA PANDEY**
FORMER FINANCE MINISTER



**MR. CHIRANJIBI NEPAL**
FORMER GOVERNOR, NEPAL RASTRA BANK



**MR. CHANDRA PRASAD DHAKAL**
PRESIDENT, FNCCI



**DR. RAMESH CHANDRA PAUDEL**
MEMBER, NATIONAL PLANNING COMMISSION

## Session II — TOPIC 2

**Financial Literacy for sustainable & inclusive growth: Missing Chapter**

MODERATOR



**MS. SHREE PANDEY**
MEDIA PERSONALITY

SPEAKERS



**DR. NEELAM DHUNGANA TIMSINA**
SENIOR DEPUTY GOVERNOR, NRB



**UPENDRA PRASAD POUDYAL**
CHAIRMAN, NABIL BANK



**MR. PAWAN REGMI**
DEPUTY EXECUTIVE OFFICER, RBB



**MR. MADAN LAMSAL**
EDITOR-IN-CHIEF, NEW BUSINESS AGE

## Session III — TOPIC 3

**Remittance, a lifeline of economy & its future prospect**

MODERATOR



**MR. SUMAN POKHAREL**
SENIOR VICE PRESIDENT, IME GROUP

SPEAKERS



**MR. BAM BAHADUR MISHRA**
DEPUTY GOVERNOR, NRB



**MR. UMAKANT ACHARYA**
DG, DEPARTMENT OF FOREIGN EMPLOYMENT



**MR. CHANDRA TANDAN**
CHAIRMAN, REMITTERS ASSOCIATION



**MR. MANOJ GYAWALI**
DCEO, NABIL BANK

## Session IV — TOPIC 4

**Digitalization of the financial services ecosystem: Barriers & Opportunities**

MODERATOR



**MR. DILBHUSAN PATHAK**
MEDIA PERSONALITY

SPEAKERS



**MR. GURU PRASAD POUDEL**
EXECUTIVE DIRECTOR, NRB, PAYMENT SYSTEMS DEPARTMENT



**MR. BISHWAMBHAR NEUPANE**
DCEO, MACHHAPUCHCHHRE BANK



**MR. VIVEK SJB RANA**
DIRECTOR, NEPAL BANK



**MR. DIWAS SAPKOTA**
CEO, FONEPAY

## SUPPORTED BY

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. | NMB BANK एनएमबि बैंक | Reliable Life INSURANCE LTD. | महालक्ष्मी विकास बैंक लि. Mahalaxmi Bikas Bank Ltd. | NEPAL CLEARING HOUSE | "Access to All" गरिमा विकास बैंक लिमिटेड Garima Bikas Bank Limited | MyPay

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) GOODWILL FINANCE LIMITED | Agricultural Development Bank Ltd. कृषि विकास बैंक लिमिटेड | NIC ASIA CAPITAL | सांग्रिला डेभलपमेन्ट बैंक लि. | मुक्तिनाथ विकास बैंक MUKTINATH BIKAS BANK | नारायणी डेभलपमेन्ट बैंक लि. Narayani Development Bank Ltd.

नेपाल फाईनान्स लिमिटेड Nepal Finance Limited | SHINE RESUNGA DEVELOPMENT BANK LTD. | bidhee | SKILL BEST be skilled be independent | ATT REMIT | Samriddhi Finance समृद्धि फाइनान्स कम्पनी लिमिटेड Samriddhi Finance Company Limited | ICFC

ORGANIZED BY: बैंकिङ्ग समाचार bankingsamachar.com

EVENT MANAGED BY: IMPRESSIONS SIMPLY SIGNIFICANT

DRIVEN BY: NEXON EV MAX

PRINT MEDIA PARTNER: नयाँ पत्रिका

BEVERAGE PARTNER: JOHNNIE WALKER

INTERNET PARTNER: DishHome FIBERNET

BROADCAST PARTNER

# फ्रान्स लैजाने प्रलोभनमा १५ जनाबाट साढे दुई करोड उठाएका ठकुरी फरार

## पीडितहरूलाई पहिलोपटक १२ फागुन ०७८ तथा दोस्रोपटक १३ जेठ ०७९ मा फ्रान्स पठाउने भनेर विमानस्थल लगियो, तर भिसालगायत विवरण नक्कली देखिएपछि फिर्ता गराइयो

नयाँ पत्रिका

रोजगारीका लागि फ्रान्स लैजाने प्रलोभनमा १५ जनाबाट साढे दुई करोड उठाएका एक युवक फरार भएका छन् । कैलालीको घोडाघडी घर भएका कपिल शाही ठकुरीले नक्कली भिसालगायत कागजपत्र देखाएर ठगी गरेका हुन् ।

ठकुरी दुई महिनादेखि बेपत्ता भएपछि ऋण खोजेर पैसा बुझाएका पीडित बिचल्लीमा परेका छन् । उनीहरूले प्रहरी र वैदेशिक रोजगार विभाग धाएर कारबाहीको माग गरेका छन् ।

पीडितका अनुसार पानीजहाजमा काम लगाइदिने भन्दै शाहीले ठगी गरेका हुन् । फेसबुकमार्फत विज्ञापन गरी उनले पैसा उठाएका थिए । पीडितमध्ये एक कञ्चनपुरका राजेन्द्रप्रसाद चन्दका अनुसार करिब दुई वर्षअघि उनले फेसबुकमा लिथोनिया पठाइदिने भन्दै विज्ञापन गरेका थिए । 'सुरुमा लिथोनिया पठाउने प्रलोभन दिए, पछि फ्रान्समा पठाइदिने भनेर पैसा लिए,' चन्दले भने, 'दुईपटकसम्म विमानस्थल पुगेर फर्किर्यौं ।'

कागजपत्र नै नक्कली भएको खुलेपछि विमानस्थलबाटै उनीहरूलाई फिर्ता पठाइएको थियो । चन्दले मात्र ठकुरीलाई ११ लाख रुपैयाँ बुझाएका छन् । बैंक खातामै आफूले पैसा हालिदिएको उनले बताए । विदेश पठाउन ढिला भएपछि उनको बुबा देवराज शाहीलाई पनि खबर गरेको उनका बुबाले छोराले भनेअनुसार काम नगरेपछि त्यसको जिम्मेवारी आफूले लिने बताएको उनको भनाइ छ । तर, अहिले देवराज पनि पन्छिएका छन् ।

ऋण खोजेर बुझाएको पैसा डुब्दा आफूहरू बिचल्लीमा परेको चन्द बताउँछन् । राजेन्द्र र



कपिल शाही ठकुरी

कपिलबीच सेनाको भर्नासम्बन्धी तयारी कक्षामा चिनजान भएको थियो । नेपाली सेनामा असफल भए पनि फ्रान्स पठाइदिने र त्यहाँ गएर आर्मीमा भिड्न सकिने प्रलोभन उनीहरूलाई दिइएको थियो ।

त्यस्तै, बागुडका तारा घर्तीमगरको १३ लाख रुपैयाँ ठगी भएको छ । उनी फेसबुककै विज्ञापनबाट उनको सम्पर्कमा पुगेका थिए । 'भिसा नै नक्कली बनाएर ठगी गरेको रहेछ,' उनी भन्छन्, 'अनुसन्धान गर्नका लागि वैदेशिक रोजगार विभागलाई आग्रह गरेको छु ।' ठकुरीले अन्य व्यक्तिलाई पनि आफूहरूलाई जस्तै ठग्न खोजेको र आफूले संकेत पाएपछि उनीहरूलाई सतर्क गराएको मगर बताउँछन् ।

**सुरुमा लिथोनिया पठाउने प्रलोभन दिए, पछि फ्रान्समा पठाइदिने भनेर पैसा लिए । दुईपटकसम्म विमानस्थल पुगेर फर्किर्यौं ।**



● राजेन्द्रप्रसाद चन्द, पीडित

त्यस्तै, प्रवीण थापा, प्रवीण बिसी, मदन ढुंगाना, रिजन लामा, रमेश शाही ठकुरी, राजेश चौधरी, मेहन्त चन्द, कवीन्द्र अधिकारीलगायत ठगिएका हुन् ।

पीडितहरूलाई पहिलोपटक १२ फागुन ०७८ तथा दोस्रोपटक १३ जेठ ०७९ मा फ्रान्स पठाउने भनेर विमानस्थल लगिएको थियो । तर, भिसालगायत विवरण नक्कली भएको भन्दै उनीहरूलाई फिर्ता गरिएको थियो । त्यसपछि पनि आफूलाई अन्तिमपटक अवसर दिन भन्दै उनले पीडितहरूलाई फकाएका थिए । तर, पछिल्लो दुई महिनायता सम्पर्कविहीन भएका हुन् । उनका बुबाले पनि छोराको जिम्मा लिन नसक्ने बताएको पीडितको दुखेसो छ ।

फ्रान्सको एलजी पानीजहाज मेनेजमेन्ट कम्पनीको नाममा नक्कली पत्र बनाएका थिए । साथै, पानीजहाजमा काम गर्दाको नक्कली परिचयपत्र पनि देखाइएको थियो । सुरुमा टर्की लैजाने र त्यहाँबाट पानीजहाजमै फ्रान्स जाने बताइएको थियो । दोस्रोपटक भने अनडोरा देशको नक्कली भिसामा पठाउने प्रयास भएको पीडित मगरले बताए । ठकुरीले एयरपोर्ट विमानस्थलमा कार्यरत एक अध्यागमनका कर्मचारीलाई समेत भेटाएर आफ्नो भिनाजु भन्दै चिनाएर विमानस्थलमा सेटिङ मिलाइसकेको बताएका थिए ।

## आसामका कोठीमा नेपाली युवतीको तस्करी



अभियुक्त एलिना खत्री

नेपाली युवतीहरूलाई भारतको आसाम राज्यमा सञ्चालित कोठीमा लगेर बिक्री हुने गरेको खुलेको छ । आसामको कछर जिल्लाको सिल्चर भन्ने ठाउँमा लगेर नेपाली युवतीलाई बिक्री गर्ने एक अभियुक्तलाई प्रहरीले आइतबार पक्राउ गरेको छ ।

म्याग्दीको रघुगंगा गाउँपालिकाकी ३० वर्षीया एलिना खत्रीलाई मानव बेचबिखन अनुसन्धान ब्युरोले पक्राउ गरेको हो । ब्युरोका एसपी कृष्ण पंगेनीका अनुसार एक पीडितलाई गत वर्ष २४ कात्तिकमा नुवाकोटबाट काठमाडौं लैजाने भन्दै आसाम लगिएको थियो । खानेकुरामा बेहोस हुने औषधि मिसाएर बेहोस बनाई आसाम पुऱ्याइएको पीडितले बताएकी छिन् । माइती नेपाल र भारतीय प्रहरीको सहयोगमा पीडित किशोरीको हालै उद्धार भएको थियो । नेपाल आएपछि पीडितले प्रहरीमा उजुरी दिएकी हुन् ।

मानव तस्करी प्रकरणमा भारतीय नागरिकसहित ६ जनाको संलग्नता देखिएको प्रहरीले जनाएको छ । उनीहरूले धेरै नेपाली युवतीलाई त्यहाँ पुऱ्याएको प्रहरी अनुसन्धानमा खुलेको छ । पक्राउ परेकी एलिनामाथि यसअघि पनि मानव बेचबिखन मुद्दा दायर भइसकेको छ । गत पुसमा उनी झापामा पक्राउ परेकोमा अदालतको आदेशले एक लाख ५० हजार रुपैयाँ धरौटीमा छुटेकी थिइन् । उनका श्रीमान् भारतीय नागरिक अजित साह पनि मानव बेचबिखन मुद्दामै झापाको कारागारमा छन् ।

■ पर्वत सहकारी ठगी

## अभियुक्तविरुद्ध पक्राउ पुर्जी जारी गर्न अदालतको आनाकानी

नयाँ पत्रिका

सहकारीको रकम दुरुपयोग गर्ने अभियुक्तविरुद्ध प्रहरीले मागेको पक्राउ अनुमतिलाई स्वीकृति दिन जिल्ला अदालत पर्वतले आनाकानी गरेको छ । कुश्मास्थित शिवालय बहुउद्देश्यीय सहकारीको दुई करोड रुपैयाँभन्दा धेरै रकम दुरुपयोग भएको भन्दै सहकारीका अध्यक्ष विदुर पौडेल, कोषाध्यक्ष नरेन्द्रबहादुर खत्री, लेखा संयोजक विनोद कर्माचार्य र व्यवस्थापक दिलकुमारी सुवेदीविरुद्ध पक्राउ अनुमति माग्न प्रहरी गत बिहीबार जिल्ला अदालत पुगेको थियो । तर, अदालतले प्रक्रिया नपुगेको भन्दै अनुसन्धान प्रतिवेदन जिप्रका पर्वतमै फिर्ता गरिदिएको छ । यसअघि जिल्लाका प्रमुख न्यायाधीश नभएको भन्दै अदालतले पक्राउ पुर्जी दिन मानेको थिएन ।

पीडितको पक्षबाट वकालत गरिरहेका रामचन्द्र शर्माले अदालतले नियतवश अभियुक्तविरुद्ध पक्राउ पुर्जी जारी नगरेको आरोप लगाए । 'प्रहरीले अदालतमा अभियुक्त पक्राउ गर्न बिहीबार नै पक्राउ पुर्जीको माग गरेको थियो । तर, त्यसबेला न्यायाधीश नभएको भन्दै पुर्जी जारी गरेन । अहिले अनुसन्धान प्रतिवेदन नै प्रहरी कार्यालयमा फिर्ता पठाएको छ । यो सरासर गलत हो । अदालतको गलत नियत देखिन्छ,' उनले भने ।

जाहेरीकर्ता मीनाकुमारी सोही सहकारीको सचिव प्रेमप्रसाद शर्माकी श्रीमती हुन् । सहकारीको रकम दुरुपयोग भएको भन्दै प्रेमप्रसादले गत २९ पुसमा आत्महत्या गरेका थिए । मृतक प्रेमप्रसादकी श्रीमती मीनाकुमारीले सहकारी ऐन २०७४ को १२२ अनुसार प्रहरीमा जाहेरी दिएकी थिइन् । जाहेरीमा जमानत वा सुरक्षण नराखी ऋण प्रवाह भएको, सहकारीको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा सेयर रकम हिनामिना गरेको, ऋण असुल हुन नसक्ने गरी समितिका सदस्य, निजको नातेदारलाई ऋण प्रवाह गरेको, संस्थाको सेयर वा बचत रकम आफूखुसी परिचालन गरी सहकारी संस्थालाई हानि-नोक्सानी पुऱ्याएमा विषय उल्लेख छ ।

आत्महत्यापछि प्रेमप्रसादकी श्रीमती मीनाकुमारीले सहकारीका अध्यक्ष विदुर, कोषाध्यक्ष नरेन्द्र, व्यवस्थापक दिलकुमारीविरुद्ध आत्महत्या दुरुत्साहनविरुद्धको जाहेरी प्रहरी कार्यालयमा दर्ता गरेकी थिइन् । जाहेरीपछि प्रहरीले विदुर, नरेन्द्र र दिलकुमारीलाई पक्राउ पनि गरेका थियो । १७ दिनको हिरासतपछि जिल्ला अदालत पर्वतको आदेशमा उनीहरूलाई प्रहरीले धरौटीमा छाडेको थियो ।

जिल्ला अदालत पर्वतका श्रेस्तेदार राजु ढुंगानाले पक्राउ पुर्जी जारी गर्न कागजात नपुगेपछि प्रतिवेदन जिप्रकामै फिर्ता पठाइएको जानकारी दिए । 'ठगी मुद्दामा पक्राउ पुर्जी जारी गर्न प्रहरीले माग गरेको थियो । हामीले प्रतिवेदन हेर्यौं । तर, पक्राउ पुर्जी जारी गर्न कागजात पुगेको देखिएन । त्यसैले आवश्यक कागजातसहित पक्राउ पुर्जी लिन आउन भन्दै हामीले जिप्रकालाई लेखी पठाएका छौं,' उनले भने ।

## अब अनलाइनबाटै एनओसी सेवा

**काठमाडौं**/ उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीहरूलाई आवश्यक पर्ने 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) अनलाइन प्रणालीबाट प्राप्त गर्न सकिने भएको छ । सानोठिमीस्थित वैदेशिक अध्ययन अनुमति शाखाले सुरु गरेको अनलाइन प्रणाली सेवाको सोमबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले उद्घाटन गरे ।

सरकारी सेवा प्रदायक संस्थामध्ये सेवाग्राहीको भिडभाड हुने संस्थामा एनओसी पनि पर्छ । विद्यार्थी कार्यालयमै उपस्थित हुँदा झन्झट भएको, भिडभाड बढेको र टाढाटाढाबाट आउनेलाई असहज भएकाले अनलाइनबाटै सेवा प्रदान गर्न थालिएको एनओसी शाखा प्रमुख वासुदेव वस्तीले बताए । उनका अनुसार ०७७ भदौदेखि सेमी अनलाइन रूपमा प्रदान भइरहेको वैदेशिक अध्ययन अनुमति शाखाको सेवा प्रवाहलाई अझ सरल, सहज, प्रभावकारी र प्रविधिमैत्री बनाउनका लागि वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९ जारी गरिएको थियो । निर्देशिकाको दफा ७ को उपदफा (३) र (४) मा सेवाग्राहीलाई विद्युतीय प्रणालीको प्रयोग गरेर आफ्नो वैदेशिक अध्ययन स्वीकृति पत्र डाउनलोड गर्न सकिनेछ । त्यसका लागि भौतिक रूपमा उपस्थित हुनुपर्नेछैन ।

शिक्षामन्त्री राईले अनलाइन प्रणालीबाट सेवा सुचारु भएपछि सेवाग्राहीलाई सहज हुने बताए । 'यसअघि एनओसी सेवा लिँदा निकै झन्झट हुँदै आइरहेको थियो, अनलाइन सेवाले सेवाग्राहीलाई थप सहजता बनाउनेछ,' उनले भने, 'अब हामी अन्य सेवाप्रवाहलाई पनि सहज बनाउँछौं, एनओसीको भवन पनि व्यवस्थित बनाउँछौं ।'

■ संयुक्त समिति नियमावली संशोधन गर्न मस्यौदा समिति गठन

**काठमाडौं**/ प्रतिनिधिसभाले संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली २०७५ संशोधन गर्न मस्यौदा समिति गठन गरेको छ । संयुक्त समिति गठनका लागि सोमबार सात दिनको कार्याविधिसहित नियमावली संशोधन मस्यौदा समिति गठन गरिएको हो ।

मस्यौदा समितिमा रहने सदस्यको नाम माओवादीका सांसद देवेन्द्र पौडेलले प्रस्ताव गरेका थिए । काँग्रेस सांसद ईश्वरीदेवी न्यौपाने र एमाले सांसद योगेश भट्टराईले समर्थन गरेका थिए । समितिमा अनिता देवी, जीवन परियार, ध्रुवबहादुर प्रधान, नागिना यादव, पूर्णबहादुर घर्ती, महेश बर्तौला, मेटमणि चौधरी, रञ्जुकुमारी झा, रमेश लेखक, रामहरि खतिवडा, लीलानाथ श्रेष्ठ, विद्या भट्टराई, सरिता प्रसाईं, सुवासचन्द्र नेम्वाङ, सोबिता गौतम र हितराज पाण्डे सदस्य छन् । समितिले एक साताभित्र मस्यौदा प्रतिवेदन प्रतिनिधिसभामा पेस गर्नुपर्नेछ । नियमावली संशोधन नहुँदा संयुक्त समितिको गठन हुन सकेको छैन । प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त रूपमा संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति छन् । प्रतिनिधिसभाले आफ्नो नियमावली संशोधन गरेर १० वटा विषयगत समिति गठन गरिसकेको छ ।

## मंकिपक्सको 'विश्वव्यापी स्वास्थ्य आपत्काल' अन्त्यको घोषणा

**काठमाडौं**/ विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले मंकिपक्सको 'विश्वव्यापी स्वास्थ्य आपत्काल' अन्त्यको घोषणा गरेको छ । कोभिड महामारीकै समयमा विश्वव्यापी रूपमा फैलिएको मंकिपक्सको जोखिम घटेसँगै स्वास्थ्य आपत्काल सकिएको घोषणा गरिएको हो । एक सय ११ देशमा तीव्र रूपमा फैलिएको एक वर्षपछि डब्लुएचओले महामारीको जोखिम घटेको जनाएको हो । संक्रमण हुन सक्ने भए पनि संक्रमणदर न्यून रहेको डब्लुएचओको भनाइ छ । डब्लुएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयससले संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कबाट फैलिन सक्ने भएकाले संक्रमणबाट जोगिन सतर्कता अपनाउनुपर्ने अझै आवश्यक रहेको बताएका छन् ।

विश्वका अधिकांश देशमा मंकिपक्स संक्रमण बढेसँगै पछिल्लो एक वर्षमा ८७ हजारभन्दा बढी मानिस प्रभावित भएका थिए । डब्लुएचओको तथ्यांकअनुसार विश्वव्यापी प्रकोपका रूपमा फैलिएको मंकिपक्स संक्रमणबाट १४० जनाको मृत्यु भएको थियो । गत नोभेम्बरदेखि फेब्रुअरीको अवधिमा झन्डै ९० प्रतिशत कम केस रेकर्ड गरिएको थियो । केही महिनायता संक्रमणकदर निकै घटेकाले उच्चस्तरको सतर्कता अब आवश्यक नभएको भन्दै आपत्काल सकिएको डब्लुएचओले जनाएको छ । अन्तर्राष्ट्रिय सरोकारको सार्वजनिक स्वास्थ्य आपत्कालीन घोषणाले संक्रमणजन्य रोगले फैलाउने महामारी व्यवस्थापन गर्न देशहरूबीच समन्वय गरेको बताउँदै स्वास्थ्य आपत्कालीन समय सकिएको बताइएको हो । तर, संक्रमणविरुद्धको खोप भने नियमित प्रयोग गर्न र मंकिपक्सको उच्च जोखिममा रहेका व्यक्तिहरूले सतर्कता अपनाउन आवश्यक रहेको जनस्वास्थ्यविद्ले जनाएका छन् ।

मंकिपक्स अत्यधिक फैलिन थालेपछि विज्ञहरूले यसलाई एमपक्स नाम दिएका थिए । संक्रमणपछि सामान्यतया ज्वरो आउने, टाउको दुख्ने, सुन्निने, ढाड दुख्ने, मांसपेशी दुख्नेजस्ता लक्षण देखिए पनि पछिल्लो समय संक्रमणबाट मृत्युका घटना बढेका थिए ।


### कुमारी बैंक लिमिटेड, शाखा कार्यालय नारायणपुर, दाङ्गको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणपुर, दाङ्गबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

**ऋणीको विवरण:**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय दाङ्गमा मिति २०७६/०४/२६ मा दर्ता नं. ५५६१/४२ (०७०/०७१) कायम भई दर्ता रहेको दाङ्ग जिल्ला, घोराही उ.म.न.पा., वडा नं.१० स्थित रजिष्टर्ड कार्यालय रहेको **रेखा बुट्टा तथा ग्रिल सप्लार्यस**का प्रोप्राईटर कोमा निधि आचार्यको नाति, विनय भुसण आचार्य/इश्वरा देवि आचार्यको छोरा, लक्ष्मी आचार्यको पति, रोल्पा जिल्ला, लिवाङ गा.वि.स, वडा नं.०६ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, घोराही उ.म.न.पा., वडा नं.१०, नारायणपुर बस्ने **पशुपति आचार्य** (ना.प्र.नं. ४६७४, जारी मिति २०५०/०८/३०, जिल्ला प्रशासन कार्यालय रोल्पा) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. विनय भुसण आचार्यको बुहारी, पशुपति आचार्यको पत्नी, दाङ्ग जिल्ला, घोराही उ.म.न.पा., वडा नं.१०, नारायणपुर (साबिक दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स, वडा नं.०१) बस्ने **लक्ष्मी आचार्य** (ना.प्र.नं.५२-०१-७०-०२८६५, जारी मिति २०७०/०६/०७, जिल्ला प्रशासन कार्यालय दाङ्ग) ।
२. कोमा निधि आचार्यको बुहारी, विनय भुसण आचार्यको पत्नी, रोल्पा जिल्ला, गैरीगाउ गा.वि.स., वडा नं.०४ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, घोराही उ.म.न.पा., वडा नं.१०, नारायणपुर बस्ने **इश्वरा देवि आचार्य** (ना.प्र.नं. २९३१, जारी मिति २०४४/११/२६, जिल्ला प्रशासन कार्यालय रोल्पा) ।

**धितो सुरक्षणको विवरण:**

१. **इश्वरा देवि आचार्य**को नाममा मालपोत कार्यालय घोराहि, दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स., वडा नं.९/ख स्थित कित्ता नं. २६५३ को क्षेत्रफल १९७.५(व.मि.)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **इश्वरा देवि आचार्य**को नाममा मालपोत कार्यालय घोराहि, दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स., वडा नं.५/क स्थित कित्ता नं. २७०१ को क्षेत्रफल ८८(व.मि.)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **पशुपति आचार्य**को नाममा मालपोत कार्यालय घोराहि, दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स., वडा नं.९/ख स्थित कित्ता नं. १९७० को क्षेत्रफल १८५(व.मि.)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय नारायणपुर, दाङ्ग फोन नं. ०८२-५३०२५९



### ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०२/०२ गते

यस माछापुच्छे बैंक लि. मिर्चैया शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अधि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटर तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिएको छ ।

तपसिल

| ऋणीको नाम, ठेगाना | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|
| १. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रेशन कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता कायम भएको **अवतार कन्स्ट्रक्सन एण्ड मल्टीपर्पोज प्रा.लि.** । दर्ता नं./प्रा.फ.र.नं. २२३३७६/०७६/०७७ दर्ता मिति : २०७६/०५/१८ पान नं. ६०९६१७३९३, दर्ता मिति : २०७६/०९/११ ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ **शेयरधनी, सञ्चालक : राम नारायण साह, अनिता साह, वजरंगी साह** | १. धनी माछापुच्छे बैंक लि. को नाममा दर्ता कायम रहेका निम्न बमोजिमको सवारी साधनहरु :<br>सवारी मोडल : Eicher Terra25 9s (Tripper)<br>दर्ता नं. PRA 2-03-001-KHA 0185<br>इन्जिन नं. : 91L84518205, च्यासिस नं. MC2L4GRCOKL008574<br><br>सवारी मोडल : Eicher Terra25 9s (Tripper)<br>दर्ता नं. PRA 2-03-001-KHA 0182<br>इन्जिन नं. 91K84517814, च्यासिस नं. MC2L4GRCOKL008545<br><br>सवारी मोडल : Eicher Terra25 9s (Tripper)<br>दर्ता नं. PRA 2-03-001-KHA 0184<br>इन्जिन नं. 91L84518187, च्यासिस नं. MC2L4GRCOKL008573<br><br>सवारी मोडल : Eicher Terra25 9s (Tripper)<br>दर्ता नं. PRA 2-03-001-KHA 0186<br>इन्जिन नं. 91L84518186, च्यासिस नं. MC2L4GRCOKL008566<br><br>सवारी मोडल : Eicher Terra25 9s (Tripper)<br>दर्ता नं. PRA 2-03-001-KHA 0183<br>इन्जिन नं. 91K84517825, च्यासिस नं. MC2L4GRCOKK008519<br><br>सवारी मोडल : Eicher Terra25 9s (Tripper)<br>दर्ता नं. PRA 2-03-001-KHA 0181<br>इन्जिन नं. 91J84517509, च्यासिस नं. MC2L4GRCOKK008484<br><br>२. ऋणीले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्तिहरु र हक हस्तान्तरण सम्बन्धी सम्झौतापत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु । |
| **व्यक्तिगत जमानतकर्ताहरु** | |
| **१. राम नारायण साह**<br>ना.प्र.नं. १०५८, जि.प्र.का. सिरहा, जारी मिति : २०५२/११/०४<br>बाबु : शिवलाल साह तेली, बाजे : बिल्ट साह<br>ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ | **२. अनिता साह**<br>ना.प्र.नं. १०९०/८५०१, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६७/०९/२२<br>पति : देव कृष्ण साह, ससुरा : मिसरी साह<br>ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ४<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ४ |
| **३. अनिता साह**<br>ना.प्र.नं. १०९०/८५०१, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६७/०९/२२<br>पति : देव कृष्ण साह, ससुरा : मिसरी साह<br>ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ४<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ४ | **४. वजरंगी साह**<br>ना.प्र.नं. ३२१०५०१३-२४२, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६२/०४/१७<br>बाबु : रामेश्वर साहु सुडी, बाजे : राम प्रसाद साह<br>ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. २<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. २ |

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, मिर्चैया



### हकदावीको सूचना

सर्लाही जिल्ला धनगढा गा.वि.स.वडा नं. ८ (हाल सर्लाही जिल्ला बसबरिया गाउँपालिका वडा नं ४, प्रदेश नं २) बस्ने प्रताप धोविको बुहारी, मुनेश्वरको श्रीमती, शान्ति देवी धोवीको मिति २०७८/०१/२८ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैकमा रहेको बचत खाता नं. ०४४०५०५०३४०३३५ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमान मुनेश्वरले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय,
बरहथवा, सर्लाही
फोन नं:- ०४६-५४०२९५
५४०२९६
फ्याक्स :- ०४६-५४०२९९



### हकदावीको सूचना

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स वडा नं ६ स्थायी घर भइ लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका वडा नं. ६ बस्ने भिम बहादुर बुढाथोकीको बुहारी, टेक बहादुर बुढाथोकीको श्रीमती हरिमाया बुढाथोकीको मिति २०७९।१०।२० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैकमा रहेको खाता नं. ११८०५३९०२५०४४३ मा भएको सम्पूर्ण रकम निज श्रीमती हरिमाया बुढाथोकी को सबैभन्दा नजिकको हकवालाको हैसियतले आफुलाई उपलब्ध गराई पाँउ भनी निजको छोरा श्री राजु बुढाथोकीले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक श्री राजु बुढाथोकी बाहेक अन्य कसैको हक दावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनुहुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदक श्री राजु बुढाथोकी को दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय पुल्चोक,
मणिग्राम, रुपन्देही
फोन नं:- ०७१-५६०८१०
०७१-५६१५६०



### हकदावीको सूचना

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.२९ मा बस्ने श्री नर बहादुर गुरुङकी नातिनी, श्री मोतिलाल गुरुङकी छोरी श्री मैदा श्री गुरुङको मिति २०७९/१०/०३ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैकमा रहेको बचत खाता नं. १९३०५३३०००१२६७ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी छोरी भगवती गुरुङले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रका

### एनिमलमा रणवीरको तीन लुक्स

रणवीर कपुर अभिनीत 'एनिमल' ११ अगस्टमा रिलिज हुँदै छ। यस फिल्ममा रणवीर तीन फरक-फरक गेटअपमा देखिँदै छन्। एउटा सिक्वेलमा रणवीर लामो कपाल र दारी पालेको अवस्थामा देखिन्छन्। अर्को सिक्वेलमा उनी क्लिन सेभ र छोटो कपालमा देखिन्छन्। यस फिल्मलाई सन्दीप रेड्डीले निर्देशन गरेका हुन्।





### पारिवारिक ड्रामामा सारा

विक्की कौशल र सारा अली खानको फिल्म 'जरा हटके जरा बचके'को ट्रेलर रिलिज भएको छ। यस फिल्ममा यी दुई कलाकार श्रीमान्-श्रीमतीको भूमिकामा छन्। लक्ष्मण उतेकरको निर्देशनमा बनेको पारिवारिक कथामा आधारित यो फिल्म २ जुनमा सिनेमाघरमा रिलिज हुँदै छ।

# बालबालिकामा एलर्जी दम
# जोखिम र उपचार



> सहरी क्षेत्रका बालबालिकामा एलर्जी दमको समस्या देखिने गरेको छ। झन्डै ९० प्रतिशत बालबालिकामा दम हुनुको कारण एलर्जी हो। एलर्जी भर्खर जन्मिएको बच्चामा पनि देखिन सक्छ।

दम वृद्धवृद्धालाई मात्रै हुन्छ, बालबालिकालाई हुँदैन भन्ने कतिपयको बुझाइ छ। तर, हिजोआज अधिकांश बालबालिकालाई एलर्जी दम हुने गरेको पाइन्छ। विशेष गरी सहरी क्षेत्रका बालबालिकालाई यस्तो समस्या देखिने गरेको छ। झन्डै ९० प्रतिशत बालबालिकामा दम हुनुको कारण एलर्जी हो। एलर्जी भर्खर जन्मिएको बच्चामा पनि देखिन सक्छ।



**डा. महेशकुमार गौतम**
एलर्जी रोग विशेषज्ञ
नेसनल आस्थमा एलर्जी सेन्टर

### कारण

एलर्जी दमको मुख्य कारण वंशानुगत र वातावरणीय प्रभाव हो। आमा-बुबालाई दम भएमा छोराछोरीमा यसको लक्षण देखिन सक्छ। गर्भवती अवस्थामा आमाको अव्यवस्थित जीवनशैली र अस्वस्थकर खानपान, धूम्रपान आदिका कारण बच्चामा एलर्जीको जोखिम रहन्छ। जथाभावी एन्टिबायोटिक औषधिको प्रयोगले पनि समस्या देखिन सक्छ।

घाम नदेखिने कोठा, स्थान वा ओसिलो कोठामा बस्दा ढुसीको कारणले पनि एलर्जी दम हुन्छ। घरमा साइला छ भने पनि बच्चामा एलर्जी देखिन सक्छ। धेरै अगरबत्ती बाल्दा पनि त्यसको धुवाँले एलर्जी हुन सक्छ। खानाको रागले पनि एलर्जी हुन्छ।

एसीको अत्यधिक प्रयोगले गर्दा पनि एलर्जी हुन्छ। बाह्य वातावरणले पनि हुन्छ। प्रदूषणले आमाको गर्भदेखि बच्चाको फोक्सोको विकास नहुन्जेलसम्म असर गर्छ। यसले पनि एलर्जीको जोखिम निम्त्याउँछ।

### लक्षण

- लामो समयसम्म खोकी लागिरहने। खोकी बल्झिरहने छातीको एलर्जी हुँदा खोकी लागिरहने, मौसम परिवर्तन र रातको समयमा धेरै खोकी लाग्ने।
- छाती घ्यारघ्यार हुने।
- हाच्छ्युँ आउने, नाकबाट सिंगान बग्ने, नाकको एलर्जी हुँदा पनि आँखा चिलाउने।
- बच्चा खेल्दा, दौडँदा छिटो थकान महसुस हुने।
- अस्पतालमा औषधि दिँदा वा बाफ लगाउँदा निको हुने, फेरि बझिल्ने गऱ्यो भने दमको लक्षण भनेर बुझ्नुपर्छ।

### जोखिम

कसैलाई दम भएको छ भने श्वासनलीमा असर गरेको हुन्छ। यसको समयमै उपचार गर्न जरुरी छ। समयमा उपचार नगर्दा बालबालिकामा विभिन्न समस्या देखिन्छन्, कुनै पनि वेला आस्थमा एट्याक आउन सक्छ। एट्याक आउँदा श्वासनली खुम्चिने जोखिम हुन्छ। श्वास फेर्न गाह्रो हुने, शरीरमा अक्सिजनको कमीका कारण बेहोस हुने या ज्यानै जान सक्ने खतरा पनि हुन्छ। त्यसैले समयमै समस्या पहिचान गरेर उपचार थाल्नुपर्छ।

### उपचार

- एलर्जीको पहिचानका लागि अस्पताल जानुपर्छ। अस्पतालमा चिकित्सकले एलर्जी पहिचान गरेपछि आवश्यक सल्लाह दिन्छन्। कुन औषधि वा खानेकुराले एलर्जी भएको भनेर पहिचान हुन्छ।
- रोगको निर्क्योल गरेपछि औषधि उपचार गर्नुपर्छ। छातीमा दमजस्तो एलर्जी भएको छ भने छातीमै बाफको रूपमा औषधि दिनुपर्ने हुन्छ। जसलाई इमुलर थेरापी पनि भनिन्छ।
- उपचारका बाबजुद स्याँस्याँ वा घ्यारघ्यार हुने समस्या बारम्बार बल्झिन पनि सक्छ, त्यसैले सचेत रहनुपर्छ। कतिपय अवस्थामा बिरामीलाई आइसियूमा राखेर उपचार गर्नुपर्ने पनि हुन सक्छ।

# हाइकिङका फाइदा



हाइकिङमा हिमालको दृश्यावलोकन गर्दै हिँड्नुको बेग्लै मज्जा छ। हाइकिङ गर्दा शारीरिक तथा मानसिक रूपमा फाइदा पनि छ। चराचुरुंगीको आवाज सुन्दै डाँडापाखामा हिँड्दा मनमा आनन्द आभास हुन्छ। कुनै तनाव वा समस्या छ भने त्यसलाई घरमै छाडेर निस्कनुस्। हाइकिङ गर्दाको समय प्रकृतिको मज्जा लिनुस्। यदि बाटोमा कुनै रोमाञ्चक दृश्य देखियो भने एकछिन रोकिएर त्यसलाई ध्यानपूर्वक नियाल्न सक्नुहुनेछ। यसले पनि मस्तिष्कलाई आनन्द दिन्छ।

शारीरिक गतिविधिले मस्तिष्कको कार्यक्षमता बढाउँछ। हाइकिङ गर्दा पनि यही हुन्छ। दिनमा केवल ३० मिनेट मात्रै बाहिर घुम्न निस्कँदा पनि मुड फ्रेस हुन्छ। तपाईंले आफूलाई सकारात्मक पाउनुहुन्छ र आत्मविश्वास बढ्छ।

हाइकिङ एउटा रमाइलो यात्रा हो। यसले तनावको स्तर कम गर्ने तथा मानिसलाई शान्त बनाउने गर्छ। मुटु स्वस्थ राख्न पनि हाइकिङले भूमिका खेल्छ। त्यस्तै, हड्डी र मांसपेशी बलियो बनाउँछ। रक्तचाप नियन्त्रण हुन्छ। मधुमेहका रोगीका लागि हिँड्नु फाइदाजनक छ। मोटोपन कम भएर जान्छ। डिप्रेसन र एन्जाइटी कम गराउँछ। राम्रो निद्रा लाग्छ।



**तीर्थ तामाङ**
ट्रेल रनर

# 'दाउरा चुलो'मा मौलिक स्वाद

भक्तपुरको पलाँसेमा सञ्चालित 'दाउरा चुलो' रेस्टुरेन्टले ग्राहकलाई मौलिक परिकार पस्कँदै आएको छ। हातले सिलौटामा पिँधेको मरमसला हालेर दाउरा-चुलोमा पकाइएका खानेकुरा सर्भ गर्ने गरिएको रेस्टुरेन्टका सञ्चालक विष्णुप्रसाद सापकोटाले बताए। काभ्रेको मण्डन-देउपुर घर भएका सापकोटाले गाउँघरकै जस्तो स्वाद पस्किने उद्देश्यसहित रेस्टुरेन्ट सञ्चालनमा ल्याइएको बताए। 'रेस्टुरेन्टमा कालिज, लोकल कुखुरा, खसी/बोकाका परिकारलगायत सर्भ गर्ने गरेका छौं। कालिज र लोकल कुखुरा साँगास्थित आफ्नै फार्मबाट ल्याउने गरेको छु,' उनले भने, 'बिदाका दिन ग्राहकको बाक्लै भिड लाग्ने गर्छ, धेरैले कालिज र लोकल कुखुरासँग भात/ढिँडो खान रुचाउँछन्। हामी पूर्णतः मौलिक स्वाद पस्किने गर्छौं।'



काठमाडौंबाट करिब २० किलोमिटर र फन भ्याली पार्कबाट पाँच सय मिटर दूरीमा रहेको यो रेस्टुरेन्ट स्टिल स्ट्रक्चर र बाँसबाट तयार गरिएको छ। दुई तलाको रेस्टुरेन्टमा एकैपटक सयजनाभन्दा बढीलाई सेवा दिन सकिने सापकोटाले बताए। रेस्टुरेन्टमा क्याम्प फायर तथा बालबालबालिका खेल्नका लागि अलग स्पेसको व्यवस्था पनि छ।

सहरमा उकुसमुकुस भएर बसेका मानिसहरू पाहुना बनेर आउने गरेको सापकोटाको अनुभव छ। 'अरनिको र बिपी राजमार्ग हुँदै काठमाडौं आवातजावत गर्ने धेरै यात्रु यहाँ पसेर खाना खाने गर्छन्। सुकुटे, दोलालघाटलगायत ठाउँमा बिदा मनाउन जानेहरू पनि रेस्टुरेन्ट छिर्ने गर्छन्,' सापकोटाले भने, 'बिहान दाउरा चुलोमा ब्रेकफास्ट खाएर सुकुटे जान्छन्, साँझ सुकुटेबाट फर्किँदा यहीं खाना खाएर घर फर्किन्छन्।'

## कौसीमा कस्ता बिरुवा रोप्ने ?



कौसीमा विशेष गरी छोटो समयमै फल्ने फलफूल तथा तरकारी रोप्दा उपयुक्त हुन्छ। रायोको साग, गाँजर, मुला, काउली, बन्दा, लौका, खुर्सानी, फर्सी, सिमी, घिरौला, धनियाँ, मेथी, चना, पालुङ, लसुन रोप्दा राम्रो हुन्छ। कौसीमा गोलभेँडा, बन्दालगायत तरकारी पनि फलाउन सकिन्छ। यसले दैनिक रूपमा तरकारी तथा फलफूल किन्ने पैसा बचत हुन्छ।

बिरुवा रोपेर मात्रै हुँदैन, यसलाई हेरचाह पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। कौसीमै राख्दा तापक्रम एकदमै धेरै हुन्छ। तापक्रम धेरै भयो भने बिरुवालाई पनि असर गर्छ। त्यसका लागि स्ट्यान्ड बनाएर राख्नुपर्छ। स्ट्यान्डमाथि सकेसम्म टनेल पनि बनाउँदा राम्रो हुन्छ। तापक्रम ब्यालेन्सका लागि बजारमा 'वाटर प्रुफ' प्लास्टिक पनि पाइन्छ। धेरै पानी र धेरै घाम पनि नहोस् भनेर प्लास्टिक प्रयोग गरिन्छ।

## मेकअप गर्दा मोस्चराइजरको प्रयोग

- अहिले गर्मी मौसम मेकअपअघि मोस्चराइजर लगाउनुपर्छ। छालाको प्रकृतिअनुसार मेटिफाइङ प्राइमर अर्थात् आयल फ्री मोस्चराइजरको प्रयोग गर्नुपर्छ।
- छालामा मोस्चराइजर प्रयोग गरेपछि केही समय खुला छोडिदिनुपर्छ। यसले छाला नरम बनाउन मद्दत गर्छ। त्यस्तै, घाममा हिँड्दा सनस्क्रिन पनि लगाउन सकिन्छ।
- मोस्चराइजरपछि प्राइमर लगाउनुपर्छ। यसले छाललाई सुरक्षित बनाउनुका साथै मेकअपलाई समेत सुरक्षा दिन्छ। प्राइमरको प्रयोग गर्दा हलुका हुने भएकाले प्राइमर लगाएको महसुससम्म हुँदैन।


### हकदावीको सूचना

१ नं. प्रदेश जिल्ला, भोजपुर पौवादुमा गाउपालीका, वडा नं. ५ मा बस्ने श्री कविन मान राईको नाति, खम्बा सिं राईको छोरा दलमान राई को मिति २०७९/०१/२५ गतेका दिन मृत्यु भएकोले निजको नाममा बैंकमा रहेको बचत खाता नं. ०६६०५०५०२५७८०० मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनि निजको हकदार एक मात्र श्रीमती श्री प्रेम कुमारी राईले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, तिवारी भन्ज्याङ, भोजपुर
फोन न.: ०१६२०१५३१

मुद्दा नं. ०७६-Cp-२६९३

**श्री धनुषा जिल्ला अदालतबाट जारी भएको जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं ११ स्थित लक्ष्मी ट्रेडिङ्ग (पा.नं. ६०३१३७५१८) का नाउँमा मुलुकी देवानी कार्याविधी संहिता, २०७४ को दफा १०५ (२२) बमोजिम जारी भएको २१ (एकईस) दिने म्याद सूचना।**

उप्रान्त वादी जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं ११ मिल्स एरियामा रजिष्टर्ड कार्यालय रहेको ईन्फिनिटी डिष्ट्रिब्युटर्स प्रा.लि.का संचालक अध्यक्ष विनित अग्रवाल तथा संचालक रईसा टिवडेवाला प्रतिवादी जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं ११ स्थित लक्ष्मी ट्रेडिङ्ग (पा.नं. ६०३१३७५१८) भएको २०७५ सालको देन ०७५-Cp-२६९३ को वस्तु विक्री वापत लेना रकम मुद्दामा यस अदालतबाट भएको आदेशानुसार तपाईको नाउँमा यो सूचना म्याद प्रकाशित गरिएको छ। बाटोका म्याद बाहेक यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र प्रतिउत्तर पत्र लिई यस अदालतमा हाजिर हुन आउनु होला नआएमा कानुन बमोजिम हुनेछ। पछि तपाईको उजुरी लाग्ने छैन।

### हकदावीको सूचना

रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं.(४ हाल ओमसतिया गाँउपालीका वडा नं.- ०५ बस्ने श्री जयश्री कलवारको नातिनी, ठाकुर कलवारको छोरी, श्रीमति खेदनि कलवारीनको मिति २०७९/०१/०२ गते मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ११५०५३९०००२८९९ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोरा भगेलु कलवारले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय भैरहवा २, भैरहवा
फोन न.:- ९८४५४६६११९

### हकदावीको सूचना

पाल्पा जिल्ला सहलकोट गा.वि.स वडा नं २ (हाल निस्दी गा.पा. वडा नं ७ सहलकोट) स्थायी ठेगाना भई मदनपोखरा वडा नं १ (हाल तानसेन न.पा. वडा नं ९ मदनपोखरा) बस्ने चन्दु सिंजालीको नातिनी, मन बहादुर सिंजालीको छोरी, श्री शोभा सिंजालीको मिति २०७८।०४।०८ गतेका दिन मृत्यु भएकाले निजको नाममा यस बैकमा रहेको खाता न.११९०५३३०००११९३ मा भएको सम्पुर्ण रकम उपलब्ध गराई पाउ भनी निज श्री भिम बहादुर थापाको नाति, श्री डम्बर बहादुर थापाको छोरा श्री प्रेम बहादुर थापाले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुदा उक्त निक्षेप उपर माथि उल्लेखित निवेदिक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ र अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचना द्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, तानसेन-०३, पाल्पा
फोन न.:-०७५- ५२२४००

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धिता लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

**तपसिल**

**ऋणीको विवरण :**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, डडेल्धुरामा मिति २०७२/०४/११ मा प्रा.फ.र.नं. ९/९७३/०७२/०७३ कायम भई दर्ता रहेको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **कञ्चन ट्रेड एण्ड सप्लायर्स**का प्रोप्राईटर तारानाथ ओस्थीको नाति, वासुदेव ओस्थी/धौली देवी ओस्थीको छोरा, पदमा अवस्थीको पति, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ बस्ने **यज्ञ राज अवस्थी** (ना.प्र.नं. ८४५ जारी मिति २०६२/०४/१९, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. तारानाथ ओस्थीको नाति, वासुदेव ओस्थी/धौली देवी ओस्थीको छोरा, पदमा अवस्थीको पति, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ बस्ने **यज्ञ राज अवस्थी** (ना.प्र.नं. ८४५ जारी मिति २०६२/०४/१९, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा)।
२. टिका राम ओझाको छोरी, तारानाथ ओस्थीको बुहारी, वासुदेव ओस्थीको पत्नी डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ बस्ने **धौली देवी ओस्थी** (ना.प्र.नं. १०१३, जारी मिति २०४४/१०/२०, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा)।
३. गणेश प्रसाद पनेरुको छोरी, बासुदेव ओस्थी/धौली देवी ओस्थीको बुहारी, यज्ञ राज अवस्थीको पत्नी, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ बस्ने **पदमा अवस्थी** (ना.प्र.नं. ७४-०१-७४-०४८३४, जारी मिति २०७४/०४/१२, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा)।

**धितो सुरक्षणको विवरण:**

१. **धौली देवी ओस्थी**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. २०० को क्षेत्रफल ३-१०-२-१(रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
५. धनी कुमारी बैंक लि र ऋणी **कञ्चन ट्रेड एण्ड सप्लायर्स** कायम भई रहेको चेसिस नं. MALB351CLLM113136*K, इन्जिन नं. G4LALM741404, र सवारी नं. प्रदेश ०३ ०१ ०२४ च १८४४ को HUNDAI Grand I10 Nios, 2021 गाडी थान १।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय डडेल्धुरा फोन न ०९६-४२०४२४

### हकदावीको सूचना

सोलुखुम्बु जिल्ला, जुभिङ गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई ऐ.ऐ बस्ने रात विर मगरको नाती, कृष्ण बहादुर मगरको छोरा, भिम बहादुर थापा मगरको मिति २०७९/११/०१ गतेका दिन असामाहीक निधन भएकोले निजको नाममा त्यस बैंकमा रहेको सामाजिक सुरक्षा भत्ता खाता नं. ०२७०५२५०२५००३० मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निज श्री भिम बहादुर थापा मगरको श्रीमती सौमाया मगरले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उप? निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन न.:- ४२४२५३०, ४२२८२२९
फ्याक्स.:- ४२२६३४९, ४२२८९२७
शाखा कार्यालय लुक्ला
फोन न.:- ०३८-५५०१२०

### हकदावीको सूचना

बारा प्रदेश, रौतहत जिल्ला, गौर उप(महानगरपालिका, वडा नं.२ मा बस्ने श्री चतर्भुज उपाध्यायको नाति, श्री मंगल कुमार उपाध्यायको छोरा, श्री सरोज कुमार उपाध्यायको मिति २०७९/११/२० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको लकर खाता नं.०२८०५११०२५०९८६ मा भएको सम्पूर्ण रकम तथा यस बैंकमा रहेको लकर नं. 1F/07 मा भएका सम्पूर्ण सर-सामान मृतकको सबै भन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको श्रीमती नीरू नेपालले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप र लकर उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन,२०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैलाई सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौं
फोन न.:- ४७९५२९, ४७९२२८९, ४७९५५३७
फ्याक्स :- ४७९५५३७

# सम्भव छ कांग्रेसमा रुपान्तरण ?

स्थानीय तह र आमनिर्वाचनबाट सबैभन्दा धेरै सिट जितेको कांग्रेस उपनिर्वाचनमा आफ्नै पकड क्षेत्रमा पराजित भएपछि पार्टी सच्चिने कि सक्किने भन्ने बहस चर्किंदो छ



● भुवन न्यौपाने

अग्रलेख

नेपालको समसामयिक राजनीतिमा सत्तरीको दशकको धक्काले असीको प्रारम्भमै राजनीतिक हलचलको संकेत देखाएको छ। पछिल्लो उपनिर्वाचनको मतादेशपश्चात् अन्य पार्टीमा भन्दा धेरै भय, बहस र चिन्तन कांग्रेसमा देखिन्छ। एक पक्षले कांग्रेस रुपान्तरण हुन सकेन भन्ने आरोप लगाउँछन् भने अर्का पक्षले समय-समयमा कांग्रेस रुपान्तरण भएर देखाएको छ भन्ने दाबी गर्छन्। के समयानुकूल कांग्रेस रूपान्तरण भएको छ त ? भन्ने प्रश्नको चित्तबुझ्दो जवाफचाहिँ स्वयं कांग्रसजनले नै दिन सक्दैनन्। र, वेलावेलाका निर्वाचन परिणामपश्चात् कांग्रेस रुपान्तरणको बहस घन्किन्छ। तर, समस्याको घनीभूत पहिचान र समाधानका उपायमा छलफल केन्द्रित भए पनि समाधानको सक्रियता र निर्णय कार्यान्वयनमा भने कमै चासो देखिन्छ।

कांग्रेसका पछिल्ला बैठकमा सभापति र महामन्त्रीद्वयबीच चर्काचर्की भएका समाचार आए। पछिल्लो समय कांग्रेस नेतृत्वको कार्यशैलीलाई लिएर धेरै प्रश्न उब्जिएका छन्। कांग्रेस महामन्त्री गगनकुमार थापाले सामाजिक सञ्जालमा भिन्न शैलीको 'अब त अति भो' भन्दै गरेको 'ट्विट'ले पार्टीभित्रको अन्तरविरोधलाई सतहमै ल्याइदिएको छ भने अर्का महामन्त्री विश्वप्रकाश शर्माको 'महामन्त्री पदबाटै राजीनामा दिने' भनाइले कांग्रेसभित्र धेरै अन्तर्संघर्ष र हलचल रहेको संकेत गर्छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा नेता बालकृष्ण खाण पक्राउ भएपछि उनको निलम्बनका लागि कांग्रेसका दुवै महामन्त्रीले बेथितिविरुद्ध एउटै स्वरमा 'विद्रोहको संकेत' गरेका छन्।

कांग्रेसभित्रको अन्तर्संघर्ष र रुपान्तरणको बहस घनीभूत रूपमा चलिरहेको छ। पछिल्लो स्थानीय तह र आमनिर्वाचनबाट सबैभन्दा धेरै सिट जितेको कांग्रेस उपनिर्वाचनमा आफ्नै पकड क्षेत्रमा पराजित भएपछि कांग्रेस सच्चिने कि सक्किने भन्ने बहस चर्किंदो छ। कांग्रेसमा खस्किँदो सुशासन, संस्थापन पक्षको बलमिच्याइँ, एकलौटी शैली, संस्थापन इतर समूहका शेखर-गगनमै मतभेदबीच पार्टीभित्रैको अन्तर्संघर्ष, कार्यशैलीको विरोध र पार्टीको नवीनतासहितको रुपान्तरण कसरी होला ? आमकांग्रेसजनले चाहना गरेकोजस्तो पार्टीको रुपान्तरणचाहिँ के हो ? र, यो कसरी सम्भव होला ? साँच्चै कांग्रेसका महामन्त्रीद्वयले पार्टीलाई नवीनता दिन सक्लान् ? अहिले यस्ता प्रतिनिधिमूलक प्रश्न निकै सुनिन्छन्। कांग्रेस रुपान्तरणका चार खम्बाबारे यहाँ चर्चा गर्दै छु।

**नीतिगत स्पष्टता :** कांग्रेसमा पहिलोपटक नीति महाधिवेशनको चर्चा चलिरहेको छ। नीति महाधिवेशनमा कस्ता विषयलाई छलफलमा ल्याउने भन्ने मुद्दाले बैठकमा समय पाएको छैन। समकालीन नीति, शासकीय सुधार, आर्थिक उन्नति र मितव्ययिता, पारदर्शिता र जवाफदेहिता, शिक्षा र स्वास्थ्य, कूटनीतिक अभ्यास, संघीयताको सुदृढीकरण, निजीकरण सदुपयोग, सामाजिक न्याय, सामाजिक सुरक्षा, सुशासन र समुन्नतिको मार्गचित्रबारे प्रारम्भिक छलफल निकै कम छन्। सबैभन्दा ठूलो लोकतान्त्रिक दल कांग्रेसले सरकार, संसद् र पार्टीभित्र कस्ता नीति अबलम्बन गर्छ, कसरी जनतामा नीतिमार्फत 'डेलिभरी' दिन सक्छ भन्ने परीक्षणको समय पनि हो यो। उसले संविधानको परिकल्पनाअनुरूप लोककल्याणकारी राज्यका अवधारण कस्ता नीतिमार्फत हासिल गर्न सक्ला भन्ने जिज्ञासा सर्वत्र छन्।

विभिन्न सूचकका सुधारात्मक विन्दुमा पार्टीलाई उभ्याउन कांग्रेसका आगामी नीति, योजना र कार्यक्रम के छन् ? सन्मुखको संकटमय आर्थिक मन्दीलाई त्राण दिन कांग्रेसको अर्थनीति के हो ? बदलिँदो भूराजनीतिक टकरावलाई सन्तुलित गर्ने उसको कूटनीति र विदेश नीति कस्तो हो ? मुलुकको ज्वलन्त समस्या गरिबी र बेरोजगारीका सन्दर्भमा कांग्रेसले स्वदेशमै कति समयमा कति रोजगारी सिर्जना गर्न सक्छ ? कांग्रेसको सुशासनको नीति के हो ? कानुन र न्याय, सामाजिक सुरक्षा र सामाजिक न्यायमा कांग्रेसको अबको अभ्यास कस्तो हुन्छ ? यस्ता विषयको मिहिन छलफल अनिवार्य नै देखिन्छन्। यसका लागि महामन्त्रीद्वयको कस्तो परिकल्पना छ भन्ने जिज्ञासा बढ्दो छ।

एकातिर, कांग्रेस पार्टीभित्र रुपान्तरणको मार्ग तय गर्नुपर्नेछ। अर्कातर्फ, मुलुकको समुन्नतिका लागि नेतृत्व गर्नुपर्नेछ। दीगो विकास, स्वच्छ पर्यावरणको सुनिश्चितता र जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने नीति कस्तो लिँदै छ ? गुणस्तरीय सार्वजनिक स्वास्थ्य, गुणस्तरीय सामुदायिक शिक्षा, सुरक्षित आवासजस्ता नागरिकका मौलिक हक र मानव अधिकारका सन्दर्भमा कांग्रेस कसरी उभिएला ? यी तमाम प्रश्नको चित्तबुझ्दो उत्तर अबको भावी कांग्रेसबाट मुलुकले खोजिरहेको छ। के यस्ता समयानुकूल विषयमा महामन्त्रीद्वयले घनीभूत छलफल गरेर आमजनतामा आशा जगाउन सक्ने संकेत जीवीतै छन् ? भावी कार्यदिशामार्फत नीतिगत स्पष्टता लिन सक्यो भने कांग्रेसको रुपान्तरणमा हरियो संकेत देखिन पनि सक्छ।

**नेतृत्वको कुशलता :** कांग्रेसको नेतृत्व संस्थापन पक्षको एकलौटी कार्यशैली देखेर निराशा व्यक्त गर्ने कांग्रेसजनको पंक्ति ठूलो छ। पार्टीको पुस्तान्तरण, रुपान्तरण र सुदृढीकरणका लागि आवाज मुखरित गरिरहने पंक्तिले पनि प्रश्नहरू तेर्स्याइरहेका छन्। पछिल्लो समय पार्टीमा एकछत्र शासन गरिरहेका पार्टी सभापति शेरबहादुर देउवाले रुपान्तरणको उद्घोष त गर्छन् तर कार्यान्वयन



गर्न चाहँदैनन्। विशेषतः कांग्रेसको नेतृत्वको कार्यशैली, सक्रियता र कुशलतालाई लिएर आमकार्यकर्तामा नैराश्य देखिन्छ। १० वैशाखको उपनिर्वाचन परिणामले कांग्रेसको नेतृत्व, परम्परा र कार्यशैलीमा परिवर्तन गर्नुपर्ने चर्को आवाज उठाएको छ। नेतृत्वमा समयानुकूल चुस्त कार्यशैली र कुशलता नदेखिँदा आमकार्यकर्ताले नेतृत्वलाई स्विकार्न सकिरहेका छैनन्।

कांग्रेसको विधानमा कार्यकारी पद सभापति र महामन्त्री हो। तर, विधानले निर्णय प्रक्रियामा सर्वाधिकार सभापतिलाई दिएको छ। सर्वाधिकार सभापतिमा रहेकाले अन्यले पार्टी सुधारको चाहना राखे पनि मूर्त रूप लिन कठिन छ। सत्ता गठबन्धनको सहमतिमा २०८४ सालको चुनावअघि सरकारको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने भनिएको छ। पाँचपटकसम्म प्रधानमन्त्री हुँदा नागरिकको अपेक्षाअनुसार काम गर्न नसकेको आरोपबीच पुरानो पुस्ताको कार्यक्षमतामाथि प्रश्न उठिरहेका छन्। कांग्रेस नेतृत्वको सरकार बनाउने वेलामा नेतृत्वको विकल्पका लागि पार्टी तयार भएन भने कांग्रेस दुर्घटनाबाट बच्न सक्दैन। सभापतिका रूपमा दोस्रो कार्यकालको पदभार र पाचौँपटकसम्म प्रधानमन्त्री भएर बनाएको छवि कायम राख्न देउवाले आफैँबाट रुपान्तरणको सुरुवात गर्नु जरुरी छ।

राजनीतिक विकल्पका रूपमा लोकतान्त्रिक दलहरूको उदयले कांग्रेसको क्षयीकरण र प्रतिस्पर्धा बढेको छ। त्यस्ता युवामय पार्टीसँगको चुनौतीलाई सामना गरेर शरीरमा रक्त सञ्चारजस्तै पार्टीमा नविनताको सञ्चार गराउन सक्ने नेतृत्व कांग्रेसमा खाँचो छ। सभापतिले उमेरको उत्तरार्धमा आफ्नो राजनीतिक प्रतिष्ठा र योगदानलाई बचाउन सहर्ष नेतृत्व पुस्तान्तरण गरी मार्गप्रशस्त गर्न सक्नुपर्छ। अन्यथा, अझै पनि विगतका दशकको राजनीतिक योगदान देखाएर ब्याज खान खोजे त्यो कांग्रेसजनका लागि दुष्परिणाम साबित हुनेछ। नयाँ पुस्तालाई पार्टी र सरकार सञ्चालनको जिम्मेवारी सुम्पिनु पार्टी सभापति देउवाको दायित्व। र, यो नै उमेरको उत्तरार्धको श्रेयस्कर कदम हुनेछ। यसका लागि उनले अब ढिला गर्नुहुँदैन।

> बदलिँदो राजनीतिक परिदृश्यलाई मध्यनजर गर्दै क्षमतावान् र योग्य युवापुस्तालाई कांग्रेसतिर आकर्षण गर्ने रणनीति तय गरेर रुपान्तरणको आशा सञ्चार गर्न नसके पार्टीको अस्तित्व जोखिममा पर्न बेर लाग्दैन

**सांगठनिक व्यवस्थापन :** कांग्रेस नेपालको राजनीतिमा लामो इतिहास बोकेको ठूलो संरचना भएको पार्टी हो। कांग्रेसका भ्रातृ संगठन, शुभेच्छुक संघ, ट्रेड युनियनजस्ता दर्जनौँ संगठन छन्। तर, आफैँ लोकतान्त्रिक पार्टी भएको उद्घोष गर्ने दलको नेतृत्वले आफ्ना संगठनलाई समयमै आन्तरिक निर्वाचनबाट सांगठनिक नेतृत्व र संरचना दिन सकिरहेको छैन। नेविसंघ, तरुण दल, महिला संघजस्ता प्रभावशाली संगठन नेतृत्वविहीन हुँदा कांग्रेसका जरा सिञ्चित हुन सकिरहेका छैनन्। एकातिर, पार्टीलाई योगदान गर्न इच्छुक कार्यकर्ता जिम्मेवारविहीन छन्। अर्कातर्फ, केही पदीय जिम्मेवारी बाँडफाँड स्वच्छ, स्वतन्त्र र योग्यतामा आधारीत हुन नसक्दा आमकार्यकर्तामा पार्टीप्रतिको विश्वास गुमेको छ।

संगठनलाई चलायमान गराउन समयानुकूल वैचारिक बहस, पार्टी प्रशिक्षण, भेटघाट, सूचना सञ्चार, अनुगमन तथा अनुशासन जरुरी हुन्छन्। केन्द्रले स्थानीयका कुरा सुन्ने, स्थानीयले केन्द्रको निर्देशन पालना गर्ने अन्तरसम्बन्धको खाँचो देखिन्छ। शरीरका विभिन्न अंगका संरचनाजस्तै पार्टी संगठनका अंगहरूको पनि सक्रियता चाहिन्छ। रिक्त केन्द्रीय समितिमा निष्पक्ष र विज्ञहरूलाई मनोनीत गर्ने, विभागलाई पूर्णता दिने, आन्तरिक सुशासनलाई बलियो बनाउन र पार्टीको नवजीवनको गतिलाई सार्थकता दिन ढिला गर्न हुँदैन। रुपान्तरणको ठोस नीति, योजना र कार्यक्रमसहितको स्पष्ट मार्गचित्र लिएर जनताका घरघरसम्म कांग्रेस पुग्न सक्नुपर्छ। आन्तरिक प्रतिस्पर्धामा गुट-उपगुट भए पनि बाहिर पार्टी एकताको सन्देश प्रवाह गर्न कांग्रेस चुक्नुहुँदैन।

सरकार, संसद् र पार्टीका जिम्मेवार पदाधिकारीले जनहित, राष्ट्रिय संकल्प र पार्टी रुपान्तरण योजना सार्थक बनाउन जुनसुकै कठोर निर्णय लिन पनि तयार हुनुपर्छ। ३२९ पालिकामा कांग्रेसको सरकार छ। केन्द्रमा कांग्रेससहितको सरकार छ। प्रदेशमा मुख्यमन्त्री र मन्त्री कांग्रेसबाट छन्। कांग्रेस सहभागी सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही, सुशासन र डेलिभरी प्रभावकारी गराउन अनुगमन र प्रशिक्षित गरी जनकेन्द्रित सेवामा जोड दिनु अपरिहार्य छ। पछिल्लो उपनिर्वाचनको मतपरिणामले संगठन चलायमान भएर मात्रै पनि नहुने देखिएको छ। बदलिँदो सामाजिक चेतनाले सांगठनिक सुशासन र त्यसले दिने डेलिभरीको परीक्षण गरेका छन्। त्यसको परीक्षण सरकार र संसद्को अभ्यास र उपलब्धिले देखाउनेछ।

**लोकतान्त्रिक विधि :** कांग्रेसले विधानसम्मत पार्टी सञ्चालनको प्रण गर्नुपर्छ। महाधिवेशनमा थालनी गरेको आन्तरिक लोकतान्त्रिक विधि संस्थागत गर्न अब ढिला गर्नुहुँदैन। लोकतान्त्रिक पार्टीको साख बोकेको कांग्रेस आफैँ लोकतन्त्रको अभ्यासबाट चुकिरहेको छ। विशेषतः चुनावअघि गठबन्धन गर्ने या नगर्ने भन्ने विषयमा कांग्रेसभित्र ठूलो विवाद थियो। सभापतिसहित बहुमत केन्द्रीय सदस्य चुनावी गठबन्धनको पक्षमा देखिएपछि बहुमतबाट तालमेल गर्ने निर्णय गरिएको थियो। निर्वाचनको समीक्षा, टिकट वितरण, प्राइमरी इलेक्सनमार्फत उम्मेदवार चयन, सुशासनको मुद्दा, चुनावअघिको गठबन्धन, टिकट वितरणको विधि, योग्य र क्षमतावानूलाई पार्टीमा प्रवेश, सदस्यता वितरणको विधिलगायत विषयमा समीक्षा र भावी कार्यदिशा तय गर्नु जरुरी देखिन्छ।

लोकतान्त्रिक विधिमार्फत पार्टीको सिद्धान्त, नीति र आदर्शवादी रुपान्तरणको मार्गचित्रलाई गति दिन राजनीतिक, सैद्धान्तिक, वैचारिक, सांगठनिक र चिन्तनशील दबाब दिँदै पार्टी रुपान्तरण र पुस्तान्तरणका लागि परिणाममुखी पहल मात्रै होइन, निर्णायक संघर्ष नै गर्न पनि कांग्रेसजन तयार हुनुपर्ने देखिन्छ। विभिन्न समयमा राजनीतिक परिवर्तनको नेतृत्व गरेको कांग्रेसबाट आमनागरिकको जीवनशैलीसँग जोड्ने समुन्नत र रुपान्तरणकारी कार्यक्रम र योजना अपेक्षाकृत छ। आमसञ्चारको विस्तार, सामाजिक सञ्जालको प्रभाव, सामाजिक यथार्थ र बदलिँदो राजनीतिक परिदृश्यलाई समेत मध्यनजर गर्दै क्षमतावान् र योग्य युवापुस्तालाई कांग्रेसतिर आकर्षण गर्ने रणनीति तय गर्न विलम्ब गर्नुहुँदैन। अन्यथा, पार्टी रूपान्तरणको आशा सञ्चार गर्न नसके पार्टीको अस्तित्व जोखिममा पर्न बेर लाग्नेछैन।

## ३ प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **बलराम केसी**लाई



**नक्कली भुटानी शरणार्थी प्रकरणलाई कसरी हेरिरहनुभएको छ ?**

यो गम्भीर मानव बेचबिखन र मानव तस्करीसँग सम्बद्ध अपराध हो। संसारभर केही दलाल या अपराधीले लुकीछिपी मानव तस्करी गर्दै आएको सुनिन्छ, भेटिन्छ। तर, यसरी राज्यका उपप्रधानमन्त्री, गृहमन्त्री, बहालवाला सचिवलगायत उच्चपदस्थ सरकारी निकायका जिम्मेवार व्यक्तिको संलग्नतामा आफ्ना नागरिकलाई नै अनागरिक बनाएर बेचिएको संसारभरकै पहिलो घटना यही हुनुपर्छ। यो राज्यविरुद्धको गम्भीर अपराध हो। पछिल्ला दिनमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सन् २०१२ देखि नै यसरी नेपालीलाई शरणार्थी बनाएर पठाउने काम भइरहेकोबारे आफूले सुनेको दाबी गरेर सनसनी मच्चाइदिनुभएको छ। उहाँलाई थाहा थियो भने आफू प्रधानमन्त्री हुँदा यसलाई रोक्न या यसबारे अनुसन्धान गराउन किन पहल गर्नुभएन ?

**सरकारी वकिलको कार्यालयले छिटो अनुसन्धान टुंग्याउन प्रहरीलाई दबाब दिनुको अर्थ के हुन सक्छ ?**

राज्यका उच्चपदस्थहरूको संलग्नता रहेको अपराधमा साना मान्छेलाई फसाएर ठुलालाई जोगाउन खेल खेलिन सक्छ। यसमा पनि पक्राउ परेकाले पैसा बुझ्काएको भनिसकेपछि पनि आरोपितलाई बोलाएर बयान लिने काम भएको छैन। पूर्वगृहमन्त्रीलाई पक्राउ गर्दा उनले एउटा कागज प्रहरीको हातबाट खोसेर चपाएर निलिदिएको सुन्नमा आएको छ। यस्तो हो भने प्रहरीले तत्काल मुचुल्का उठाएर एक्सरे गराउनुपर्थ्यो।

**यो प्रकरण सहज कानुनी प्रक्रियाबाटै टुंगोमा पुग्ने सम्भावना कति देख्नुहुन्छ ?**

अहिलेको अवस्था हेर्दा यो अपूरो जाला जस्तो लाग्छ। सफल अनुसन्धान होला भन्नेमा म त्यति आशावादी छैनँ।

## प्रेरक प्रसंग

# परिश्रमलाई निरन्तरता देऊ

एक व्यापारीलाई व्यापारमा चर्को घाटा लाग्यो। उनको व्यापार पूरै डुब्यो। व्यापार डुबेपछि उनी ऋणमा डुबे। उनी निकै निराश भए। ऋणैऋणमा डुबेको जीवनदेखि दिक्क भएर उनी एक दिन एउटा घना जंगलमा पुगे। त्यहाँको शान्त वातावरणमा उनी लामो समयसम्म एक्लै बसे। मन केही स्थिर भएपछि उनले भगवान्लाई सम्बोधन गर्दै भने- हे भगवान्! मैले जीवनमा जहिल्यै इमानदारीपूर्वक परिश्रम गरेँ। तर, मलाई जहिल्यै असफलतासिवाय केही हात लागेन। अब त म जीवनदेखि हारिसकेँ प्रभु! मलाई मार्गदर्शन गर्नुहोस्।



व्यापारीको पुकार सुनेर भगवान् उनीसामु प्रकट भए। भगवान्ले नजिकै रहेको बाँसको घारी र जमिनमा रहेको बाक्लो झारघाँस देखाउँदै भने- तिमीले उः त्यो बाँस र यो घाँस देखेका छौ नि ? यी दुवैको बीज मैले एकसाथ रोपेको थिएँ। मैले दुवैको समान रेखदेख गरेँ, दुवैलाई बराबर मलजल गरेँ, समान रूपमा प्रकाश दिएँ। घाँसको बिउ छिटै अंकुरित भयो, छिट्टोछिटो बढ्न थाल्यो। हेर्दाहेर्दै छोटो समयमै धर्तीलाई हराभरा बनायो। तर, बाँसको बिउमा टुसासम्म उम्रेन। मैले हिम्मत नहारी लगातार उसको सेवा गरिरहेँ। पहिलो वर्षको मेरो परिश्रम त्यसै खेर गयो। मैले बाँसको बिउमा मलजल गरिरहेँ। दोस्रो वर्ष पनि त्यसमा कुनै प्रगति भएन। यसैगरी तेस्रो, चौथो वर्षमा पनि मेरो परिश्रमको कुनै अर्थ देखिएन। तर, निराश नभई मलजल गर्दै रहेँ। आखिरमा पाँच वर्ष बितेपछि बाँसको बिउ पनि अंकुरित भयो। मौलाएर पृथ्वीलाई नै ढाकिसकेको घाँसको तुलनामा बाँसको बिरुवा निकै सानो र कमजोर देखिन्थ्यो। तर, ६ महिनापछि बाँस एक सय फिटभन्दा बढी अग्लो भयो। मैले पाँच वर्षसम्म यति सेवा गरेको थिएँ कि उसको जरा एक सय फिटभन्दा अग्लो बाँसलाई थाम्न सक्ने गरी मजबुत भइसकेका थिए। त्यसैले, तिमी पनि एकपटकको व्यापार असफल भयो भनेर किन दुःखी हुन्छौ ? परिश्रमलाई निरन्तरता दिइराख, सफलता तिम्रा सामु आफैँ उपस्थित हुनेछ।

## टिप्पणी

nayapatrikaofficial
@naya_patrika

# जनताले काम पाउने बजेट आओस्

जनताले लामो समयेखि संघर्ष र बलिदान गरेर प्राप्त गरेको लोकतान्त्रिक गणतन्त्रको नतिजाप्रति सकारात्मकभन्दा नकारात्मक घेराबन्दीको चक्रव्यूहमा कतै हामी प्रवेश गर्दै त गएका छैनौँ ? दिन-प्रतिदिन आर्थिक उन्नति हुँदै जानुपर्नेमा झनै संकट बढ्दै गएको देखिन्छ। आन्तरिक तथा बाह्य ऋणको भारले जनताको टाउकामा भारी बढ्दै गइरहेको र व्यक्तिगत कर्जाले उकालो उक्लिरहेको सञ्चार माध्यमबाट जानकारी भइरहेकै छ। यतिवेला सबै राजनीतिक दलहरूले इमानदारीपूर्वक एकताबद्ध भई देश र जनताको समृद्धिका पक्षमा बजेट ल्याउनु जरुरी छ। फजुल खर्च, बेरुजु र भ्रष्टाचार रोकिनुपर्छ। यसका लागि कडाभन्दा कडा कानुन, नियम र नीति ल्याई त्यसलाई कार्यान्वयन गर्नेतर्फ सम्पूर्ण दल दत्तचित्त र निडर भई काम गर्नुपर्छ। देशको उन्नतिका लागि उत्पादन बढाउने निर्यातमुखी बजेट र बेरोजगारीलाई रोजगारी दिने बजेट ल्याउन सक्नु नै आजको प्रमुख आवश्यकता हो। यसतर्फ आउँदो बजेटमा जनताले काम पाउने व्यवस्था गरिनुपर्छ। यति गर्न सकियो भने देश स्वतः समृद्ध हुन सक्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

## आरोपीहरू भाग्न नपाऊन्

प्रहरीकै प्रत्यक्ष या अप्रत्यक्ष सहयोग या लापरबाहीका कारण फरार भएका एमालेका निलम्बित सचिव टोपबहादुर रायमाझी बल्ल पक्राउ परेका छन्। अझै पक्राउ पुर्जी जारी भइसकेका थप आरोपीहरू फरार नै छन्। पूर्वगृहमन्त्री रामबहादुर थापाका सल्लाहकारका छोरा र स्वयं थापाकै छोरा पनि फरार भएका छन्। यसबाट अपराध कर्ममा उनीहरूको संलग्नता पुष्टि भएको छ। किनकि, नबिराउनु, नडराउनु भनेझैँ आफूले गल्ती नगरेको भए खुरुक्क प्रहरीलाई सहयोग गरेको भए भइहाल्थ्यो नि! अब प्रहरीले थप आरोपीहरू भाग्न नपाऊन् भन्नेमा ध्यान पुऱ्याओस्।

● **सुदिना पाठक**
सानोभ-याङ, काठमाडौं

## प्रहरीलाई समय देऊ

प्रहरीले नक्कली भुटानी शरणार्थी प्रकरणमा मुख्य अभियुक्त पक्राउ पर्ने क्रम जारी नै छ। साथै, कतिपय आरोपी अझै फरार छन्। यस्तो अवस्थामा सरकारी वकिलको कार्यालयले भने मंगलबारभित्रै अनुसन्धान सकेर फाइल बुझाउन प्रहरीलाई ताकेता गरेको छ। यस्तो गम्भीर र माथिल्लो तहका नेता तथा कर्मचारीको संलग्नता रहेको अपराधको अनुन्धान गणितीय सूत्रमा हुँदैन। यसलाई अनेक कोणबाट अनुसन्धान गर्नुपर्ने हुन्छ। यसका लागि प्रहरीलाई समय चाहिन्छ। त्यसैले, प्रहरीलाई अनुसन्धान गर्न समय र साथ देऊ। फरार आरोपी खोज्ने समय देऊ।

● **सुनिता यादव**
गल्कोपाखा, काठमाडौं

## भ्रष्टाचारलाई निरुत्साहित पारौं

हाम्रो देशमा भ्रष्टाचारको जरा वडा तहसम्म फैलिएको देखिन्छ। थोरैलाई अपवादका रूपमा छाड्ने हो भने प्रायः सबै राजनीतिक दल र राजनीतिकर्मी यसको दलदलमा फसेका देखिन्छन्। केन्द्रदेखि स्थानीय तहसम्मका प्रायः सबैजसो नेता-कार्यकर्ताको आर्थिक हैसियतमा बढोत्तरी यसको बलियो प्रमाण हो। उनीहरूको आम्दानीको स्रोत देखिन्न, तर दिनदिनै धनी हुँदै जाने प्रवृत्ति देखिन्छ। कुनै न कुनै काण्ड वा घोटालामा नमुछिएको कुनै प्रधानमन्त्री या मन्त्रीको कार्यकाल छैन।

नेता-कार्यकर्तालाई यो दलदलमा फसाउन उनीहरूकै पारिवारिक सदस्यहरू अग्रसर छन् भन्ने तथ्य पछिल्लो भुटानी शरणार्थी प्रकरणले पनि पुष्टि गरेको छ। अख्तियार प्राप्त व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने र स्रोत नखुलेको सम्पत्ति जफत गर्ने हिम्मत गरे देशको दुई-चार वर्षको बजेट त्यसैले धान्छ। सम्पत्ति शुद्धीकरण निकायले उजुरी छानबिन मात्र गरेर हुँदैन। भ्रष्ट जो होस्, तिनलाई कतैबाट जोगाउने प्रयास हुनुहुँदैन।

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

# कांग्रेसको कर्नाटक विजय : बहुसंख्यकवादलाई धक्का

राहुल गान्धीले अघि सारेका मुद्दालाई कर्नाटक राज्यले अनुमोदन गरेको छ, भारतले अझै लोकतन्त्र एवं धर्मनिरपेक्षता मान्छ भनेर देखाएको छ



देश / विदेश

● अशोक स्वैन

भारतमा कांग्रेस पार्टीले कर्नाटक विधानसभा चुनावमा सानदार विजय हासिल गरेको छ। चुनावी नतिजाले दक्षिण भारतबाट भारतीय जनता पार्टी (भाजपा) मुक्त भएको छ। यसबाहेक नतिजाले भारतको राजनीतिक भविष्यका सन्दर्भमा शक्तिशाली राजनीतिक सन्देश दिएको छ र मार्गनिर्देशन गरेको छ। यो त्यतिवेला भइरहेको छ, जतिवेला मुलुकको सन् २०२४को आम निर्वाचन नजिकिँदो छ।

करिब एक दशकयता भारतीय राजनीतिमा भाजपाको रजगज चलेको छ, जहाँ भाजपाले आफूलाई हिन्दू राष्ट्रवादी पार्टी भन्दै गौरव महसुस गर्छ र बहुसंख्यकवादको राजनीति गर्छ। भाजपाको उदयसँगै भारतमा ऐतिहासिक रूपमा बलियो चुनावी उपस्थिति बनाएको भारतकै पुरानो राजनीतिक दल कांग्रेस ओरालो लागेको थियो।

पछिल्ला दुई आमनिर्वाचनमा कांग्रेसले व्यहोरेको पराजयले भारत धर्मनिरपेक्ष रहन्न कि भनेर चिन्ता व्यक्त हुन थालेको थियो। बहुसंख्यकवादी विचारधारा र राजनीतिलाई खुलेर सामना गर्ने कांग्रेस पार्टी नेता राहुल गान्धीको रणनीतिमाथि पनि प्रश्न उठेका थिए।

**राहुल गान्धी फ्याक्टर :** कैयौँ राजनीतिक पण्डितले कांग्रेसले आफूले गरिरहेको धर्म निरपेक्ष राजनीतिलाई मत्थर बनाउन सुझाव दिएका थिए। बरु यी पण्डितले कांग्रेसलाई भाजपाजस्तै वैचारिक रबैया अपनाएका क्षेत्रीय पार्टीजस्तो बन्नसमेत सुझाएका थिए।

यति मात्रै नभई कांग्रेसले पार्टीबाट आफ्ना कैयौँ ठूला नेताको बहिर्गमनसमेत व्यहोरेको थियो। यी ठूला नेता गान्धीको बहुसंख्यकवादविरोधी राजनीतिको विरोध गर्दै यो रणनीतिले चुनाव जित्न नसकिने भन्दै भाजपा प्रवेश गरेका थिए। सबै पपुलिजम (लोकरिझ्याइँवाद) को गंगामा हात धुन लालायित भएका वेला राहुल गान्धीले हिन्दू राष्ट्रवादी राजनीतिको जननी भनेर चिनिने राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)को आलोचना गर्न कुनै कसर बाँकी राखेका थिएनन्। उनले कहिल्यै धर्मनिरपेक्षताको राजनीतिमा सम्झौता गरेनन्। भारतजस्तो विविधतायुक्त एवं बहुसांस्कृतिक मुलुकलाई समावेशी राजनीतिले मात्रै अगाडि बढाउँछ भन्नेमा गान्धी दृढ छन्।

भारतका हरेक कुनामा राहुल गान्धीविरुद्ध मुद्दा दायर गरिएका छन् र एउटा मामिलामा उनलाई दुई वर्षको जेल सजायसमेत दिइएको छ (सजाय दिइएपछि उनले पुनरावेदन गरेका छन्)। गान्धीलाई संसद्मा अयोग्य ठहऱ्याइएको छ, उनको सुरक्षा बन्दोबस्तीलाई घटाइएको छ। त्यति मात्रै नभई उनको सरकारी आवास पनि खोसिएको छ। यति हुँदाहुँदै पनि उनी द्वेष र हिंसाको राजनीति नभई प्रेम र सम्मानको राजनीतिको पैरवी गरिरहेका छन्। उनकै भाषामा भन्ने हो भने उनी भारतको 'घृणा-द्वेषको बजारमा प्रेमको हाट लगाउँदै' छन्। जब सन् २०२२ को शरदयाममा राहुल गान्धीले चार हजार किलोमिटरभन्दा बढी दूरीको 'भारत जोडो यात्रा' नामको पदयात्रा गरे। थुप्रैले यस यात्रामा चुनावी एजेन्डा नभएकाले यसको औचित्यमाथि नै प्रश्न उठाएका थिए।

**धर्मनिरपेक्षता, लोकतन्त्र र समावेशिता :** यसअघि प्रकाशित मेरो स्तम्भमा मैले भारत जोडो यात्राको सफलताबारे लेखेको थिएँ। जहाँ मैले यस यात्राले भारतको राजनीतिक भाष्य केही हदसम्म परिवर्तित भएको भन्ने तर्क गरेको थिए। सो स्तम्भमा मैले बहुसंख्यकवादको सुनामीका बाबजुद भारतका जनता धर्मनिरपेक्षता, लोकतन्त्र र समावेशिताको झन्डामुनि एकत्रित हुनेछन् भनेर लेखेको थिएँ।

कर्नाटक वर्षौंदेखि आरएसएसको प्रयोगशाला बनिरहेको थियो र यो राज्यमा भाजपा कम्तीमा १५ वर्षदेखि



तस्बिरः एएनआई

वर्चस्वशाली राजनीतिक दल थियो। यसअघिको कर्नाटक विधानसभा चुनावमा भाजपाको सर्वाधिक प्रतिनिधित्व थियो। भाजपाले पछिल्लो चार वर्षयता राज्यमा शासन गर्दै आएको थियो। यी चार वर्षमा भाजपाले बहुसंख्यकवादी एजेन्डालाई प्रोत्साहन गर्न जे सक्थ्यो, त्यो गरेको थियो।

राज्य सञ्चालित विद्यालय र कलेजमा हिजाबमाथि प्रतिबन्ध लगाइएको थियो। उपनिवेशवादी शक्तिसँग बहादुरीपूर्वक युद्ध लडेका मुसलमान राजा टिपु सुल्तानको राज्यले हरेक वर्ष मनाउने जन्मजयन्तीमा समेत रोक लगाएको थियो।

सत्तारुढ दल भाजपाले निर्वाचनमा नांगो बहुसंख्यकवादी चुनावी अभियान चलाएको थियो। यसक्रममा विपक्षी कांग्रेसले आफ्नो वैचारिक अडानमा परिवर्तन ल्याउँछ कि भन्ने भय व्याप्त थियो। किनभने, कर्नाटकमा ८४ प्रतिशत जनता हिन्दू थिए। तर, कर्नाटक राज्य कांग्रेसले राहुल गान्धीको मार्ग चुन्यो र बाटो बिराएन।

**सहिष्णुता एवं समावेशिताका लागि मत :** कांग्रेसले चुनावी घोषणापत्रमा बहुसंख्यकवाद अँगालेको उग्रवादी संगठन बजरंग दललाई प्रतिबन्ध लगाउने वाचा गरेको थियो। यो वाचालाई लिएर थुप्रै विश्लेषकले कांग्रेस पार्टीले चर्को निर्णय गरेको भन्दै आलोचना गरेका थिए र यसले धार्मिक ध्रुवीकरण बढाउने र भाजपाले लाभ उठाउने विश्लेषण गरेका थिए। तथापि, कांग्रेसले कर्नाटक विधानसभामा भाजपाको तुलनामा दुई गुणा बढी सिट ल्याएको छ, जबकि कर्नाटकमा बहुसंख्यक मानिस हिन्दू छन् र जसलाई भाजपाले आफ्नो भोट बैंक ठान्थ्यो।

निर्वाचनले कर्नाटकका जनता बहुसंख्यकवादी राजनीतिको पासोमा नपरेको देखाएको छ। र, कर्नाटकका जनताले सहिष्णुता, समावेशिता र धर्मनिरपेक्षतामा विश्वास गर्ने सरकारलाई चुनेका छन्। सफल रहेको भारत जोडो यात्रामा राहुल गान्धीले अघि सारेका मुद्दा

# इमरान खानको गिरफ्तारीपछि पाकिस्तानमा बढ्दो जनआक्रोश

पाकिस्तानको राजनीतिक विमर्शमा 'अभूतपूर्व' शब्द यति धेरै प्रयोग हुने गर्छ, कहिलेकाहीं लाग्छ, यस शब्दले अर्थ नै गुमाइसक्यो। तर, फेरि त्यहाँको राजनीतिक स्थितिलाई सटिक रूपमा यही शब्दले प्रतिबिम्बित गर्ने गर्छ। हिवलचेयरमा बसेका पूर्वप्रधानमन्त्री तथा पाकिस्तान तहरिक-ए-इन्साफका अध्यक्ष इमरान खानलाई इस्लामाबाद उच्च अदालत परिसरबाट अर्धसैनिक बलको टोलीले नाटकीय रूपमा गिरफ्तार गरेपछि पुनः यही स्थिति देखिएको छ। खानको पक्राउले क्रोधको बाँध फुटेजस्तो स्थिति देखियो। आक्रोशको बाढी देशभरका सडकमा छताछुल्ल भयो। तथापि पाकिस्तानीहरूको आक्रोश नयाँ भने होइन। पाकिस्तानले धेरै हिंसात्मक विरोध झेलेको छ र निःसन्देह भविष्यमा पनि तिनलाई देख्नु पर्नेछ। तर, यसपटक आक्रोशको निशानामा विगतमा क्रुद्धभन्दा क्रुद्ध भिडको निसाना नपरेको निकाय पऱ्यो : शक्तिशाली सैन्य प्रतिष्ठानको प्रतीक र किल्ला।



प्रदर्शनकारीले लाहोर कोर्प्स कमान्डरको सरकारी निवासमा तोडफोड गरे। सैन्य कमान्डरको निवासको फर्निचर थुपारेर आगजनी गरिएको फुटेज सामाजिक सञ्जालमा भाइरल बन्न पुग्यो। केही प्रदर्शनकारीले निवासका पेन्टिङदेखि गल्फ क्लबसम्मका सामान गौरवका साथ लिएर हिँडेको देखियो। एक प्रदर्शनकारीले त बँगैचामा चरिरहेको मयुर नै लिएर निस्किरहेको पनि देखियो। महत्त्वपूर्ण सामान निकालिसकेपछि पूरै भवनमा आगो लगाइयो। त्योभन्दा पनि महत्त्वपूर्ण घटना सेनाको स्नायु केन्द्र मानिने रावलपिन्डीस्थित सेनाको मुख्यालयमा देखियो, जहाँ एक महिलाको नेतृत्वमा रहेको एक भिड पसेको थियो। अझ अचम्म, तिनले त्यहाँ कुनै प्रारम्भिक प्रतिरोधको सामना गरेनन्। कतै सेनाले मुख्यालयमा प्रवेश दिएर इमरान खानको पार्टीविरुद्ध व्यापक धरपकडको बहाना खोजेको त होइन भन्ने आशंका पनि देखियो। पिटिआई नेताहरू पछिल्लो हिंसाले निम्त्याउने जोखिमबाट सचेत भएर होला, आफ्नो पार्टीलाई हिंसाबाट टाढा राख्ने प्रयास गरिरहेका थिए।

केही विज्ञले सम्भवतः सेनाको उच्च पंक्तिमा विभाजनका कारण सो दिन प्रतिरोध नभएको चिन्ता पनि व्यक्त गरे। तथापि हालसम्म यस अनुमानलाई समर्थन गर्ने कुनै प्रमाण भेटिएको छैन। सम्भवतः ठूलो रक्तपात हुन सक्ने प्रक्षेपणमा सैन्य अधिकारीले संयमता अपनाएको हुन सक्छ। तर, पाकिस्तानको राजनीतिक खेलमा वास्तविकता के हो र कल्पना के हो प्रायः बताउन असम्भव हुन्छ। पाकिस्तानका अन्य भागमा पिटिआई समर्थकले सार्वजनिक भवन, बस र टोल बुथ जलाए। कम्तीमा एउटा विद्यालय खरानीमा परिणत भएको पुष्टि भएको छ। धेरै स्थानमा प्रदर्शनकारी र सुरक्षा बलबीच हिंसात्मक झडप भएका थिए। झडपमा कैयौं प्रदर्शनकारीको मृत्यु भएको पुष्टि भएको छ। पिटिआईका धेरै वरिष्ठ नेता पक्राउ परेका छन् र पार्टीविरुद्धको धरपकड तीव्र भएको छ। विद्युतीय माध्यमलाई दंगाका फुटेज प्रदर्शन गर्न रोक लगाइएको छ। ट्विटर, फेसबुक र युट्युबजस्ता सामाजिक सञ्जाल अवरुद्ध छन्।

> दुई वर्षअघि मात्र खानको पार्टी पिटिआई र सैन्य प्रतिष्ठानबीचको सम्बन्ध मजबुत देखिन्थ्यो, जुन इमरान खानका राजनीतिक विपक्षीको चिन्ताको विषय बनेको थियो। खानको कार्यकालमा धेरै विपक्षी नेता गिरफ्तारी र कारबाहीको सिकार भएका थिए।

दुई वर्षअघि मात्र खानको दल पिटिआई र सैन्य प्रतिष्ठानबीचको सम्बन्ध टुट्न नसकिने बलियो देखिन्थ्यो, जुन खानका राजनीतिक विपक्षीको चिन्ताको विषय बनेको थियो। खानको कार्यकालमा धेरै विपक्षी नेता गिरफ्तारी र कारबाहीको सिकार बनेका थिए, जुन अहिले खान आफैंले सामना गर्नुपर्ने स्थिति आएको छ। खान र सैन्य प्रतिष्ठानबीचको सम्बन्ध कुनै वेला गहिरो रहेर पछि एकअर्काको दुस्मनीमा बदलिएको कथाजस्तो देखिन्छ। १७औं शताब्दीका एक अंग्रेज नाटककारले यस्तो सम्बन्धबारे भनेका छन्, 'घृणामा बदलिएको प्रेममा जस्तो क्रोध अरू कतै पाइँदैन।' खान र सेनाबीच सम्बन्ध किन तिक्त बन्यो भन्ने कारण भने अझै खुलिसकेको छैन। विश्वासको मत लिने समयमा खानविरुद्ध कुनै वेला उनलाई सत्तामा पुऱ्याउन र त्यहाँ कायम राख्न भूमिका खेलेको संस्था नै हात धोएर लाग्यो। त्यही संस्थाले पिटिआईका प्रमुख सत्ता साझेदार दल र पार्टीकै केही सांसदलाई अविश्वासको मत दिन प्रेरित गरेको मानिन्छ। तर, खान सेनाले सोचेभन्दा निकै चतुर प्रतिद्वन्द्वी साबित भए। उनले सुरुमा आफ्नो बर्खास्तीमा अमेरिकालाई दोष दिए। पछि उनको मुख्य निसानामा तत्कालीन सेना प्रमुख जनरल कमर जावेद बाजवा परे।

कुनै वेला खानले प्रतिरक्षा गर्ने र प्रशंसा गर्ने जनरल बाजवा प्रमुख साझेदार र सहयोगी भएबाट उनकै भाषामा 'देशद्रोही'मा बदलिए। बाजवा अब पिटिआईका अत्यन्त मुखर समर्थकको आलोचनाको तारो बन्न थाले। सामाजिक सञ्जाल र सार्वजनिक च्यालीमा विरोधको विषय उनी हुन्थे। संस्थानका षड्यन्त्रविरुद्ध आफूहरूसँग उभिन खानका समर्थकले सबैलाई आह्वान गर्न थालेका थिए। यी विरोध र अडानमा पाखण्डपन हुँदैनथ्यो भने ती प्रशंसनीय हुने थिए। त्यो किनभने केही समयअघि यिनै नव-क्रान्तिकारी सेनाबारे तिनले अहिले प्रयोग गरेभन्दा नरम र सतर्क टिप्पणी गर्नेलाई 'देशद्रोह'को बिल्ला भिराइदिन्थे। आलोचनात्मक पत्रकारमाथि हुने हमला, अपहरण र हत्या प्रयासप्रति ती या खुसी व्यक्त गर्थे या केही थाहा नपाएझैं गर्थे। खानले उनको कार्यकालमा आफ्ना राजनीतिक विपक्षीलाई जेल हाल्ने कुरालाई प्राथमिक नीतिमध्ये एक बनाएका थिए।

*- अलजजिराबाट*

## इतिहासमा आज — मे १६



१९७५ : जुन्को ताबेई विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने प्रथम महिला बनेको दिन। सर एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पा शिखरमा पुगेको २२ वर्षपछि जापानी आरोहीले सगरमाथाको आरोहण गरेकी थिइन्।

१९६६ : चीनमा सांस्कृतिक क्रान्तिको सुरुवात। माओत्सेतुङद्वारा सुरु भएको सो क्रान्ति दश वर्षसम्म चलेको राजनीतिक अभियानको सुरुवात थियो। यसको उद्देश्य चिनियाँ समाजबाट पुँजीवादी, परम्परागत र सांस्कृतिक तत्त्वहरूलाई हटाएर साम्यवादलाई बलियो बनाउनु थियो।

**सन् १९२९** : ओस्कर अवार्ड पहिलोपटक प्रदान। पहिलो एकेडेमी अवार्डहरू लगभग २७० सहभागीका साथ एक निजी डिनरमा प्रस्तुत गरियो। अहिले यसलाई संसारको सबैभन्दा महत्त्वपूर्ण मनोरञ्जन पुरस्कार समारोहको रूपमा लिइन्छ।

**२००७** : फ्रान्सेली राजनीतिज्ञ निकोलस सार्कोजीले फ्रान्सको राष्ट्रपतिको रूपमा शपथ लिए। उनी सन् २०१२ को निर्वाचनमा पराजित भएका थिए।

**सन् १९५१** : चीनको कम्युनिस्ट फौजद्वारा कोरिया युद्धमा दोस्रो चरणको चाइनिज स्पिङ अफेन्सिभ सुरु र २० माइल भूभाग प्राप्ति।

## विश्व संक्षेप

### सुडान झडपमा सात सयको मृत्यु : राष्ट्रसंघ

**खार्तुम**/ सुडानी सेना र च्यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच भएको झडपमा परी कम्तीमा ६७६ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले जनाएको छ। सुडानमा सेना प्रमुख अब्देल फत्ताह अल-बुहारन र उप-प्रमुख मोहम्मद हमदान डागलोप्रति बफादार सुरक्षा बल (च्यापिड सपोर्ट फोर्सेज) बीचको द्वन्द्व एक महिना नाघिसकेको छ। 'सुडानको सशस्त्र बल र च्यापिड सपोर्ट फोर्सेजबीच लगातार ३० दिनसम्म जारी द्वन्द्वमा विशेषगरी खार्तुम र आसपासका क्षेत्रमा कम्तीमा ६७६ जनाको मृत्यु भएको छ भने पाँच हजार ५७६ जना घाइते भएका छन्,' ओसिएचएले उल्लेख गरेको छ। प्रतिवेदनअनुसार गत अप्रिल १५ देखि हालसम्म द्वन्द्वका कारण नौ लाख ३६ हजारभन्दा बढी मानिस विस्थापित भएका छन्, जसमध्ये करिब सात लाख ३६ हजार २०० आन्तरिक रूपमा विस्थापित भएका छन् भने करिब दुई लाखले छिमेकी मुलुकमा शरण लिएका छन्। गत अप्रिलको मध्यमा भएको झडपपछि सुडानको राजधानी खार्तुमका बासिन्दाले खाद्यान्नको चरम अभाव झेल्दै आएका छन्। झडपमा विशेषगरी दर्जनौं कारखाना लुटिएका वा जलाइएका छन्। संयुक्त राष्ट्रसंघका अनुसार सन् २०२३ मा करिब एक करोड ५८ लाख सुडानी अर्थात् सुडानको जनसंख्याको करिब एकतिहाइलाई मानवीय सहायताको आवश्यकता पर्ने अनुमान गरिएको छ। मे ११ मा सुडानी युद्धरत पक्षले साउदी बन्दरगाह सहर जेद्दाहमा आपत्कालीन मानवीय सहायता वितरणलाई सहजीकरण गर्न र नागरिकको सुरक्षित निकासीको ग्यारेन्टी गर्न सुडानका नागरिकको रक्षा गर्ने प्रतिबद्धताको घोषणापत्रमा हस्ताक्षर गरेका भए पनि हिंसा रोक्ने सम्झौता भने गरिएको छैन।

### जासुस अभियोगमा अमेरिकीलाई चीनमा कारावास

**बेइजिङ**/ चीनले जासुसी गरेको आरोपमा ७८ वर्षीय एक अमेरिकी नागरिकलाई आजीवन कारावासको सजाय सुनाएको छ। अमेरिकी पासपोर्ट धारक जोन सिङ-वान लेउङलाई जेल सजाय तोकिएपछि बेइजिङ र वासिङ्टनबीचको सम्बन्धमा थप तनाव उत्पन्न हुने सम्भावना बढेको छ। चीनको पूर्वी सहर सुझोउस्थित एउटा अदालतले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हङकङका स्थायी बासिन्दा लेउङलाई जासुसी गरेको अभियोगमा दोषी ठहर गरिएको छ। उनलाई आजीवन कारावासको सजाय सुनाइएको छ र आजीवन राजनीतिक अधिकारबाट वञ्चित गरिएको छ।' सन् २०२१ को अप्रिलमा सुझोउका अधिकारीले ७८ वर्षीय लेउङविरुद्ध 'कानुनी कदम चालेको' विज्ञप्तिमा जनाइएको छ। पक्राउ पर्दा लेउङ कहाँ थिए भन्ने स्पष्ट पारिएको छैन। बेइजिङस्थित अमेरिकी दूतावासका प्रवक्ताले सुझोउमा हालै एक अमेरिकी नागरिकलाई दोषी ठहर गर्दै सजाय सुनाइएको खबरबारे आफूहरू जानकार रहेको बताए। विदेश मन्त्रालयका प्रवक्ताले भने, 'विदेश मन्त्रालयले विदेशमा रहेका अमेरिकी नागरिकको सुरक्षाभन्दा ठूलो प्राथमिकता अरू केही छैन।' अदालतको बयानमा आरोपबारे थप विवरण दिइएको छैन।

### टर्कीमा राष्ट्रपति निर्वाचन : एर्दोगानको अग्रता

**इस्तानबुल**/ टर्कीमा २८ मेमा हुने राष्ट्रपति पदको दोस्रो चरणको निर्वाचनका लागि तयारी भइरहेको छ। आइतबार सम्पन्न प्रारम्भिक चरणको मतदानमा कुनै पनि उम्मेदवारले ५० प्रतिशतको थ्रेसहोल्ड पार गर्न नसकेपछि यो निर्वाचन दोस्रो चरणमा प्रवेश गर्दै छ। वर्तमान राष्ट्रपति रेसेप तैयप एर्दोगानले ४९.४२ प्रतिशत मत प्राप्त गरी चुनावी दौडमा अग्रता लिएका छन् भने उनका प्रतिद्वन्द्वी केमाल किलिचदारोग्लुले ४४.९५ प्रतिशत मत प्राप्त गरेका छन्। हालसम्म ९९.३८ प्रतिशत मतगणना भएको छ। अर्का उम्मेदवार सिनान ओगानले ५.२ प्रतिशत मत प्राप्त गरेका छन्। 'हामीलाई थाहा छ, हामी चुनावी दौडमा स्पष्ट रूपमा अगाडि छौं,' ६९ वर्षीय राष्ट्रपतिले भने। गठबन्धनले संसद्मा स्पष्ट बहुमत प्राप्त गरेको र दोस्रो चरणको मतदानमा पनि आफ्नो उम्मेदवारीलाई समर्थन गर्ने उनले विश्वास व्यक्त गरे। तर, विपक्षी दलका उम्मेदवार केमाल किलिचदारोग्लुले भने एर्दोगानले नजित्ने दाबी गरे। एर्दोगानको सत्तारूढ दलले मतगणना र परिणाम सार्वजनिक गर्न जानाजानी ढिलाइ गरेको उनले आरोप लगाए।


**सानिमा बैंक लिमिटेड, शाखा कार्यालय तानसेनको तपसिलमा उल्लेखित धितोमा रहेको सवारी साधन लिलाम बिक्री हुने सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकसँग गरेको सम्झौता बमोजिम यस बैकबाट लिएको कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको र बैकबाट पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकाले **मिति २०७८ कात्तिक २६** गतेको **"अन्नपूर्ण पोष्ट"** राष्ट्रिय दैनिकमा सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५** दिने तथा **२०७८ साल पुष महिना १५** गते **"अन्नपूर्ण पोष्ट"** राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जाको बक्यौता साँवा र सोमा लागेको ब्याज, हर्जाना ब्याज लगायत अन्य दैदस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ ऋणी र जमानीकर्ताहरूले कुनै ध्यान नदिएकाले धितो सुरक्षणमा रहेको तपसीलमा उल्लेखित चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा आफुले सकार गर्न चाहेको मूल्य खोली शिलबन्दीखाममा यस बैकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यलय तानसेनमा पेश गर्नुहुन आह्वान गरिन्छ । धितो लिलाम बिक्रीगर्दा सो चल/अचल सम्पत्ति कसैले पनि गोप्य शिलबन्दी बोल कबोल गरी नलिएमा बैकले नेगोसिएसन समेत गरी बिक्री गर्न सक्नेछ । त्यसरी समेत बिक्री नभएमा प्रचलीत कानून तथा बैकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैकले आफै सकार गरेर लिँदा साविकमा बैकबाट भएको मूल्यांकनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा हाम्रो/मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरी लियो भनि कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितो बन्धकीमा रहेको चल/अचल सम्पत्ति बिक्री गर्दा पनि यस बैकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको घर घरानाको अन्य चल अचल श्रीसम्पत्तिबाट लेना रकम असुलउपर गरीने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल:

| | |
|---|---|
| **ऋणीको नाम र ठेगाना :** | |
| नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता न १९१५२८/७४/०७५ कायम भई मिति २०७५/०२/२९ मा दर्ता भएको पाल्पा जिल्ला, भगवतीटोल वडा नं. ३, तानसेन स्थित **श्री एस. एण्ड ए. कन्स्ट्रकसन सोलुसन एण्ड सप्लायर्स प्रा.लि** । | |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | गणेश प्रसाद श्रेष्ठको नाती, मोहन प्रसाद श्रेष्ठको छोरा, पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ८ बस्ने **सुजन श्रेष्ठ** । |
| २ | विमल शंकर सैजुको छोरी, सुजन श्रेष्ठको श्रीमती, पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. १५ बस्ने **अर्पना श्रेष्ठ** । |
| ३ | जीत गोबिन्द श्रेष्ठको नाती, राजेन्द्र गोबिन्द श्रेष्ठको छोरा, पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ८ बस्ने **सन्देश गोबिन्द श्रेष्ठ** । |
| ४ | विमल शंकर सैजुको छोरी, सन्देश गोबिन्द श्रेष्ठको श्रीमती, पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. १५ बस्ने **अनुभा सैजु** । |
| ५ | सूर्य कुमार श्रेष्ठको नातीनी, धर्म कुमार श्रेष्ठको छोरी, पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. १ बस्ने **मधुमती सैजु** । |
| **संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** | |
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय पाल्पामा प्रा.फ.न.घ.उ.का. १४९१/०६३/०६४ कायम भई मिति २०७३/०९/२४ मा दर्ता भएको पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ८ स्थित **श्रेष्ठ निर्माण सेवा** । | |
| **धितो सुरक्षणमा रहेको सवारी साधनको विवरण** | |
| १ | धनी सानिमा बैक लिमिटेड (ऋणी श्री एस. एण्ड ए. कन्स्ट्रकसन सोलुसन एण्ड सप्लायर्स प्रा.लि) को नाममा यातायात व्यवस्था कार्यालय, रूपन्देहीमा दर्ता रहेको सवारी नं. लु २ ख ३८६४ को ईन्जिन नं. E613CDJH234269 च्यासिस नं. MC2K7ERCOJH063361 को EICHER TERRA 16 HDR टिप्पर । |
| २ | धनी सानिमा बैक लिमिटेड (ऋणी श्री एस. एण्ड ए. कन्स्ट्रकसन सोलुसन एण्ड सप्लायर्स प्रा.लि) को नाममा यातायात व्यवस्था कार्यालय, रूपन्देहीमा दर्ता रहेको सवारी नं. लु २ ख ३१९३ को ईन्जिन नं. E613CDJC20305 च्यासिस नं. MC2K7ERCOJC061947 को EICHER TERRA 16 HDR टिप्पर । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू:**

१. बोलपत्र आवेदन फारम यस बैकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यलय तानसेनबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैकको खाता नं. ००१०१३५१५०००० मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सानिमा बैक लिमिटेडको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको उपस्थितिमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित सवारी साधनको बारेमा आवश्यक जानकारी चाहिएमा यस बैकको शाखा कार्यालय तानसेनमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र दाखिला गर्दा उल्लेखित सवारी साधनका लागी छुट्टाछुटै बोलपत्र फारम मार्फत आवेदन पेश गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ । साथै नामसारी गर्दा सम्बन्धित सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर स्वयम् बोलकबोल गर्नेले नै व्यहोर्नु पर्नेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले २०८० साल जेठ महिना १६ गते कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैकमा नै सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान:**
**मिति : २०८० साल जेठ महिना १८ गते ।**
**स्थान : सानिमा बैक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-५९७००३३, फ्याक्स: +९७७-१-४४२८९६९, ईमेल: sanima@sanimabank.com



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय लहान, सिरहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रकाशित मिति २०८०/०२/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सि.सि. बैंक लि.) शाखा कार्यालय लहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ १७ गते बुधबार**का दिन शाखा कार्यालय लहान, सिरहामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरण:**

प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्राइभेट फर्म रजिष्टेसनको कार्यालयमा मिति २०७३/०९/०४ मा दर्ता नं. ६०९९/२०७३/०७४ दर्ता कायम भई सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **भवानी किरना पसल**का प्रोप्राईटर जोखन चौधरीको नाति, राजेन्द्र प्रसाद चौधरीको छोरा, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **अनिल कुमार चौधरी** (ना.प्र.नं. ७२१ जारी मिति २०५८/०४/२१ जिल्ला प्रशासन कार्यालय सिरहा)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. जोखन चौधरीको नाति, राजेन्द्र प्रसाद चौधरीको छोरा, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **अनिल कुमार चौधरी** (ना.प्र.नं. ७२१ जारी मिति २०५८/०४/२१ जिल्ला प्रशासन कार्यालय सिरहा)।
२. जोखन चौधरीको बुहारी, फकु लेखीको छोरी, राजेन्द्र प्रसाद चौधरीको पत्नी, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **राज कुमारी चौधरी** (ना.प्र.नं.५२६०१९२८ जारी मिति २०३८/०९/१२ जिल्ला प्रशासन कार्यालय सिरहा)।
३. राजेन्द्र प्रसाद चौधरीको बुहारी, बिकाराम थारुको छोरी, अनिल कुमार चौधरी पत्नी, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **सबिना चौधरी** (ना.प्र.नं.१५२००५/३२२२ जारी मिति २०६७/०६/०७ जिल्ला प्रशासन कार्यालय लहान सिरहा)।
४. धनसिहं चौधरीको नाति, जोखन चौधरीको छोरा, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **राजेन्द्र प्रसाद चौधरी** (ना.प्र.नं. ५२६०१९२७ जारी मिति २०३८/०९/२२ जिल्ला प्रशासन कार्यालय सिरहा)।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **राज कुमारी चौधरी**को नाममा मालपोत कार्यालय, राजबिराज दर्ता कायम रहेको सिरहा सप्तरी, मधुपट्टी गा.पा./ना.पा., वडा नं. ८ स्थित कित्ता नं. ३९९ को क्षेत्रफल ०-१७-६.७५-० (बिगहा)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० जेठ १६ गते** भित्र बैंकको शाखा कार्यालय लहान, सिरहामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लहान, सिरहाबाट रु ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात मिति २०८० जेठ १७ गते अपरान्ह ३:००** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय लहान, सिरहामा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बांकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लहान, सिरहामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखीएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्

# अर्थतन्त्रका नसुल्झिने समस्या

## देशको सीमित वित्तीय साधन-स्रोत प्रभावकारी नभएसम्म अर्थतन्त्रमा सुधार आउने कल्पनासम्म पनि गर्न सकिँदैन



अर्थ संवाद

• कृष्णमणि पराजुली
पूर्वसचिव

कोभिड-१९ पछि खस्कँदै गएको नेपालको अर्थतन्त्रले अहिलेसम्म पनि गति लिन सकेको छैन । कोभिडले अर्थतन्त्रमा नराम्रो असर पारेको हुँदा त्यसलाई लयमा ल्याउन सरकारले उद्योगी व्यवसायीलाई विभिन्न प्रकारका सुविधा तथा छुटको सहुलियत पनि उपलब्ध गराएको थियो । यसले उद्योग व्यवसायलाई निश्चय नै आफ्नो व्यवसाय सञ्चालन गर्न सहयोग पुऱ्याएको थियो । कोभिड हटिसकेपछि सरकारले उपलब्ध गराइआएको सुविधामा रोक लगायो । यसबाट सरकार र उद्योगी व्यवसायीबीच केही वैमनस्य उत्पन्न हुन पुग्यो । अहिले यही विषयलाई लिएर सरकार र उद्योगी व्यवसायीबीच एक प्रकारको टकराव उत्पन्न भएको छ ।

खास गरेर उद्योगी व्यवसायीहरू पहिले दिइआएको सुविधाको निरन्तराको माग राख्दै आएका छन् भने कोभिड हटिसकेको अवस्थामा त्यसलाई निरन्तरता दिन नसकिने भनी सरकारले भनेको छ । त्यस समयमा एकल अंकमा लिएको बैंकको ब्याज अहिले १७-१८ प्रतिशत पुग्दा कसरी व्यवसाय सञ्चालन गर्न सकिन्छ भन्दै व्यवसायीले आवाज उठाइरहेका छन् । हाल बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप तथा कर्जामा ब्याजदर घटाउने भने पनि निक्षेपमा घटाएका छन् भने कर्जामा अझै केही समय लाग्ने भनिएको छ ।

कर्जामा केही प्रतिशत ब्याजदर घटे पनि त्यसले उद्योगी व्यापारीलाई खासै फाइदा हुने देखिँदैन । किनभने, संकटग्रस्त उद्योग व्यवसायका लागि १-२ प्रतिशत ब्याज घट्दैमा उनीहरू त्यति उत्साहित हुँदैनन् र व्यवसायले पनि गति लिन सक्दैन । अहिले पनि कतिपय उद्योग बन्द भएका छन् भने कतिपय उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । एकातिर कर्जा उपलब्ध हुन सकिरहेको छैन भने अर्कोतिर पहिले लिएको कर्जाको साँवा-ब्याज भुक्तानी गर्न नसकेर जरिवाना तिर्नुपर्ने अवस्था छ ।

वर्तमान अवस्थामा रुस-युक्रेन युद्धको कारणले गर्दा अन्तर्राष्ट्रिय बजारमा नै उच्च रूपले वस्तु तथा सेवामा मूल्यवृद्धि भइरहेको छ । नेपालको अर्थतन्त्र मूलतः आयातमा निर्भर भएकाले मूल्यवृद्धिमा असर पर्ने नै भयो । अझ बढी असर त इन्धनमा भएको मूल्यवृद्धिले पारिरहेको छ । इन्धनको मूल्यवृद्धि अंकगणितीय वृद्धिभन्दा पनि ज्यामितीय हुँदा अर्थतन्त्रका विभिन्न आयाममा प्रभाव पर्ने हुँदा देशको अर्थतन्त्र खस्कँदै जानुलाई स्वाभाविक रूपमा लिनुपर्ने हुन आउँछ । इन्धनको भारी मूल्यवृद्धिको कारणले गर्दा यातायात, खाद्यान्न, लत्ताकपडा, ढुवानीजस्ता हरेक वस्तुमा प्रत्यक्ष असर पर्न गएको छ । जसका कारण सहने नसकिने गरी सर्वसाधारण मूल्यवृद्धिको चपेटामा परेका छन् । यसरी जनताले संकट खेपिरहनुपरेको हुँदा विकास निर्माण कार्यले गति लिन नसकिरहेको अवस्था छ ।

अहिले बजार सुस्ताउँदै गएको छ । जनताको हातमा पैसा भएको भए माग बढ्ने थियो । माग नभएपछि उत्पादन गर्ने प्रश्नै आउँदैन । केही उत्पादित वस्तुको लागत बढ्न जाँदा मूल्यवृद्धि उच्च भएको अवस्था छ । बैंक तथा वित्तीय संस्थाहरूमा तरलताको अभाव छ । किनभने, बैंकमा पैसा जम्मा गर्नेहरू नै एकदम न्यून छन् । निक्षेप नै नभएपछि बैंकले कसरी कर्जा प्रवाह गर्ने ? कर्जा प्रवाह नभएपछि उद्योगी व्यवसायीहरूले व्यवसाय सञ्चालन गर्न सहज हुने अवस्था पनि हुँदैन ।

बजारमा माग सिर्जना गर्नका लागि आन्तरिक उत्पादनको विकास हुनु आवश्यक छ । अहिले त उद्योगधन्दाहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसकिरहेको अवस्थामा गुणस्तरीय र सस्तो उत्पादनको त्यति आशा गर्न सकिँदैन । आन्तरिक उत्पादनले माग पूरा गर्न नसकेको हुँदा आयातमा नै निर्भर हुनुपरेको छ । आयातीत वस्तु स्वदेशी उत्पादनभन्दा गुणस्तरीय र सस्तो पनि भएको हुँदा नेपालले आर्जन गरेको विदेशी मुद्रा पनि देशबाहिर गइरहेको अवस्था छ । यसले विदेशी मुद्रा सञ्चितिमा दबाब सिर्जना गरिरहेको देखिन्छ ।

१०-११ महिनाको आयात धान्न सक्ने वैदेशिक मुद्रा सञ्चिति अहिले भए पनि त्यसले स्थिरता पाउन सक्ने देखिँदैन । विदेशी मुद्रा सञ्चितिलाई मध्यनजर गरेर सरकारले केही महिनाअघि विलासिताका सामान आदिमा पूर्ण बन्देज लगाएको थियो । यसले विदेशी मुद्रा बाहिर जान सकेन र विदेशी मुद्रा सञ्चितिमा वृद्धि भयो । तर, बुझ्नुपर्ने कुरा के छ भने हाम्रो कुल राजस्वको ६० प्रतिशत भन्सारबाटै प्राप्त हुने हो । यसले गर्दा राजस्व हवात्तै घटेको छ । राजस्व घटेका कारणले गर्दा साधारण खर्च धान्न पनि सरकारलाई कठिन भएको छ । अहिले सरकारको साधारण खर्च आम्दानीभन्दा बढी देखिन्छ, अर्थात् ऋणात्मक । साधारण खर्च चलाउन पनि अब सरकारले आन्तरिक ऋण उठाउनुपर्ने अवस्था सिर्जना भएको छ ।

अर्कोतर्फ, नेपालको अर्थतन्त्रमा वैदेशिक सहायताको भूमिका अग्रस्थानमा रहेको देखिन्छ । अहिले विश्वअर्थतन्त्र नै संकटबाट गुज्रिरहेकाले अब उनीहरूले नेपाललाई अनुदान उपलब्ध गराउने अवस्था नै देखिँदैन । उनीहरूले दिने भनेको नै ऋण सहायता हो । अहिलेको विश्व परिवर्तित सन्दर्भमा त्यो पनि त्यति सम्भव नहोला, किनकि उनीहरू पनि आर्थिक संकटको चपेटामा परेको अवस्था छ ।

नेपालको अर्थतन्त्रको कुरा गर्दा अहिले विप्रेषण नै ठूलो आधार भएको देखिन्छ । राष्ट्रिय बजेटकै हाराहारीमा विप्रेषण आउने गरेको छ । वैदेशिक मुद्राको सञ्चितिमा टेवा दिने कार्य पनि यसैले गरेको छ र यसलाई अर्थतन्त्रको मेरुदण्डको रूपमा लिइएको पनि छ । अहिले अर्थतन्त्रमा केही सुधार हुँदै गएको देखिन्छ । आयातमा कसिलो नीति लिइँदा विदेशी मुद्रा सञ्चितिमा सुधार भए तापनि यसलाई सधैं निरन्तरता दिन सकिँदैन । आयातलाई नियन्त्रण गर्दा राजस्वमा प्रतिकूल प्रभाव पर्दछ । त्यसकारण क्षणिक पटके सुधार नीतिले तत्कालका लागि केही सुधार देखिए पनि दीर्घकालीन र भरपर्दो हुँदैन । यस प्रकारको नीतिले समस्या नसुल्झिने हुन्छ ।

सुदृढ अर्थतन्त्रका लागि विप्रेषणलाई पनि राम्रो मानिँदैन । किनभने, यो स्थायी प्रकृतिको स्रोत होइन । नेपालले निर्यात गर्ने अदक्ष जनशक्ति नै हो । अदक्ष जनशक्तिले एकातिर राम्रो आय आर्जन गर्न सक्दैनन् । बजार अनिश्चित भएको अवस्थामा नेपालबाट निर्यात भएको जनशक्तिले निरन्तरता पाउन सक्छ भन्ने कुराको कुनै प्रत्याभूति हुँदैन ।

अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले आन्तरिक ऋण उठाउने गरेको छ । जनताको हातमा पैसा नभएको अवस्थामा लक्ष्यअनुरूप आन्तरिक ऋण उठ्ने कुरामा शंका गर्न सकिन्छ । बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकमको अभाव भएको कारणले गर्दा उद्योगी व्यवसायीहरूले कर्जा पाउन सकेका छैनन् । उच्च महँगीले गर्दा सर्वसाधारणलाई दैनिकी सञ्चालन




> राजस्व घटेका कारण साधारण खर्च धान्न पनि सरकारलाई कठिन छ । सरकारको खर्च आम्दानीभन्दा बढी देखिन्छ । साधारण खर्च चलाउनै पनि अब सरकारले आन्तरिक ऋण उठाउनुपर्ने अवस्था सिर्जना भएको छ ।

गर्न समस्या भइरहेको अवस्थामा आन्तरिक ऋणले समस्या सुल्झाउने कुरामा त्यति भरपर्दो आधार देखिँदैन ।

अर्थतन्त्रलाई मजबुत बनाउने सन्दर्भमा वैदेशिक प्रत्यक्ष लगानीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । तर, नेपालमा भने अनुकूल परिस्थिति बन्न सकिरहेको छैन । प्रतिबद्धता गरेबमोजिमको वैदेशिक लगानी आउन सकेको छैन । छिटो-छिटो सरकार परिवर्तन हुँदा आर्थिक नीति परिवर्तन हुनाले पनि लगानीकर्ता विश्वस्त हुन सकिरहेका छैनन् । त्यसकारण प्रतिबद्धता जाहेर गरेका लगानी पनि आउन सकेका छैनन् ।

देशको अर्थतन्त्र सुदृढ बनाउनका लागि भ्रष्टाचार निर्मूल हुनुपर्दछ । देशको सीमित वित्तीय साधन स्रोत प्रभावकारी हुन नसकेको अवस्थामा देशको अर्थतन्त्रमा सुधार आउन सक्छ भन्ने कुरा कल्पनासम्म पनि गर्न सकिँदैन । अहिले आर्थिक अनियमितता तीव्र रूपमा बढ्दै गएको छ । हालै प्रकाशित मलेपको ६०औँ प्रतिवेदनले औंल्याएका बेरुजु र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेका मुद्दाहरूबाट पनि यो कुरा सहजै अनुमान गर्न सकिन्छ ।

विकास निर्माण र सेवा प्रवाहका लागि वैदेशिक ऋणको आवश्यकता परेको हुन्छ । तर, प्राप्त ऋण पनि अधिकतम प्रतिफल हासिल गर्ने गरी सञ्चालन भएको अवस्था छैन । यसरी लिएको ऋणको भार भावी पुस्तामा पर्ने हुँदा यसले दीर्घकालीन प्रभाव पार्ने हुन्छ । अहिलेसम्म नेपालले लिएको ऋण २० खर्ब ७९ अर्बभन्दा बढी पुगिसकेको छ र यसबाट सञ्चालित आयोजनाहरूबाट प्राप्त उपलब्धि तथा हालको अवस्था हेर्दा सन्तोष गर्ने ठाउँ देखिँदैन ।

नेपालको अर्थतन्त्रका समस्या स्पष्ट छन् र समाधानका उपाय पनि स्पष्ट छन् । तर पनि समस्या भने यथावत् रहेका देखिन्छन् । मुख्य प्रश्न छ, कार्यान्वयनको । अहिले सरकारले अर्थतन्त्र सुधारका लागि जति नै प्रयास गरेको छ, त्यो तदर्थ किसिमको छ । राजस्व कम प्राप्त भयो भने भन्सार बिन्दुलाई लचिलो बनाउने र राजस्वले केही समय थेग्ने भयो भने अलि कसिलो नीति अपनाउने हुँदा अर्थतन्त्रमा देखिने समस्या नसुल्झिने देखिन्छ । त्यसकारणले टालटुले नीति अपनाउनुभन्दा स्थिरता आउने गरी संरचनात्मक परिवर्तन गरिनुपर्दछ ।

आयातमा नियन्त्रण गर्दा पनि बजारमा कुनै पनि सामानको अभाव देखिँदैन । यसको कारण हो चोरीनिकासीबाट सामान देशभित्र आउनु । यसमा नियन्त्रण गर्न सकियो भने मात्र उद्देश्य पूरा हुन सक्छ । नीति लागू गर्दा त्यसले कहाँ-कहाँ असर पार्छ भन्ने कुरा थाहा हुनुपर्दछ । अन्यथा, कार्यान्वयनमा रहेको नीतिको कुनै औचित्य रहँदैन । अहिलेको अवस्थालाई अध्ययन गर्दा नेपालको अर्थतन्त्रलाई योगदान दिन सक्ने क्षेत्र भनेका कृषि, ऊर्जा, उद्योग र पर्यटन क्षेत्र नै हुन् । त्यसकारण आन्तरिक उत्पादनलाई अधिकतम बढाउँदै अर्थतन्त्रमा संरचनात्मक परिवर्तन नल्याईकन सुधारको गुन्जायस देखिँदैन । अन्यथा, तदर्थ र पटके नीतिगत प्रयासले अर्थतन्त्रका समस्या नसुल्झिने दिशातर्फ उन्मुख हुनेछन् ।

### अर्थ जानकारी

## क्युआर, विद्युतीय वालेट र ई-मनी भन्नाले के बुझिन्छ ?

क्युआर भनेको विशेष प्रकारको बारकोड हो । यसलाई विद्युतीय भुक्तानी उपकरणले स्क्यान गर्दा त्यसमा संग्रह गरिएका विवरणहरू प्राप्त गर्न सकिन्छ । यसमा भुक्तानी प्राप्त गर्ने मर्चेन्टको खाताको विवरण रहेको हुन्छ । हाल राष्ट्र बैंकको निर्देशनानुसार क्युआर कोडमार्फत भुक्तानी गर्दा ग्राहकलाई कुनै प्रकारको शुल्क लाग्दैन ।




यस्तै, विद्युतीय वालेट भन्नाले नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त भुक्तानी सेवाप्रदायकले आफ्ना ग्राहकको नाममा जारी गर्ने विद्युतीय खाता हो । वालेट प्रयोगकर्ताले तोकिएका बैंक तथा वित्तीय संस्था अथवा एजेन्टबाट वालेटमा रकम जम्मा गरी वस्तु तथा सेवा खरिदबापत रकम भुक्तानी गर्न सक्छन् ।

बैंक तथा वित्तीय संस्थामा रहेको भौतिक नगदलाई विद्युतीय माध्यमबाट कारोबार गर्न सक्ने गरी विद्युतीय वालेट, प्रिपेड कार्ड वा अन्य विद्युतीय उपकरणमा जम्मा गरिएको रकमलाई ई-मनी भनिन्छ । ई-मनीलाई भर्चुअल मनी पनि भनिन्छ ।

*- राष्ट्र बैंक*

### अंक र अर्थ

## बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेपको अंश (प्रतिशत)

| निक्षेप | असार २०७८ | चैत २०७८ | असार २०७९ | चैत २०७९ |
|---|---|---|---|---|
| चल्ती | १०.४ | ८.७ | ८.९ | ८.० |
| बचत | ३४.२ | २८.७ | २७.६ | २५.७ |
| मुद्दती | ४७.० | ५६.१ | ५५.८ | ६०.१ |
| अन्य | ८.४ | ६.५ | ७.७ | ६.२ |

चैत मसान्तसम्ममा बैंक तथा तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ३ खर्ब ५५ अर्ब ८९ करोड (७.० प्रतिशत)ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप २ खर्ब ३६ अर्ब २३ करोड (५.१ प्रतिशत)ले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा ०७९ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ११.० प्रतिशतले बढेको छ । ०७९ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.३ प्रतिशत रहेको छ । ०७८ चैत मसान्तमा यस्तो निक्षेपको अंश ३८.६ प्रतिशत रहेको थियो ।

### अर्थ ज्ञान

## अवकाश कोषको सञ्चालन र योगदान

अवकाश कोष भनेको प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई सेवानिवृत्त भएपछि निश्चित समयपछि अवकाश भुक्तानी (जस्तै, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष वा स्वीकृतिप्राप्त अवकाश कोषबाट हुने भुक्तानी वा उपदान, निवृत्तिभरण रकम) प्रदान गर्ने प्रयोजनका लागि रकम (योगदान रकम समेत) स्वीकार गर्ने र सो रकम तोकिएका क्षेत्रमा लगानी गर्ने उद्देश्यले मात्र स्थापना भएको निकाय, संस्था, कोष हो ।

अवकाश कोषमा जोसुकै प्राकृतिक व्यक्तिले वा निजको तर्फबाट निजको रोजगारदाताले योगदान गर्छन् । रोजगारी आय नभएका स्वतन्त्र पेसा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिले पनि अवकाश कोषमा योगदान गर्न सक्छन् । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोष, निवृत्तिभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तिभरण कोषले अवकाश कोष सञ्चालन गर्न सक्दछ भने आन्तरिक राजस्व




विभागबाट स्वीकृति लिएका कुनै बासिन्दा व्यक्तिले (जस्तै- बैंक, वित्तीय संस्था) तोकिएका सर्तहरूको अधीनमा रही अवकाश कोष सञ्चालन गर्छ । यो कोष न्यास (ट्रस्ट)का रूपमा सञ्चालन हुने गर्छ । रोजगारदाताबाट अवकाश योगदान स्वीकार गर्ने अवकाश कोषको व्यवस्थापन र सञ्चालन रोजगारदाताभन्दा स्वतन्त्र रूपमा भएको हुनुपर्दछ । आयकर नियमावली, २०५९ ले अवकाश कोषको हिताधिकारीलाई सेवाबाट अवकाश प्राप्त गरेमा, हिताधिकारीको उमेर ५८ वर्ष पुगेमा वा हिताधिकारीको मृत्यु भएमा वा निज स्थायी रूपमा अपांग भएमा मात्र अवकाश भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ । यस्तो अवकाश कोषको वार्षिक लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट स्वीकृति पाएको लेखापरीक्षकले मात्र गर्छन् । कोषमा जम्मा गरिएको वा प्राप्त हुने रकम स्वीकृत क्षेत्र (आयकर नियमावलीअनुसार) मा मात्र लगानी गर्नुपर्छ । यस्तो कोषको चुक्ता पुँजी कम्तीमा एक करोड रुपैयाँ हुनुपर्ने र हिताधिकारीको संख्या कम्तीमा एक हजार हुनुपर्छ ।

*- राजस्व विभाग*

# उपभोक्ता स्वामित्वमा नवीकरणीय ऊर्जाको युग

## बेलायतको कम्पनी रिपल इनर्जी अति कम विद्युत् महसुल आउने हरित परिवर्तनमा उपभोक्तालाई लगानी गर्नमा सहयोग गर्न चाहन्छ



• फेलिसिटी ब्राडस्टक

विश्वभरका सरकारले निजी कम्पनीलाई जीवाश्म इन्धनको प्रयोग जतिसक्दो कम गर्न र हरित ऊर्जा एवं सम्बन्धित प्रविधिमा लगानी गर्न प्रेरित गरेका छन् । यसो गर्दैगर्दा उनीहरूले उपभोक्ता बजार विस्तार गर्ने कोसिस पनि गरेका छन् । पानी तथा घर तताउन प्रयोग गरिने ग्यास, हावा, सौर्य ऊर्जा तथा हाइड्रोजन विकल्पका लागि जीवाश्म इन्धनभन्दा परको कदम स्वीकार गर्नसमेत प्रेरित गरेका छन् ।

धेरैजसो उपभोक्ता हरित परिवर्तनमा आफ्नो भूमिका होस् भन्ने चाहन्छन् । तर, कतिपयसँग घरमा नवीकरणीय ऊर्जा प्रविधि जडान गर्न पुँजी या स्थान छैन । तर, बेलायतको एक कम्पनी अति कम विद्युतीय बिल आउने हरित परिवर्तनमा उपभोक्तालाई लगानी गर्न सहयोग गर्न चाहन्छ । 'रिपल इनर्जी'ले इंग्ल्यान्डको दक्षिण-पूर्वी डेभोनमा रहेको पहिलो साझा सौर्य पार्कका लागि फन्ड जुटाउँदै छ । पहिलेदेखि नै चलेका दुई सफल सामुदायिक ऊर्जा योजनापछि रिपलले ४२ मेगावाट डेरिल वाटर सोलार पार्कलाई तेस्रो योजनाका रूपमा विकास गर्न



> विद्युत् मूल्यको भविष्य अनिश्चित छ । विशेषगरी, बेलायत जीवाश्म इन्धनबाट नवीकरणीय ऊर्जातिर बढेको छ । प्राकृतिक ग्यासको बढ्दो लागतले घरको विद्युत्-बिल गत वर्षको तुलनामा निकै बढाएको छ ।

खोजेको छ, जुन आगामी वर्षको मध्यतिर सुरु हुने बताइएको छ । तर, बेलायतभरिका १४ हजार घरमा विद्युत् (ऊर्जा) पुऱ्याउन रिपलले उत्पादन पनि पर्याप्त मात्रामा गर्नुपर्ने हुन्छ ।

कम्पनी सह-स्वामित्वको ऊर्जा परियोजना सुरु गर्नेबारे सोचिरहेको छ, जसमा ७० हजार प्यानल हुनेछन् । यी प्याननलाई हजारौं मानिसले साझा गर्न सक्छन् । साथै, लगानीकर्ताले आफ्नो घरको बिजुली-बिलको १२० प्रतिशत कभर गर्न जम्मा २५ युरो शुल्क भुक्तानी गरे पुग्छ । सामान्यतः पार्कको एक टुक्रा जमिनका लागि तीनदेखि ६ हजार युरो तिर्नुपर्ने हुन्छ । रिपलसँग पार्कको १० प्रतिशत हिस्सा छ । यसमा घरधनीले यही महिनाको मध्यसम्म बाँकी ९० प्रतिशत खरिद गर्न सक्ने बताइएको छ । कम्पनीले यसो गर्नुको उद्देश्य देशभरका जनतालाई हरित संक्रमणमा लगानीको अवसर दिनु हो । यीमध्ये केहीको अवस्था सोलार प्यानल जडान गर्न सक्ने नहुन सक्छ या पर्याप्त ठाउँ नहुन सक्छ । तर, यो अवसरले उनीहरूलाई बेलायतको भावी सौर्य ऊर्जामा लगानी गर्ने अवसर दिनेछ । साथै, उपभोगको लागत पनि घटाउनेछ ।

घरमा यस्तो सोलार प्यानल जडान गर्न औसत ७ हजारदेखि १२ हजार युरो खर्च हुन्छ, जुन पार्कको एक टुक्रामा गर्ने लगानीभन्दा बढी हो । पार्कबाट बेलायतको कार्बन उत्सर्जनमा पनि महत्त्वपूर्ण प्रभाव पार्न सक्ने आकलन गरिएको छ । यसले वार्षिक १९ हजार टन कार्बन उत्सर्जन घटाउनेछ ।

रिपल इनर्जीका संस्थापक सिइओ सारा मेरिकका अनुसार उपभोक्ता स्वामित्वसहित डेरिल वाटर पार्क भिन्दै खालको सोलार पार्क बन्नेछ । जसले कम लागतमा हरित ऊर्जा आपूर्ति गर्छ, त्यो नै यसको स्वामित्वकर्ता बन्नेछ । 'हामी चाहन्छौं, डेरिल वाटर पार्क विश्वकै उपभोक्ता स्वामित्ववाला सोलार पार्क बनोस्,' साराको भनाइ छ, 'यसको उद्देश्य हरित ऊर्जा स्वामित्वको लहर पैदा गर्नु हो, जुन आममानिसलाई जलवायु प्रभाव बनाउन र उनीहरूको विद्युत्-बिल स्थिर राख्न सहयोग गर्छ । हामीलाई आशा छ, बढीभन्दा बढी मानिस यो परियोजनाको हिस्सेदार बन्नेछन् ।'

सह-स्वामित्व योजनाले रिपलद्वारा प्रबन्धित सहकारी संस्थामा उपभोक्तालाई सेयर खरिदको अनुमति दिई काम गर्नेछ । यस्तै, लगानीकर्ताले साइटसँग जोडिएका ६ ऊर्जा आपूर्तिकर्ता छनोट गर्न सक्नेछन् । त्यसपछि उपभोक्तालाई ४० वर्षका लागि बिजुलीको बिलमा २५ प्रतिशतसम्म छुट दिइनेछ ।

विद्युत् मूल्यको भविष्य अनिश्चित छ । विशेषगरी, बेलायत जीवाश्म इन्धनबाट नवीकरणीय ऊर्जातिर बढेको छ । प्राकृतिक ग्यासको बढ्दो लागतले घरको विद्युत्-बिल गत वर्षको तुलनामा निकै बढाएको छ ।

विश्वभर नवीकरणीय ऊर्जा परियोजनामाथि सामुदायिक प्रभावबारे थुप्रै अध्ययन भएका छन्, जसमा समुदायको भागिदारी र स्वीकृतिले परियोजनालाई सफल बनाएका छन् । अमेरिकाको नेसनल रिन्युएबल इनर्जी लेबोरेटरीको सामुदायिक सहभागितालाई हरित संक्रमणको सफलताका रूपमा हेरिन्छ ।

सन् २०२२ को रिपोर्टअनुसार अमेरिकाका १८० समुदायले सन् २०५० सम्म शतप्रतिशत हरित ऊर्जा संक्रमणको प्रतिबद्धता गरेका छन् । त्यहाँ स्थिरताका लागि स्थानीय सरकारसहित तीन सय ३२ अमेरिकी सदस्य र २५ सय अन्तर्राष्ट्रिय सदस्य छन् । यस्तै, एक अर्बभन्दा बढी जनसंख्याको प्रतिनिधित्व गर्ने एघार हजार सात सय ५२ सहर जलवायु र ऊर्जाका लागि प्रतिबद्ध छन् ।

समुदायद्वारा सञ्चालित नवीकरणीय ऊर्जा परियोजना सफल भएका उदाहरण विभिन्न देशका अध्ययनले देखाएका छन् । यीबारे व्यापक छलफल पनि भएको छ । रिपल इनर्जीले लगानी गर्ने घरपरिवारलाई आग्रह गरी यो विचारलाई अगाडि बढाउने सोचिरहेको छ ।

### सेयर बजार

१ जेठ ०८०

नेप्से १,८१८.३१ ▼ -३.३४ -०.१८%

| कारोबार रकम | जम्मा सेयर |
|---|---|
| ७२,४९,६९,९८०.४ | २३,४१,२४० |




अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २ जेठ ०८०

# भैरहवा विमानस्थलको एक वर्ष : अन्तर्राष्ट्रिय वायुसेवाले देखाएन चासो, जजिराले पनि रोक्यो उडान

## अन्तर्राष्ट्रिय उडान नहुँदा पर्यटन व्यवसायी मर्कामा, ४० अर्बभन्दा बढी लगानी जोखिममा

भैरहवामा **दीपेश पछाई**

भैरहवामा निर्माण गरिएको देशकै दोस्रो गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिबिआइए) सञ्चालनमा आएको एक वर्ष पूरा भयो। २ जेठ ०७९ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विमानस्थल उद्घाटन गरेका थिए। तर, विमानस्थल सञ्चालनमा आएको पहिलो वार्षिकोत्सव मनाउँदै गर्दा अन्तर्राष्ट्रिय उडान नै ठप्प छ।

गत वर्ष उद्घाटनको दिनदेखि कुवेतको जजिरा एयरवेजले सातामा तीन दिन उडान गर्दै आइरहेको थियो। तर, केही दिनयता जजिराको उडान पनि रोकिएको छ। जजिराले सेड्युल मिलाएर उडान सुचारु गर्ने आश्वासन दिएको अहिले भैरहवा विमानस्थलका प्रवक्ता दीपक बज्राचार्यले बताए।

जग्गासहित करिब ३१ अर्ब लगानीमा निर्माण भएको गौतम बुद्ध विमानस्थलमा अहिले आन्तरिक उडान मात्रै भइरहेका छन्। ०७१ मा तत्कालीन प्रधानमन्त्री स्व. सुशील कोइरालाले विमानस्थल निर्माणको शिलान्यास गर्दा लुम्बिनीवासी निकै उत्साहित थिए। बढ्दो हवाई चापले साँघुरो बन्दै गइरहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए)को भरपर्दो विकल्प बन्ने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)को अपेक्षा थियो। अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि लुम्बिनीमा पर्यटकको ओइरो लाग्ने अपेक्षामा व्यवसायीहरूले तारे होटेलमा अर्बौं लगानी गरे। तर, एक वर्षसम्म पनि नियमित अन्तर्राष्ट्रिय उडान नहुँदा पर्यटन व्यवसायी निराश बनेका छन्।

भैरहवा-लुम्बिनीको पर्यटन क्षेत्रमा आठ वर्षदेखि देखिएको उत्साह एक वर्षमै निराशामा परिणत भएको छ। अन्तर्राष्ट्रिय उडान नहुँदा होटेलमा गरेको लगानी डुब्ने अवस्था सिर्जना भएको पाँचतारे पवन प्यालेसका सञ्चालक पवनकुमार हलुवाईले गुनासो पोखे। ०७४ पुस मसान्तभित्र सञ्चालनमा आइसक्नुपर्ने विमानस्थल भूकम्प, नाकाबन्दी, मधेस आन्दोलन, कोभिड महामारीलगायतका कारण ०७९ जेठमा सञ्चालनमा आएको थियो। चार वर्ष ढिलो सञ्चालनमा आउँदा पनि अन्तर्राष्ट्रिय उडान नहुनु चिन्ताजनक रहेको सिद्धार्थ होटेल एसोसिएसन (सान)का अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठको भनाइ छ।



### ■ ३५९ अन्तर्राष्ट्रिय उडान, ३५ हजार यात्रु

गौतम बुद्ध विमानस्थलबाट एक वर्षको अवधिमा तीन सय ५९ अन्तर्राष्ट्रिय उडान-अवतरण भएका छन्। यसबाट ३४ हजार आठ सय ६६ यात्रुले अन्तर्राष्ट्रिय यात्रा गरेको विमानस्थलका महाप्रबन्धक हंसराज पाण्डेयले बताए। 'यो विमानस्थलबाट एक सय ८० अवतरण र एक सय ७९ उडान भएका छन्,' उनले भने, 'यस विमानस्थलबाट १४ हजार सात सय ३९ जना यात्रु नेपाल आएका छन् भने २० हजार एक सय ३८ यात्रुहरू विभिन्न देशमा गएका छन्।'

विमानस्थल उद्घाटनकै दिनदेखि सातामा तीन दिन अन्तर्राष्ट्रिय उडान गर्दै आइरहेको जजिराले एक वर्षमा दुई सय ५२ उडान-अवतरण गरेको छ। हिमालय एयरलाइन्सले ६६ वटा कमर्सियल फ्लाइट गरेको छ। यस्तै, यस अवधिमा २२ वटा कमर्सियल चार्टर्ड फ्लाइट र १९ वटा परीक्षण उडानसहित ननकमर्सियल चार्टर्ड फ्लाइट भएको विमानस्थलका प्रवक्ता बज्राचार्यले बताए। क्यानले अन्तर्राष्ट्रिय वायुसेवालाई आकर्षित गर्न ल्यान्डिङ, पार्किङ, नेभिगेसन, सुरक्षालगायत शुल्कमा शतप्रतिशत छुट दिएको छ। यस्तै, नेपाल वायुसेवा निगमले ग्राउन्ड ह्यान्डलिङ सेवामा ५० प्रतिशत छुट दिइएको छ। एक वर्षको अवधिमा गौतम बुद्ध विमानस्थलले २४ करोड आम्दानी गरेको छ। तर, यो रकम विमानस्थलको बिजुली, पानी तथा मर्मत-सम्भारका लागि मात्र पुग्ने गरेको महाप्रबन्धक पाण्डेयले बताए। कर्मचारीको तलब सुविधा, बैंकको ऋणको साँवा-ब्याज यसमा जोडिएको छैन। लगानीको ऋणदेखि सम्पूर्ण खर्च सञ्चालनका लागि कम्तीमा दैनिक एउटा अन्तर्राष्ट्रिय उडान आवश्यक रहेको उनले बताए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

अहिले आन्तरिक उडानहरूको आम्दानीबाट सामान्य खर्च चलिरहेको उनले बताए।

### ■ ऋण तिर्न नसक्दा होटेल लिलामीमा

अन्तर्राष्ट्रिय उडान नहुँदा सबैभन्दा धेरै प्रभावित लुम्बिनी क्षेत्रका होटेल व्यवसायी भएका छन्। वसन्त ऋतुमा अधिकांश पर्यटक हिमाल आरोहण र ट्रेकिङका लागि आउने गर्छन्। यो सिजनमा काठमाडौं, पोखरा र हिमाली भेगका होटेल गुल्जार भए पनि भैरहवा, नेपालगन्जलगायत क्षेत्रका होटेलमा पर्यटक अत्यन्तै कम छन्।

एयरपोर्ट निर्माण सुरु भएपछि लगानी गरिएका १५ भन्दा बढी होटेल बैंकले लिलामी गरिसकेको एक व्यवसायीले बताए। बैंकको नियमित किस्ता तिर्न नसक्दा भैरहवा-लुम्बिनी क्षेत्रका चारदेखि २५ करोडसम्म लगानी भएका १५ भन्दा बढी होटेल लिलामी भएका हुन्। एयरपोर्ट सोचेजस्तो सञ्चालनमा नआउँदा विमानस्थल हेर्ने पैसा खन्याएका ४० अर्ब लगानीका होटेलहरू अहिले उच्च जोखिममा रहेको सानका अध्यक्ष श्रेष्ठले बताए।

होटेल तथा रेस्टुरेन्ट व्यवसायी संगठनका अध्यक्ष पीताम्बर न्यौपानेले पनि व्यवसायी अहिले नै टाट पल्टिसकेका र इज्जत जोगाउन मात्रै जसोतसो ऋण खोजेर बैंकमा किस्ता बुझाइरहेको बताए। रुपन्देहीको भैरहवा, लुम्बिनी र बुटवल क्षेत्रमा ८९ वटा तारे होटेल सञ्चालनमा छन्। २१ वटा नयाँ होटेल निर्माण भइरहेका छन्। ९५ प्रतिशत व्यवसायीहरूले बैंकबाट कर्जा लिएर काम गरिरहेको न्यौपानेको भनाइ छ।

### ■ नेवानिले नै चासो देखाएन

भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गर्नका लागि राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले नै चासो दिएको छैन। नियमनकारी निकाय क्यानले तीव्र दबाब दिँदा पनि नेवानि भैरहवा उडान गर्नबाट तर्किँदै आइरहेको छ। नेवानिका प्रमुख युवराज अधिकारी र बहालवाला पर्यटनमन्त्रीबीचको आन्तरिक खिचातानीका कारण सरकारकै स्वामित्वको राष्ट्रिय ध्वजावाहकले भैरहवा उडान गर्न चासो नदेखाएको पर्यटन व्यवसायीको गुनासो छ।

# बल्ल बन्दै कृषि ऐन

**अजित अधिकारी** / नयाँ पत्रिका

कृषि क्षेत्रको समग्र नियमन र सहजीकरण गर्न सरकारले बल्ल 'कृषि ऐन' निर्माणका लागि तदारुकता देखाएको छ। हालसम्म मुलुकको कृषि क्षेत्र मूल ऐनविहीन अवस्थामा छ।

चौतर्फी चासो र दबाबपछि कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि ऐनको मस्यौदा तयार पारेको छ। यो मस्यौदालाई मन्त्रिपरिषद्बाट स्वीकृति गराई चाँडै संसद्मा विधेयकका रूपमा पेस गर्ने तयारी भइरहेको कृषिमन्त्री डा. बेदुराम भुसालले जानकारी दिए। 'ऐनको मस्यौदा मेरो हात लागेको छ। यसलाई आवश्यक अध्ययन गरेपछि सदनमा विधेयकका रूपमा पेस गर्नेछु,' उनले भने। मूल ऐन नभए पनि कृषि क्षेत्रमा अहिले एक सय ४१ वटा ऐन, नियम, विनियमावली, निर्देशिका र कार्यविधि कार्यान्वयन भइरहेका छन्। यसबाहेक झन्डै ८० वटा अनुदान प्रवाहसम्बन्धी कार्यविधिहरू भने निष्क्रिय भइसकेका छन्।



कृषि विधेयक, २०७९ देखाउँदै कृषिमन्त्री डा. बेदुराम भुसाल। **तस्बिर : नयाँ पत्रिका**

मन्त्रालयका अनुसार हाल १० वटा ऐन, ११ वटा नियमावली, ४५ वटा कार्यविधि, ४० वटा निर्देशिका र ३५ वटा नीति कार्यान्वयनमा छन्। मन्त्रालयमा ०६८ यता कृषि अनुदान वितरणका लागि सचिवस्तरीय निर्णयबाट जथाभावी कार्यविधि जारी गर्ने विकृति थियो। संघीयता आएसँगै कृषि अनुदान प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएपछि भने कार्यविधि जारी गर्ने क्रम पातलिएको छ। ऐन अभावमा यस्ता कार्यविधि कुनै ऐन-नियमको परिधिभित्र नभई आफूखुसी बन्ने र कार्यान्वयन हुने गरेका थिए।

मन्त्रालयले तयार गरेको विधेयकले ऐनको रूपमा पूर्णता पाएपछि सबै कार्यविधि, निर्देशिका, नियमावलीहरू यसमातहत रहनेछन्। यसबाट सबै कार्यविधिहरू तथा नियमावलीमा एकरूपता तथा अनुशासन कायम हुने मन्त्रालयको भनाइ छ। मन्त्री भुसालले अहिलेसम्म मूल ऐन नबनाई कृषि क्षेत्रमा काम गर्नु विडम्बना भएकोसमेत बताए।

'कृषिलाई सबै खालका नीतिमा धेरै महत्त्व दिएका छौं। अर्थतन्त्रलाई सबल बनाउन कृषि उत्पादनलाई नै बढाउनुपर्छ पनि भन्छौं। तर, कृषिलाई मार्गदर्शन गर्ने मूल कानुन हामीसँग छैन,' मन्त्री भुसालले भने, 'कृषि क्षेत्रमा धेरै समस्या छन्। तीमध्ये ऐन नहुनु पनि एउटा समस्या देखेर समाधानका लागि म लागिपरेको छु।' उनले ऐन जारी गर्नु आफ्नो कार्यकालको प्रमुख प्राथमिकता राखेको पनि बताए।

ऐनमार्फत किसानले खोजेको सिँचाइ, मलको पर्याप्तता र बढी उत्पादकत्व क्षमता भएको बिउ-बिजनको सुविधा प्रदान गर्ने विषयमा सरकारलाई जिम्मेवार बनाउने प्रयत्न गरिएको उनले बताए। त्यस्तै, उत्पादित कृषिउपजलाई बजारको ग्यारेन्टी गर्नेलगायतका विषय पनि ऐनमा समेटिएको उनले जानकारी दिए।

केन्द्रमा जस्तै प्रदेशमा पनि कृषि ऐनको अभाव छ। बागमती प्रदेशको कृषि मन्त्रालयले अध्यादेशमार्फत कृषि सेवा ऐन ल्याएर सोहीमातहत हुने गरी किसान वर्गीकरणसम्बन्धी कार्यविधिसमेत जारी गरेको थियो। तर, सो अध्यादेश अहिले निष्क्रिय भइसकेको छ। त्यसैले पहिले अध्यादेशबाटै जारी भएको ऐनलाई हाल विधेयकका रूपमा प्रदेश सभामा पेस गरेर ऐन निर्माणको प्रक्रिया थालिएको बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेले जानकारी दिए। 'प्रदेशको कृषि क्षेत्रलाई नियमन गर्न कृषि सेवा ऐनको खाँचो हामीले पनि महसुस गरेका छौं,' सचिव पाण्डेले भने, 'त्यसैले प्रदेशमा कार्यान्वयन हुने गरी ऐन निर्माणको प्रक्रियामा जुटेका छौं।'

कृषिविद्हरूले मुलुकमा कृषि ऐन नै नहुनु दुर्भाग्यपूर्ण रहेको बताएका छन्। कृषिविज्ञ कृष्णप्रसाद पौडेलले ऐनविहीन अवस्थामा अहिलेसम्म कृषि क्षेत्र चल्दा किसान र समग्र कृषि क्षेत्रको समस्या समाधान हुन नसकेको बताए।

'यतिका वर्षसम्म कृषि ऐन नहुनु भनेको हाम्रो कृषि प्रणालीलाई कसरी हेरिएको रहेछ भनेर प्रस्ट हुन्छ। विनाकानुन कृषि क्षेत्र चलिरहँदा पनि हामीले कृषिप्रधान देश भनिरह्यौं,' उनले भने, 'आजसम्म गलत अभ्यासले चलिरहेको थियो। ऐन आएपछि केही न केही कृषिलाई कानुनी दायरामा बाँध्ने काम हुन्छ।' उनले ऐन आएपछि कृषि क्षेत्रका सबै आयमलाई समेट्ने काम हुँदा समग्र कृषिमा सुधारको छनक देख्न सकिने पनि बताए।

# नेपाल-बंगलादेश ऊर्जा बैठक : नेपाल, भारत र बंगलादेशको त्रिपक्षीय संयन्त्र बनाउने सहमति

**मिलन विश्वकर्मा** / नयाँ पत्रिका

विद्युत् व्यापारका लागि नेपाल-भारत-बंगलादेशको छुट्टै त्रिपक्षीय संयन्त्र बनाउने सहसचिवस्तरमा सहमति गरिएको छ। बंगलादेशको ढाकामा सोमबारदेखि भएको नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक कमिटी (जेएससी)को पाँचौं बैठकमा यस्तो सहमति भएको हो। 'अहिलेसम्म विद्युत् व्यापार गर्ने मामलामा नेपालले द्विपक्षीय संयन्त्र बनाएर काम गर्दै आएको थियो। अब नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय सयन्त्र बढाएर काम गर्ने सहमति पनि भएको छ,' स्रोतले भन्यो, 'यो पनि निर्णयका लागि सचिवस्तरीय बैठकमा सिफारिस गरिएको छ। आइबिबिएन मोडलअन्तर्गत रहेर यस्तो संयन्त्र बनाउन खोजिएको हो।' गत वर्ष जेठमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणमा भारत, बंगलादेश, भुटान र नेपाल (आइबिबिएन) मोडलमा ऊर्जा सहकार्य गर्ने सहमति भएको थियो। सोही सहमतिअन्तर्गत यस्तो संयन्त्र बनाउन खोजिएको हो।

नेपाल र बंगलादेशबीच ऊर्जामा सहकार्य गर्ने गरी सन् २०१८ मा जेएससी गठन भएको थियो। त्यसको पाँचौं बैठक सोमबारदेखि सुरु भएको हो। मंगलबारसम्म सञ्चालन हुने बैठकको पहिलो दिन सहसचिवस्तरीय बैठक भएको छ। छलफलमा नेपालको तर्फदेखि ऊर्जा मन्त्रालयका सहसचिव मधुप्रसाद भेटुवाल र बंगलादशको ऊर्जा मन्त्रालयका सहसचिव डा. स्येद मासुम अहमद चौधरीले नेतृत्व गरेका थिए।

'सोमबारको छलफलमा मोटामोटी सहमति गरेर सचिवस्तरीय बैठकलाई सिफारिस गरेका छौं। मंगलबार सोही बैठकले त्यसबारे अन्तिम निर्णय गर्नेछ,' बैठकमा उपस्थित भेटुवालले जानकारी दिए।

मंगलबारको बैठकलाई नेपालको तर्फबाट ऊर्जासचिव दिनेश घिमिरे र बंगलादेशको तर्फबाट ऊर्जासचिव हाबिबुर रहमानले नेतृत्व गर्नेछन्। सहसचिवस्तरबाट आएको सिफारिसबारे यही बैठकले अन्तिम निर्णय गर्नेछ।




स्रोतका अनुसार नेपाल र बंगलादेशबीच अल्पकालीन तथा दीर्घकालीन रूपमा विद्युत् व्यापार गर्ने सहमति गर्न सचीवस्तरीय बैठकलाई प्रस्ताव गरिएको छ। 'बंगलादेश र नेपालबीच अल्पकालीन तथा दीर्घकालीन रूपमै विद्युत् व्यापार गर्ने गरी सहसचिवस्तरीय बैठकमा सहमति भएको छ,' बैठकमा उपस्थित एक नेपाली अधिकारीले भने, 'मंगलबार हुने सचीवस्तरीय बैठकले त्यसबारे निर्णय गर्न सक्नेछ।' साथै, यही वर्ष नेपालले बंगलादेशमा ५० मेगावाट विद्युत् बिक्री गर्ने सम्बन्धमा पनि आवश्यक सहमति गर्न सचिवस्तरीय बैठमा सिफारिस गरिएको छ।

भारतले सहयोग गर्ने प्रतिबद्धता गरेसँगै प्राधिकरणले यही बर्खामा लिखु-४ जलविद्युत् आयोजनाको ५० मेगावाट बिजुली बंगलादेश निर्यात गर्ने तयारी गरेको छ। त्यसबारे आवश्यक निर्णय गर्न सचिवस्तरीय बैठकमा सिफारिस गरिएको स्रोतको भनाइ छ।

गत वर्ष भदौमा काठमाडौंमा सम्पन्न ऊर्जा बैठकमा बंगलादेशले गत कात्तिकभित्रै नेपालबाट ५० मेगावाटसम्म खरिद गर्ने भनेको थियो। तर, नेपाल-बंगलादेशबीच विद्युत् आदान-प्रदान गर्न डेडिकेटेड प्रसारण लाइन छैन। सोहीअनुसार भारतीय प्रसारण लाइन प्रयोग गरेर विद्युत् आदान-प्रदान गर्ने सहमति भएको थियो। त्यसका लागि दुवै देशले भारतसँग पहल गर्ने भनिएको थियो। तर, भारतमा समयमै पहल नहुँदा त्यो सफल भएन। यद्यपि, गत फागुनमा सम्पन्न नेपाल-भारत ऊर्जा बैठकमा भारतले आफ्नो संरचनामार्फत नेपालबाट ५० मेगावाट विद्युत् बंगलादेशमा बिक्री गर्न दिने सहमति गरेको थियो। त्यसपछि प्राधिकरणले लिखु-४ को विद्युत् बंगलादेश बिक्री गर्ने प्रक्रिया अघि बढाएको छ। 'यसका लागि आवश्यक सहमति गर्ने गरी सचिवस्तरीय बैठकमा सिफारिस गरिएको छ,' स्रोतले भन्यो।

यस्तै, नेपाल-बंगलादेशबीच अन्तरदेशीय डेडिकेटेड प्रसारण लाइन बनाउने पनि सहमति भएको छ। यसबारे पनि आवश्यक निर्णय गर्न सचिवस्तरीय बैठकमा सिफारिस गरिएको स्रोतको भनाइ छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.


**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५

**गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान**

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | गैर बैकिङ्ग सम्पतिको विवरण |
|---|---|
| १. | यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, औराटार गा.वि.स. वडा नं. ७ ख (हाल पर्सा जिल्ला, बहादुरगाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१७ र ५१८ को क्षेत्रफल क्रमशः ०-१-७ र ०-५-१७ (विगाह) को घर/जग्गा । |
| २. | यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, औराटार गा.वि.स. वडा नं. ७ क (हाल पर्सा जिल्ला, बहादुरगाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ र ९८३ को क्षेत्रफल क्रमश : ०-०-१३-८ र ०-०-२-८ (विगाह) को घर/जग्गा । |
| ३. | यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ३४० (व.मी) को घरजग्गा । |
| ४. | यस बैंकको नाममा कालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगरनाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा । |
| ५. | यस बैंकको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, नगरकोट गा.वि.स. वडा नं. ७क (हाल भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४८१ र ४८३ को क्षेत्रफल क्रमश ०-२-०-३ तथा ५-१३-३-१ (रोपनी)को जग्गा। |
| ६. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं. ७ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ६९ र ७०३ को क्षेत्रफल क्रमशः ०-१-४-० र ०-३-५-० (विगाह) को जग्गा तथा पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं. ८ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ६२६ को क्षेत्रफल ०-३-३-० (विगाह)को जग्गा । |
| ७. | यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. २) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०-३-० (विगाह) को जग्गा । |
| ८. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, औराटार गा.वि.स वडा नं. ७ क (हाल बहदुरगाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७८६ को क्षेत्रफल ०-०-६ (विगाह) को जग्गा । |
| ९. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, औराटार गा.वि.स. वडा नं. ७ क (हाल बहदुरगाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८६७ र ८६९ को क्षेत्रफल क्रमश : ०-०-०-१२ र ०-०-९-४ (विगाह) को जग्गा । |
| १०. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा वडा नं. १०) स्थित कित्ता नं. ३५९ को क्षेत्रफल ०००६७.७ व.मी. को घरजग्गा । |



तपसिल नं. १ मा उल्लेखित सम्पति | तपसिल नं. २ मा उल्लेखित सम्पति | तपसिल नं. ३ मा उल्लेखित सम्पति | तपसिल नं. ४ मा उल्लेखित सम्पति
तपसिल नं. ५ मा उल्लेखित सम्पति | तपसिल नं. ६ मा उल्लेखित सम्पति | तपसिल नं. ७ मा उल्लेखित सम्पति | तपसिल नं. ८ मा उल्लेखित सम्पति
तपसिल नं. ९ मा उल्लेखित सम्पति | तपसिल नं. १० मा उल्लेखित सम्पति

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

# बेलाको ब्रान्डका इलेक्ट्रोनिक्स सामान बजारमा

नयाँ पत्रिका

बेलायती ब्रान्डको बेलाको होम एप्लाइन्सेजको उत्पादन नेपाली बजारमा आएको छ। आइकेबिएच ग्रुप प्रालिअन्तर्गतको इलेक्ट्रोनिक्स डिभिजनले बेलाको ब्रान्डको होम एप्लाइन्सेज नेपाली बजारमा भित्र्याएको हो।

यो ब्रान्डका सामग्री तथा उपकरणहरू बेलायत, कतार र नेपालमा उपलब्ध हुँदै आइरहेको कम्पनीले जनाएको छ। आगामी दिनमा अन्य देशमा बजार विस्तार गर्ने लक्ष्य रहेको कम्पनीको भनाइ छ।

आफ्ना उत्पादनको गुणस्तरमा कुनै सम्झौता नगरेका कारण ग्राहकको रोजाइ बन्दै गएको कम्पनीले जनाएको छ। कम्पनीले बेलाको उपभोक्ता र व्यावसायिक दुवै क्षेत्रमा आफ्नो सशक्त उपस्थिति बनाउन केन्द्रित हुँदै आइरहेको उल्लेख गरेको छ। आइकेबिएच ग्रुपका प्रमुख कार्यकारी अधिकृत तथा एनआरएनएका युवा संयोजक अब्दुल बसिदले बेलाको होम एप्लाइन्सेज बेलायती चर्चित ब्रान्डको इलेक्ट्रोनिक्स सामान नेपाली उपभोक्ताले प्रयोग गर्न पाउनु सुखद रहेको बताए। लक्ष्य निर्धारण गरेर मात्र अघि बढ्नुपर्ने भन्दै उनले विदेशमा बसेर नेपाललाई केही योगदान गर्ने लक्ष्यअनुसार बेलाको ब्रान्ड नेपालमा भित्र्याएको उल्लेख गरे। साथै कम्पनीले नेपालमा आफ्ना उत्पादन बिक्री सुरु गरेको अवसरमा विभिन्न उपहार योजनाहरू पनि ल्याएको जनाएको छ। जसअन्तर्गत बेलाको एउटा बिग होम अप्लाइन्सेजअन्तर्गतका सामान किन्दा अर्को सित्तैमा पाइने जनाइएको छ। योजना जेठ ७ गतेसम्म मात्र लागू हुने कम्पनीको भनाइ छ।




बेलाको ब्राण्डका लागि नेपालका कन्ट्री हेड लक्ष्मण सापकोटाले उपभोक्तालाई बिक्रीपछिको सेवा प्रदान गर्नका लागि देशभर सर्भिस सेन्टर स्थापना गरिसकेको बताए। आफ्ना उत्पादनमा सामानअनुसारको फरक-फरक वारेन्टी भएको उनको भनाइ छ। सापकोटाले भने, 'बेलाको ब्रान्डमा सामानअनुसार न्यूनतम एक वर्षदेखि अधिकतम १५ वर्षसम्म वारेन्टी रहेको छ।'

## मोदी इनर्जीको सेयर बाँडफाँट

**काठमाडौं**/ मोदी इनर्जी लिमिटेडको साधारण सेयर बाँडफाँट भएको छ। सनराइज क्यापिटल लिमिटेडको निष्कासन तथा बिक्री प्रबन्धकत्वमा मोदी इनर्जीको साधारण सेयर बाँडफाँट भएको हो।

प्रतिकित्ता एक सय रुपैयाँ तोकिएको ५५ लाख ५९ हजार चार सय २० कित्ता निष्कासन गर्ने तयारी भए पनि कर्मचारीका लागि छुट्याएर बाँकी बचेको ५२ हजार आठ सय ४० कित्तासहित ५६ लाख १२ हजार दुई सय ६० कित्ता सेयर बाँडफाँट गरिएको कम्पनीले जनाएको छ।

सेयरका लागि रीतपूर्वक आवेदन दिएका १२ लाख २९ हजार सात सय ४१ जना आवेदकमध्ये गोलाप्रथामार्फत पाँच लाख ६१ हजार दुई सय २६ जनालाई १० कित्ताका दरले सेयर बाँडफाँट गरिएको निष्कासन तथा बिक्री प्रबन्धक सनराइज क्यापिटलले जनाएको छ।

# नेसनल बैंकिङ डिस्कोर्स आज

## आर्थिक संवाद कार्यक्रममा अर्थतन्त्रमा देखिएका समस्या समाधानका उपाय खोजिने

नयाँ पत्रिका

बृहत् आर्थिक संवाद कार्यक्रम 'द नेसनल बैंकिङ डिस्कोर्स २०२३' आज मंगलबार आयोजना हुँदै छ। 'चिर्दै अभूतपूर्व समस्याका चुनौतीहरू' भन्ने नाराका साथ काठमाडौंको सोल्टी होटेलमा बृहत् आर्थिक संवाद कार्यक्रम 'नेसनल बैंकिङ डिस्कोर्स' हुने भएको हो।

कार्यक्रममा वर्तमान आर्थिक परिदृश्यमा बजेटसँगको अपेक्षा, वित्तीय सेवा र इकोसिस्टमको डिजिटलाइजेसन, रेमिट्यान्सले धानेको अर्थतन्त्रको प्राण र यसको भविष्य, दिगो अनि समावेशी विकासका लागि अहम् वित्तीय साक्षरताको अपरिहार्यता र स्थितिलगायतका विषयवस्तुमा मूलभूत छलफल हुनेछ। बैंकिङ समाचारले आयोजना गर्ने यस कार्यक्रमलाई नबिल बैंकले प्रायोजन गरेको छ।




मंगलबार हुने डिस्कोर्समा बैंकिङको अवस्था, ब्याजदर वृद्धिको समस्या, बैंकहरूमा भइरहने तरलताको समस्या, बढ्दो निष्क्रिय कर्जाको स्थिति, वित्तीय संस्थाप्रतिको विश्वास घटाउने अफवाहको बढोत्तरी निराकरणलगायतका विषयमा छलफल हुने इम्प्रेसन अ क्रिएटिभ डिजाइनका अध्यक्ष राजु ढुंगेलले बताए।

बैंकिङ डिस्कोर्स कार्यक्रमको व्यवस्थापकको काम इम्प्रेसनले गरेको हो। डिस्कोर्स कार्यक्रका मुख्य चारवटा सत्र हुनेछन्। वित्तीय पहुँच, आगामी बजेटको भूमिका, डिजिटल इकोसिस्टम र वित्तीय साक्षरताजस्ता महत्त्वपूर्ण विषयहरूमा बहस हुने उनले बताए। आन्तरिक तथा अन्तर्राष्ट्रिय अवस्था र परिवेशले अर्थतन्त्रलाई शिथिल बनाएको अवस्थामा आयोजना गर्न लागिएको सम्मेलनमा अर्थमन्त्री, गभर्नर, अर्थविद्, बैंकरलगायतको उपस्थिति रहनेछ।

## कृषि सहकारी केन्द्रीय संघ तथा सानिमा रिलायन्स लाइफबीच सम्झौता



नयाँ पत्रिका

नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड तथा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडबीच बिमासम्बन्धी सम्झौता भएको छ। देशभरका कृषि सहकारी केन्द्रीय संघको सदस्यताप्राप्त कृषि तथा साना किसान कृषि सहकारी संस्थाका विपन्न तथा साना किसान सदस्यलाई म्यादी जीवन बिमा सेवा प्रदान गर्ने सम्झौता भएको हो।

यो एक प्रकारको लागत प्रभावी जीवन बिमा रहेको कम्पनीको भनाइ छ। योजनाअन्तर्गत बिमितको मृत्यु भएमा बिमांकबराबर रकम प्रदान गरिने कम्पनीले जनाएको छ। संघले आफ्नो स्थापनाकालदेखि नै ग्रामीण गरिबी न्यूनीकरण र समावेशीकरणका लागि आफ्ना सदस्यहरूको क्षमता वृद्धि गरी असल अभ्यासका साथ सामाजिक पुँजीको विकास गर्न उत्प्रेरणा गर्ने भूमिका निर्वाह गर्दै आएको जनाएको छ। हाल संघबाट नेपालका ७७ वटै जिल्लाका एक हजार दुई सयभन्दा बढी संस्थाहरूमा आबद्ध १२ लाखभन्दा बढी साना किसान परिवारहरूले सेवा लिइरहेको जनाइएको छ।

## एनओजी नारायणघाट दोस्रो च्याप्टर राइड

**काठमाडौं**/ टिभिएस मोटर कम्पनीका लागि नेपालको आधिकारिक वितरक जगदम्बा मोटर्सले नारायणघाटमा दोस्रोपटक एनओजी (एन्टर्क ओनर्स ग्रुप) राइड आयोजना गरेको छ।

राइड टिभिएसको नारायणघाट सोरुम अर्थात् मालश्री मोटर्सबाट सुरु भएर जगतपुर, चितवन पुगेर समापन भएको थियो। राइडमा सहभागीलाई प्रमाणपत्र प्रदान गरिनुका साथै एक अनुशासित राइडरलाई मेडल पनि प्रदान गरिएको कम्पनीले जनाएको छ।

करिब ४० जना राइडरहरू सहभागी भएको उक्त राइड सम्पूर्ण सुरक्षा सावधानीका साथ नेपाल सरकारको अनुमति लिएर सञ्चालन गरिएको आयोजकले जनाएको छ। राइडमा प्राविधिक टिमले विभिन्न सडक सुरक्षाबारे जानकारी प्रदान गर्नुका साथै राइडरले अपनाउनुपर्ने नियम र सुरक्षाको जानकारी पनि प्रदान गरिएको थियो।

## कैलालीको कुचैनीमा सनराइजको शाखारहित बैंकिङ



**काठमाडौं**/ सनराइज बैंक लिमिटेडले कैलालीको गौरीगंगा नगरपालिकाको कुचैनीमा शाखारहित बैंकिङ सेवा सुरु गरेको छ। यो बैंकको १०३औं शाखारहित बैंकिङ सेवा हो।

बैंकले यसको स्थानीय प्रतिनिधिका रूपमा गणेशप्रसाद पौडेललाई नियुक्त गरेको जनाएको छ। गौरीगंगा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष मनीराज जोशीले उद्घाटन गरेको कार्यक्रममा स्थानीय व्यापारी, समाजसेवीलगायतको पनि उपस्थिति रहेको बैंकले जनाएको छ। यो सेवावाट ग्राहकले निक्षेप संकलन, रकम भुक्तानी, रकम स्थानान्तरणजस्ता सेवाहरू लिन सकिने बैंकले जनाएको छ। हाल बैंकले देशभरमा एक सय ३९ शाखा, एक सय तीन शाखारहित बैंकिङ सेवा, १३ एक्सटेन्सन काउन्टर र एक सय ६२ एटिएममार्फत सेवा दिँदै आएको जनाएको छ।

## सिटिजन्स सुपर ३० म्युचुअल फन्ड बाँडफाँट

**काठमाडौं**/ सिटिजन्स म्युचुअल फन्डअन्तर्गत सञ्चालन हुने तेस्रो योजना 'सिटिजन्स सुपर ३० म्युचुअल फन्ड'को बाँडफाँट सम्पन्न भएको छ। ६ देखि २० वैशाखसम्म गरिएको निष्कासनमा प्राप्त भएको ७५ करोड रुपैयाँको आवेदनअनुसार बाँडफाँट प्रक्रिया पूरा गरिएको हो।

योजनाको कोष प्रवर्द्धक रहेको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड तथा कोष योजना व्यवस्थापक सिटिजन्स क्यापिटलले लगानीकर्ता, नेपाल धितोपत्र बोर्ड, सिडिएसी, सिआस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरू, सम्पूर्ण शुभेच्छुकहरू तथा अन्य नियमन निकायहरूको सहयोगले निष्कासन प्रक्रिया सफल भएको जनाएको छ।

## कामना सेवाको लाभांश पारित



**काठमाडौं**/ कामना सेवा विकास बैंक लिमिटेडले सेयरधनीलाई वितरण गर्न प्रस्ताव गरेको लाभांश पारित भएको छ। बैंकको १६औं वार्षिक साधारणसभाले आव ०७८/७९ को लाभांशबाट चुक्ता पुँजीको चार दशमलव ४१ प्रतिशत बोनस सेयर र त्यसका लागि आवश्यक कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव परित गरेको हो।

साधारणसभाले आव ०७९/८० को लेखापरीक्षण गर्नका लागि बैंकको लेखापरीक्षण समितिद्वारा सिफारिस गरिएबमोजिम लेखापरीक्षण बिआरएस न्यौपाने एन्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ति गर्ने प्रस्ताव पनि पारित गरेको जनाइएको छ। त्यस्तै, बैंकका अध्यक्ष सुदीप आचार्यले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, बैंकको आर्थिक वर्ष ०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू तथा देशको आर्थिक तथा बैंकिङ क्षत्रको अवस्था तथा चालू आर्थिक वर्ष ०७९/८० को हालसम्मको कार्यसम्पादनको संक्षिप्त विवरण र भावी कार्ययोजना प्रस्तुत गरेको बैंकले जनाएको छ।

साधारणसभामा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत विनय दाहालले चालू आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमअनुसार निर्धारण गरिएका लक्ष्यहरू हासिल हुने गरी कार्यक्रम सञ्चालन गरिएको भए तापनि अर्थतन्त्रमा देखिएको विषम परिस्थितिका कारण निर्धारित लक्ष्य प्राप्त गर्न केही असहज भएको बताए। यसले चालू आवमा व्यवसाय वृद्धिका साथै खराब कर्जा असुलीमा बढी ध्यानकेन्द्रित गरी कार्ययोजनासहित अगाडि बढ्ने उनको भनाइ थियो।


## ग्लोबल आइएमई बैंक लिमिटेडको

### तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०२/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिवाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**लहान शाखा, सिराहा**

**ऋणीको विवरण**

१) प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा प्रा.फ.र.नं.घ.उ.सि. ११५२३/०७७/०७८ अन्तर्गत मिति २०७७/०७/२७ मा दर्ता कायम भएको **मां काली माछा उद्योग**
फर्म दर्ता ठेगाना : लक्ष्मीपुर पतारी गा.पा. वडा नं. २, सिराहा
स्थायी लेखा नं. ६११२३४६३८, मिति २०७६/०४/२२
**प्रोप्राईटर तथा जमानतकर्ता : चतुरानन्द ठाकुर**
ना.प्र.नं. ३४ जारी मिति २०४६/०३/०३ जि.प्र.का. सिराहा
बाबुको नाम : फुलगेन्द्र ठाकुर
बाजेको नाम : रामलखन ठाकुर
स्थायी ठेगाना : पोखरभिण्डा वडा नं. ०६, सिराहा
**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**मनोज ठाकुर दनुवार**
ना.प्र.नं. १०४७
जारी मिति २०४०/०२/१९, जि.प्र.का. सिराहा
बाबुको नाम : फुलगेन्द्र ठाकुर दनुवार
ससुराको नाम : रामलखन ठाकुर
स्थायी ठेगाना : पोखरभिण्डा वडा नं. ०६, सिराहा

**प्रकाश ठाकुर दनुवार**
ना.प्र.नं. ७१६
जारी मिति २०४२/०५/३०, जि.प्र.का. सिराहा
बाबुको नाम : फुलगेन्द्र ठाकुर दनुवार
बाजेको नाम : रामलखन ठाकुर
स्थायी ठेगाना : पोखरभिण्डा वडा नं. ०६, सिराहा

**ऋणीको विवरण**

२) प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा प्रा.फ.र.नं.घ.उ.सि. ९७६८/०७५/०७६ अन्तर्गत मिति २०७६/०३/०८ मा दर्ता कायम भएको **मां काली ईटा उद्योग**
फर्म दर्ता ठेगाना : लक्ष्मीपुर पतारी गा.पा.
वडा नं. २, सिराहा
स्थायी लेखा नं. ६११२३४६३८, मिति २०७६/०४/२२
**प्रोप्राईटर : चतुरानन्द ठाकुर**
**कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड, अल्पकालिन तथा सवारी साधन कर्जा**

**३) चतुरानन्द ठाकुर**
ना.प्र.नं. ३४
जारी मिति २०४६/०३/०३, जि.प्र.का. सिराहा
बाबुको नाम : फुलगेन्द्र ठाकुर
बाजेको नाम : रामलखन ठाकुर
स्थायी ठेगाना : पोखरभिण्डा वडा नं. ०६, सिराहा
**कर्जा शिर्षक : कृषि आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**निराजन ठाकुर**
ना.प्र.नं. २०५
जारी मिति २०५८/०४/१०, जि.प्र.का. सिराहा
बाबुको नाम : चतुरानन्द ठाकुर
बाजेको नाम : फुलगेन्द्र ठाकुर
स्थायी ठेगाना : पोखरभिण्डा वडा नं. ०६, सिराहा

**नितिन्द्र ठाकुर**
ना.प्र.नं. २०३
जारी मिति २०५४/०३/३०, जि.प्र.का. सिराहा
बाबुको नाम : चतुरानन्द ठाकुर दनुवार
बाजेको नाम : फुलगेन्द्र ठाकुर
स्थायी ठेगाना : पोखरभिण्डा वडा नं. ०६, सिराहा

**श्रीमती सिफल कुमारी दनुवार**
ना.प्र.नं. २८५२ जारी मिति २०४३/०९/२१, जि.प्र.का. सिराहा
बाबुको नाम : भुल कुवर दनुवार
पतिको नाम : चतुरानन्द ठाकुर
ससुराको नाम : फुलगेन्द्र ठाकुर
स्थायी ठेगाना : पोखरभिण्डा वडा नं. ०६, सिराहा

**देवदह शाखा, रुपन्देही**

**ऋणीको विवरण**

प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.द.नं. ७७१/१५७२/०७५ अन्तर्गत मिति २०७५/१२/१० मा दर्ता कायम भएको **पौड्याल भैसी फर्म**
फर्म दर्ता ठेगाना : सुनवल न.पा. -८, नवलपरासी
स्थायी लेखा नं. ६०९४२३९३८, मिति : २०७५/१२/१२
**प्रोप्राइटर तथा जमानतकर्ता : कलम बहादुर पौड्याल**
ना.प्र.नं. १४५४६ जारी मिति २०४४/०१/१५, जि.प्र.का. गोरखा
बाबुको नाम : कुल बहादुर पौड्याल
बाजेको नाम : लाल बहादुर पौड्याल
स्थायी ठेगाना : सिम्जुङ -४, गोरखा
हालको ठेगाना : सुनवल न.पा. -८, नवलपरासी
**कर्जा शिर्षक : आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**सरिता देवी पौड्याल**
ना.प्र.नं. ६३४४०
जारी मिति २०५९/०१/२७
जि.प्र.का. नवलपरासी
बाबुको नाम : जगत बहादुर खड्का
पतिको नाम : कलम बहादुर पौड्याल
ससुराको नाम : कुल बहादुर पौड्याल
स्थायी ठेगाना : सिम्जुङ -४, गोरखा
हालको ठेगाना : सुनवल न.पा. -८, नवलपरासी

**टिकापुर शाखा, कैलाली**

**ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगढी कैलालीमा प्रा.फ.नं. १४१७३ अन्तर्गत मिति २०७७/०७/२० मा दर्ता कायम भएको **न्यू कालिका ग्रिल उद्योग**
फर्म दर्ता ठेगाना : टिकापुर न.पा -१, कैलाली
स्थायी लेखा नं. ६१३८७६५२४, मिति : २०७७/०६/१८
**प्रोप्राइटर : खंगीसरा दानी**
ना.प्र.नं. ६४-३-००४/३१ जारी मिति २०७०/०२/१२, जि.प्र.का. सुर्खेत
बाबुको नाम : नन्नाराम दानी
पतिको नाम : क्षेत्र बहादुर बोगटी
ससुराको नाम : पहल बोगटी
स्थायी ठेगाना : गुटु -२, सुर्खेत
हालको ठेगाना : टिकापुर न.पा. -१, कैलाली
**कर्जा शिर्षक : आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**क्षेत्र बहादुर बोगटी**
ना.प्र.नं. १७२८/७
जारी मिति २०४४/१२/२२
जि.प्र.का. अछाम
बाबुको नाम : पहल बोगटी
बाजेको नाम : महारुप बोगटी
स्थायी ठेगाना : कालिकास्थान -४, अछाम
हालको ठेगाना : टिकापुर न.पा. -१, कैलाली

**महेन्द्रनगर शाखा, कञ्चनपुर**

**ऋणीको विवरण**

प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, महेन्द्रनगर कञ्चनपुरमा प्रा.फ.नं. ७२४८/०७७/७८ अन्तर्गत मिति २०७७/१०/०७ मा दर्ता कायम भएको **श्री एम डिसि कृषि मत्स्य तथा पशुपन्छीपालन फर्म**
फर्म दर्ता ठेगाना : भीमदत्त -१०, कञ्चनपुर
स्थायी लेखा नं. ६१४९०८१०७, मिति : २०७७/१०/११
**प्रोप्राइटर : मीना देवी चुनारा**
ना.प्र.नं. ७५१००१/१३२९३
जारी मिति २०६८/०५/१८ जि.प्र.का. कञ्चनपुर
बाबुको नाम : रतन लाल लोहार
पतिको नाम : हरिराम चुनारा
ससुराको नाम : रुधे चुनारा
स्थायी ठेगाना : भीमदत्त -१०, कञ्चनपुर
**कर्जा शिर्षक : आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**हरिराम चुनारा**
ना.प्र.नं. २२५७/९५९
जारी मिति २०४६/१२/१०
जि.प्र.का. कञ्चनपुर
बाबुको नाम : रुधे चुनारा
बाजेको नाम : मन्धीरे चुनारा
स्थायी ठेगाना : महेन्द्रनगर न.पा. -१०, कञ्चनपुर

**Global IME Bank**
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त



## कर्जा तिर्न आउनेबारे ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८०/०२/०२)**

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.का तपसिलमा उल्लेखित तपाईं ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा व्याज आदि भुक्तान गर्न आउन तपाईंलाई पटक पटक व्यक्तिगत रुपमा सम्पर्क गरि तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाई बेवास्ता गरेकाले कर्जा चुक्ता गर्न आउन ३५(पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र कर्जा चुक्ता गर्न नआउनु भएमा सहकारी ऐन २०७४ तथा प्रच्चलित नेपाल कानून बमोजिम कार्वाही गरिने यसै सूचनाद्धारा आह्वान गरिन्छ।

**तपसिल**

| ऋणीहरुको विवरण | फोटो | कर्जा शिर्षक |
|---|---|---|
| **नाम : देव बहादुर रानामगर**<br>बुवाको नाम : धन बहादुर रानामगर<br>पतिको नाम : डम्बर बहादुररानामगर<br>ठेगाना : बारा जिल्ला, निजगढ-१<br>हाल : काठमाडौं जिल्ला, तारकेश्वर नपा वडा नं.२, देवस्थली<br>ना.प्र.नं. : ९००८।३२४६।७२८७<br>जारी मिति : २०५२/०१/१२<br>जारी स्थान : जि.प्र.का.बारा |  | व्यवसाय |
| **नाम : लक्ष्मण पुरी**<br>बुवाको नाम : बलराम पुरी<br>बाजेको नाम : रत्न लाल पुरी<br>ठेगाना : खोटाङ जिल्ला, बाकाचोल गाविस.वडा नं.२,<br>हालको ठेगाना : काठमाण्डौं जिल्ला, कागेश्वरी मनहरा-९, गोठाटार<br>ना.प्र.नं. : १२-०१-७२-०२४६८<br>जारी मिति : २०६७/०६/१०<br>जारी स्थान : जि.प्र.का.खोटाङ |  | व्यवसाय |
| **नाम : उर्मिला पुरी**<br>बुवाको नाम : टंक प्र.गिरी<br>पतिको नाम : लक्ष्मण पुरी<br>ठेगाना : खोटाङ जिल्ला, बाकाचोल गाविस.वडा नं. २,<br>हालको ठेगाना : काठमाण्डौं जिल्ला, कागेश्वरी मनहरा-९,गोठाटार<br>ना.प्र.नं. : १२३०९९/२२९<br>जारी मिति : २०७२/०४/२६<br>जारी स्थान : जि.प्र.का.खोटाङ |  | व्यवसाय |

**श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.**
पिंगलास्थान, गौशाला, काठमाडौं
फोन नं. : ०१-४४८३२४५

# भ्रष्टाचारविरुद्ध एमाले युवा-विद्यार्थीको प्रदर्शन

**काठमाडौं** / एमालेसम्बद्ध युवा-विद्यार्थी संगठनले भ्रष्टाचारविरुद्ध प्रदर्शन गरेका छन् । सोमबार काठमाडौंमा राष्ट्रिय युवा संघ नेपाल र अनेरास्ववियुले भ्रष्टाचारविरुद्ध सडकमा दबाबमूलक प्रदर्शन गरेका हुन् । राष्ट्रिय युवा संघका पूर्वअध्यक्ष महेश बस्नेत र किरण पौडेल, अनेरास्ववियुका अध्यक्ष समिक बडाललगायतले नेतृत्व गरेको युवा-विद्यार्थीहरूको समूहले भृकुटीमण्डप, बागबजारलगायतको क्षेत्रमा सडकमा प्रदर्शन गरेका थिए ।

उनीहरूले 'हाम्रो भविष्य भ्रष्टाचारमुक्त नेपाल', साह्रै बढ्यो भ्रष्टाचार विकल्प दे सरकार, यो ऊ भन्दैनौं भ्रष्टाचारी सहन्नौं'जस्ता प्लेकार्डसहित प्रदर्शन गरे । प्रदर्शनकारीहरू राष्ट्रिय सभागृहमा पुगेपछि युवा-विद्यार्थी दिवसमा आयोजित कार्यक्रममा सहभागी भएका थिए ।

### भुटानी शरणार्थी काण्डबाट नेपालको बदनाम भयो : पोखरेल

एमाले महासचिव शंकर पोखरेलले नक्कली भुटानी शरणार्थी काण्डले अन्तर्राष्ट्रिय समुदायसामु नेपाल बदनाम भएको बताए । ठगी काण्डले राष्ट्रमाथिकै घात भएको भन्दै उनले दोषीमाथि कडा कारबाही गरिनुपर्ने धारणा राखे । 'यो ठगी काण्ड मात्र होइन, राष्ट्रमाथिकै घात हो । राष्ट्रिय स्वाभिमान र राष्ट्रिय स्वाधीनतामाथिकै एकप्रकारको अपमान हो,' प्रदर्शनपछि आयोजित कार्यक्रममा पोखरेलले भने, 'नेपाल राष्ट्र स्वयं आफैं मानवतस्करीका लागि काम गर्दछ भन्ने जुन खालको सन्देश गएको छ, त्यो राष्ट्रका लागि लज्जाको विषय हो ।'

उनले नक्कली भुटानी शरणार्थी काण्डमा एमालेलाई मुछ्ने प्रयास गरिए पनि सम्पूर्ण काम शेरबहादुर देउवाको नेतृत्वमा बनेको सरकारको पालामा भएको दाबी गरे । 'बदमासी एउटाले गर्ने, संकेत अर्कोतिर देखाउने जुन प्रकारको धृष्टता भइरहेको छ, त्यसप्रति हामी सबै सचेत हुन जरुरी छ,' पोखरेलले भने ।

## भ्रष्टाचारविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री कार्यालयमा सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री प्रचण्डले विधिको शासन र सहभागितामूलक लोकतन्त्रप्रति प्रतिबद्धताबाट सरकार निर्देशित रहेको पनि स्पष्ट पारेका छन् ।

वर्तमान सरकार गठनपछि पहिलोपटक सरकारले विदेशी कूटनीतिज्ञहरूलाई एकै ठाउँमा बोलाएर समसामयिक परिस्थितिबारे प्रस्तुतीकरण गरेको हो । नक्कली भुटानी शरणार्थी प्रकरण चलिरहेका वेला प्रधानमन्त्री प्रचण्डले अन्तर्राष्ट्रिय समुदायलाई आश्वस्त पार्न खोजेका छन् । प्रधानमन्त्रीले भुटानी शरणार्थी प्रकरणको नाम भने नलिएको सहभागीले बताएका छन् ।

'सरकारका नीति र कार्यहरू सुशासन, विधिको शासन र सहभागितामूलक लोकतन्त्रप्रति हाम्रो दृढ प्रतिबद्धताबाट निर्देशित छन्,' प्रधानमन्त्रीले भने, 'हामीले भ्रष्टाचारविरुद्ध शून्यसहनशीलता नीति कायम राखेका छौं र सबै तहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने हाम्रो लक्ष्य हो ।' वर्तमान सरकार गठनसँगै मुलुकले लोकतान्त्रिक उपलब्धिलाई सुदृढ गर्ने र सामाजिक-आर्थिक रुपान्तरणका लागि प्रयास गर्ने संकल्पलाई पुनः नवीकरण गरेको प्रधानमन्त्री प्रचण्डको जिकिर छ ।

### शान्तिप्रक्रिया निष्कर्षमा पुऱ्याउने, सबैलाई आममाफी नहुने

प्रधानमन्त्री प्रचण्डले शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सरकार प्रतिबद्ध रहेको पनि बताएका छन् । 'हाम्रो सफल, अद्वितीय र स्वदेशी शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन सरकार प्रतिबद्ध छ,' प्रधानमन्त्रीको भनाइ छ, 'समाजमा शान्ति, मेलमिलाप र सद्भावको सुदृढीकरणलाई उच्च महत्त्व दिन्छौं । संक्रमणकालीन न्याय प्रक्रियाका बाँकी काम टुंगोमा पुऱ्याउने र द्वन्द्वका पीडितहरूलाई न्याय र क्षतिपूर्ति उपलब्ध गराउने प्रतिबद्धता पुनः दोहोऱ्याउन चाहन्छु ।'

विस्तृत शान्तिसम्झौता, सर्वोच्च अदालतका आदेश तथा सान्दर्भिक अन्तर्राष्ट्रिय प्रतिबद्धता र पीडितहरूका सरोकारलाई केन्द्रमा राखेर शान्तिप्रक्रिया टुंग्याउने उनको प्रतिबद्धता थियो । 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक संसद्मा पेस गरिएको र विधेयकलाई यथाशक्य छिटो पारित गर्न प्रमुख राजनीतिक दलबीच सहमति भएको छ,' प्रधानमन्त्रीले भने, 'संशोधन प्रस्ताव पीडितकेन्द्रित छ । र, परिपूरणलाई पीडितको अधिकारको रूपमा मान्यता दिएको छ । मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा कुनै पनि प्रकारको आममाफी दिइनेछैन भन्ने म आश्वस्त पार्न चाहन्छु ।'

### अर्थतन्त्र सुधारको संकेत

प्रधानमन्त्री प्रचण्डले चुनौतीका बाबजुद ने पालको अर्थतन्त्रले बाह्य क्षेत्रमा सुधारको सकारात्मक संकेत देखाएको जिकिर गरेका छन् । उनले तरलता संकट क्रमशः सहज हुँदै गइरहेको, ब्याजदर घट्दो क्रममा रहेको, तर अर्थतन्त्रको व्यापक प्रगति हुन बाँकी रहेको पनि बताए ।

'हामीले आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न कृषि, उत्पादन र सेवा तीनवटै क्षेत्रमा प्रयास दोब्बर बनाउनुपर्नेछ । अहिले राजस्व संकलन र पुँजीगत खर्चको लक्ष्य पूरा गर्न कठिन भएको छ । बजेटघाटा देखापरेको छ । राजस्व संकलन र सार्वजनिक खर्चबीच केही अन्तर छ,' प्रधानमन्त्रीले भने, 'हामीले आर्थिक विकासलाई उच्च प्राथमिकतामा राखेका छौं । लगानीको अनुकूल वातावरण सिर्जना गर्ने उपायहरू लिएका छौं ।'

सरकारले समावेशी र दिगो औद्योगीकरण, आर्थिक विविधीकरणलाई प्राथमिकता दिएको पनि उनको भनाइ छ । 'थप प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) आकर्षित गर्न सुरक्षित र अनुकूल लगानी वातावरण सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं । हामी विशेष गरी स्वच्छ ऊर्जा, पर्यटन र पूर्वाधारका क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्छौं,' प्रधानमन्त्रीले भने, 'लगानीकर्ता को विश्वास अभिवृद्धि गर्न थप कानुनी, नीतिगत र संस्थागत सुधार गर्दै जानेछौं ।'

अनुदान र सहुलियतपूर्ण ऋणसहितको आधिकारिक विकास सहायताका लागि प्रधानमन्त्रीले दातृ मुलुकहरूलाई आग्रह गरे । 'विशेष गरी दिगो विकास, गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य सेवा र अन्य आधारभूत सेवाहरूमा पहुँच र हामीले गरेको प्रगतिलाई दिगो बनाउन बाह्य वित्तपोषण हामीलाई आवश्यक छ,' प्रधानमन्त्रीले भने ।

नेपालले सार्वभौम समानता, गैरहस्तक्षेप, आपसी सम्मान र लाभका सिद्धान्तहरूमा आधारित स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गरेको पनि प्रधानमन्त्रीको भनाइ थियो । 'मित्रता, पारस्परिक सम्मान र सहयोगले हाम्रा बाह्य संलग्नताहरूलाई मार्गदर्शन गर्न जारी राख्छ,' प्रधानमन्त्रीले भने, 'राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धन हाम्रो परराष्ट्र नीतिको लक्ष्य हो । शान्तिपूर्ण, समावेशी र लोकतान्त्रिक राज्यको रूपमा नेपालको पहिचानलाई प्रवर्द्धन गर्ने र आर्थिक कूटनीतिलाई अघि बढाउने हाम्रो विदेश नीतिको केन्द्रबिन्दु हो ।'

सरकारले निकट छिमेकी, विकास साझेदार, आप्रवासी कामदारका लागि गन्तव्य मुलुकहरू र अन्य सबै मित्रराष्ट्रहरूसँग नेपाल को सम्बन्ध सुमधुर बनाउन प्रयासरत रहेको पनि प्रधानमन्त्रीको भनाइ थियो ।

प्रधानमन्त्रीले सार्क प्रक्रिया पुनरुत्थान तथा बिमस्टेकमा नयाँ गति सुनिश्चित गर्न प्रयासरत रहने पनि बताए । 'दक्षिण एसियामा क्षेत्रीय सहयोगका सम्भावनाहरू पूर्ण रूपमा साकार हुनबाट टाढा छन्,' प्रधानमन्त्रीले भने, 'हामी सार्क प्रक्रियालाई पुनरुत्थान गर्न र बिमस्टेकमा नयाँ गति सुनिश्चित गर्न प्रयासरत रहनेछौं ।' नेपाल बहुपक्षीयता र संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेखित सिद्धान्तप्रति प्रतिबद्ध रहेको प्रधानमन्त्रीले बताए ।

## साढे ३२ करोडको...

पृष्ठ १ बाट क्रमशः

मोटरसाइकल र ५० कार अन्डरग्राउन्ड पार्किङको सुविधा पनि छ । भवनमा ताला लगाइएको छ । लामो समय प्रयोगमा नल्याउँदा भवनसँगै भित्र राखिएका टेबुल जीर्ण बन्ने जोखिम बढेको छ ।

एकातिर करोडौंको सरकारी भवन प्रयोगविहीन बन्दा अर्कोतिर संघ र प्रदेश सरकारकै सभा, सम्मेलन तथा गोष्ठी होटेल र पार्टी प्यालेसमा गरेर लाखौं सिध्याउने गरिएको छ । केही दिनअघि मात्र सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री कार्यालय र आर्थिक मामिला मन्त्रालयले तीन ठूला कार्यक्रम होटेल र पार्टी प्यालेसमा गरेका थिए । मानस खण्ड सम्मेलन, आगामी बजेटबारे प्रदेशभरिका पालिका प्रमुख र उपप्रमुखसँग छलफल तथा प्रदेश सभा सदस्यसँग छलफल होटेल र पार्टी प्यालेसमा गरिएको थियो ।

'धनगढीमा सरकारी ठूला हल नभएकाले लाखौं खर्च गरेर होटेलमा कार्यक्रम गर्नुपरेको हो,' आर्थिक मामिला मन्त्रालयका एक अधिकारीले भने, 'सरकारी सुविधा नै भएको भए हामीले पैसा तिरे पनि सरकारकै आम्दानी हुन्थ्यो ।'

### सभागृह तयार भएको एक वर्षसम्म राखिएन साउन्डसिस्टम, सञ्चालनको मोडालिटी पनि टुंगिएन

सभागृह तयार भएको ११ महिना भइसक्यो, तर अहिलेसम्म साउन्डसिस्टम नराखिएकाले सञ्चालनमा ल्याउन नसकिएको भनिएको छ । संघीय आयोजना कार्यान्वयन एकाइ धनगढीका सूचना अधिकारी सौरभ कलौनीले साउन्डसिस्टम जडान भएपछि सभागृह धनगढी उपमहानगरलाई हस्तान्तरण गरिने बताए ।

'हामीले सभागृह धनगढी उपमहानगरलाई हस्तान्तरण गर्न खोजेका थियौं, तर उपमहानगरले साउन्डसिस्टम राखिदिन आग्रह गरेको छ,' उनले भने, 'सुरुको ठेक्कामा साउन्डसिस्टम राखिएको रहेनछ, त्यसका लागि अहिले केन्द्रबाट बजेट माग गरेका छौं ।'

सभागृह सञ्चालनको मोडालिटी पनि अहिलेसम्म टुंगिएको छैन । महालेखापरीक्षकको कार्यालयको ६०औं वार्षिक प्रतिवेदनले समेत सभागृहको स्वामित्व र सञ्चालन मोडालिटी स्पष्ट नगरिएको भन्दै प्रश्न उठाएको छ । 'कुन मोडालिटीमा सञ्चालन गर्ने भनेर केन्द्रबाट राय पनि मागेका छौं,' कलौनीले भने । निर्माण सकिएको एक वर्षसम्म मर्मतको दायित्व निर्माण कम्पनीकै भएकाले सभागृहको रेखदेखका लागि निर्माण कम्पनीले एक चौकीदार राखेको छ ।

### समयमा निर्माण नसकिँदा चार करोड धेरै लागत

२८ करोड ५५ लाख ३७ हजारमा सभागृह निर्माण गर्ने गरी २ फागुन ०७५ मा बिकेओआई एमके रोयल जेभीसँग सम्झौता भएको थियो । सम्झौताअनुसार ९ असार ०७८ मा सभागृह निर्माण गरिसक्ने लक्ष्य राखिएको थियो । तर, कोभिड- १९ को कारण देखाउँदै २९ असार ०७९ सम्म म्याद थपिएको थियो । समय धेरै लागेपछि सभागृहको लागत पनि चार करोड पाँच लाखले बढेर ३२ करोड ६० लाख ८१ हजार पुगेको कलौनीले बताए ।

## गृहकै गाडीमा...

पृष्ठ १ बाट क्रमशः

काम भएको थियो । सो गाडीमा गृहको परिचयपत्र भिरेका केही कर्मचारी पनि संलग्न रहेको पीडितले उजुरीमा दिएका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले अनुसन्धानका लागि गृहको गाडी बरामद गरिएको पुष्टि गरे । 'ठगीको उद्देश्यले गृहले त्यो गाडी दुरुपयोग गरेको पाइएपछि अनुसन्धानका लागि ल्याइएको हो,' उनले भने । स्रोतका अनुसार अपराधमा प्रयोग भएका अन्य केही गाडी पनि बरामद भएका छन् । कतिपय अवस्थामा निजी गाडीमै समेत सरकारी नम्बर प्लेट राखेर उनीहरूले प्रयोग गर्दथे ।

हज कमिटीका अध्यक्ष मियाँले समेत आफ्नो गाडी प्रयोग गर्न दिएर गिरोहलाई सघाएको प्रहरी अनुसन्धानमा देखिएको छ । मियाँ २९ पुस ०७५ मा पहिलोपटक हज कमिटीको अध्यक्षमा नियुक्त भएका थिए । त्यतिवेला रामबहादुर थापा 'बादल' गृहमन्त्री थिए । बादल पनि हाल छानबिनमा छन् । अर्घाखाँचीको बालकोट घर भएका हज कमिटीका अध्यक्ष मियाँ एमाले नेता टोपबहादुर रायमाझीका निकट हुन् । रायमाझीकै जोडबलमा उनी त्यहाँ नियुक्त भएको स्रोत बताउँछ । रायमाझीकै जोडबलमा त्यसअघि उनी मुस्लिम आयोगको सदस्य पनि भएका थिए ।

सुरुमा दुई वर्षलाई हज कमिटीमा नियुक्त भएका मियाँ त्यसयता निरन्तर अध्यक्ष छन् । प्रहरीले अनुसन्धान थालेको चाल पाएपछि उनी मोबाइल स्विच्ड अफ गरेर सम्पर्कविहीन छन् । प्रहरीलाई अनुसन्धानमा सहयोग नगरे उनलाई मतियारका रूपमा मुद्दा चलाउने तयारी भइरहेको छ ।

### आडटावाले गरे आत्मसमर्पण

प्रहरी खोजीमा रहेका नेपाली कांग्रेसका पूर्वसभासद् आडटावा शेर्पा सोमबार आफैं प्रहरीमा उपस्थित भएका छन् । बालकृष्ण खाणलाई जोगाउन अभियुक्तहरूको बयान प्रभावित पार्न खोजेको खुलेपछि प्रहरीले उनलाई खोजी गरेको थियो । केही दिन भूमिगत भएका उनी आफन्तसहित सोमबार टेकुस्थित प्रहरी कार्यालय पुगेका थिए । उनलाई अभियुक्तकै रूपमा मुद्दा चलाउने वा कागज गरेर छाड्ने भन्ने विषयमा कुरा नटुंगिएको प्रहरी अधिकारी बताउँछन् ।

### मंगलबार अनुसन्धान पूरा नहुने

जिल्ला सरकारी वकिल कार्यालयले मंगलबारभित्र अनुसन्धान पूरा गर्न निर्देशन दिए पनि सम्भव नहुने देखिएको छ । अभियुक्तहरू थपिएपछि प्रहरीले अनुसन्धानका लागि अझै केही दिन समय मागेको छ, त्यसमा सरकारी वकिल पनि लचिलो भएको छ ।

'थप अभियुक्तहरू आएकाले मंगलबार नै अनुसन्धान नसकिनेजस्तो देखियो,' जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेले भने, 'प्रहरीलाई एक-दुई दिन थप समय लाग्न सक्छ । त्यसका लागि म्याद दिनुपर्ने हुन्छ ।'

१२ जना हिरासतमा रहेको यो मुद्दामा प्रहरीको अनुसन्धान अन्तिम चरणमा पुगेको छ । संगठित अपराधको कसुरमा ६०औं दिनभित्र अदालतमा अभियोग दर्ता गर्नुपर्ने हुन्छ । सोमबार ५१ दिन सकिएको छ । ठूलो मुद्दा भएकाले प्रतिवेदन अध्ययन र अभियोजनको तयारीका लागि सरकारी वकिल कार्यालयले एक साताको समय मागेको छ ।

## संलग्नहरूमाथि...

पृष्ठ १ बाट क्रमशः

उद्योग) र राष्ट्रद्रोह (नागरिकलाई अर्कै मुलुकको नक्कली शरणार्थी बनाउने कार्य गरी राज्य र नागरिकप्रति घात/द्रोह)मा कुनै कसर बाँकी नराखी निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न सरकारलाई निर्देशन दिनुपर्छ,' प्रस्तावमा छ । संकल्प प्रस्तावमा निर्देशनका १० वटा विषय उल्लेख गरिएको छ ।

### निष्पक्ष छानबिन गर्न सांसदहरूको माग

सत्तापक्ष र विपक्षी बेन्चमा रहेका सांसदले नक्कली भुटानी शरणार्थी प्रकरणमा निष्पक्ष छानबिन गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । सांसदले गम्भीर प्रकृतिको अपराध भएको भन्दै यस प्रकरणमा जोसुकै दोषी भए पनि कुनै हालतमा छाड्न नहुनेमा जोड दिए । प्रमुख तीन दलका शीर्ष नेताका शृंखलाबद्ध भेटघाटलाई लिएर सांसदहरूले छानबिन प्रभावित हुन सक्ने आशंका पनि गरेका छन् ।

एमाले सांसद ठाकुर गैरेले भुटानी शरणार्थी प्रकरणमा भएको प्रगति सरकारले सदनलाई जानकारी गराउन माग गरे । रास्वपाका मनीष झाले तीन दलका नेताको नियमित भेटघाटले अनुसन्धान निष्पक्ष र प्रभावकारी हुनेमा आशंका बढेको बताए । दोषीलाई जोगाउने खेल भए चुप लागेर नबस्ने उनले चेतावनी दिए ।

माओवादीका देवेन्द्र पौडेलले भुटानी शरणार्थीको विषय गम्भीरतापूर्वक उठेको र छानबिन चलिराखेको वेला अर्को विषय उठाइदिएर विषयान्तर नगर्न आग्रह गरे । सत्यतथ्यलाई निष्कर्षमा पुऱ्याउन सरकारलाई, सम्बन्धित निकायहरूलाई सहयोग पुऱ्याउनुपर्ने र अख्तियार, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभागजस्ता राज्यका निकाय सुस्ताए बस्न नहुने बताए । जसपाका राजकिशोर यादवले ठूला नेताको भेटघाटले आशंका जन्माएको भन्दै यो राष्ट्रद्रोह भएकाले दोषीलाई कारबाही गर्न माग गरे । एकीकृत समाजवादीका अमरबहादुर थापाले बिचौलियालाई समयमै कारबाही नगर्दा समस्या विकराल बनेको र दोषी जोसुकै भए पनि छोड्न नहुने बताए ।

रास्वपाका सन्तोष परियारले नक्कली भुटानी शरणार्थी प्रकरणले नेपाली राजनीतिलाई नै लज्जित बनाएको भन्दै घटनाको छानबिनबारे सदनमा जवाफ दिन गृहमन्त्रीलाई आग्रह गरे । उनले घटनाप्रति लज्जाबोध गरेर खेद प्रस्ताव पारित गर्न सरकारलाई अनुरोध पनि गरे ।

कांग्रेसकी आरजु राणा देउवाले भुटानी शरणार्थी प्रकरणमा आएको आफ्नो फेक अडियो छानबिन नभएको भन्दै गृह मन्त्रालयसँग जवाफ माग गरिन् । फेक अडियो बनाएर आफ्नो चरित्रको बलात्कार गरिएको भन्दै आरजुले सत्यतथ्य उजागर गर्न र दोषी प्रस्ट पार्न माग गरिन् ।

एमाले सांसद सुनिता बरालले भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक व्यक्तिको जीवनशैलीसम्बन्धी कानुन बनाउन माग गरिन् ।

रास्वपाका गणेश पराजुलीले सुशासनको नारा लगाउने दलहरूले आफ्नो नेता मुछिँदा बचाउमा निकृष्ट नाटक मञ्चन गरिरहेको भन्दै जनतालाई भ्रम छर्ने र मुद्दालाई विषयान्तर गरी जनतालाई झुक्याउने खेल नगर्न चेतावनी दिए।

राप्रपाका ज्ञानबहादुर शाहीले भ्रष्टाचार नियन्त्रण गर्न सडक आन्दोलनभन्दा संसद्मा आन्दोलन गर्नुपर्ने माग गरे । नेमकिपाका प्रेम सुवालले भुटानी शरणार्थी प्रकरणमा तत्कालीन प्रधानमन्त्रीलाई पनि कानुनी दायरामा ल्याउन माग गरे ।

### रास्वपा सांसद सुमना श्रेष्ठले दर्ता गराएको संकल्प प्रस्तावमा निर्देशन गर्न माग गरिएका विषयहरू

-प्रमाण संकलन र अभियोजन प्रक्रिया स्वतन्त्र, स्वच्छ र निष्पक्ष ढंगले सञ्चालन गर्न आवश्यक प्रबन्ध गर्ने । -अपराधका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखिपठाउने र आयोगद्वारा मुद्दा तामेलीमा नराखिने गरी अनुसन्धानको प्रबन्ध गर्ने । -लेनदेनमा प्रत्यक्ष संलग्न नदेखिने, तर नीतिगत निर्णयमार्फत शरणार्थी प्रकरणमा जोडिएका राष्ट्रसेवकलाई कानुनी दायरामा ल्याउने । -गृहमन्त्री र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सम्बन्धित क्षेत्र हेर्ने आयुक्तले संसद्समक्ष यथार्थ जानकारी गराउने । -सरकारले कुनै किसिमको अनुचित राजनीतिक हस्तक्षेप, दबाब र प्रभाव पर्न नदिने प्रबन्ध गर्ने । -प्रतिवादीहरूको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि लेखिपठाउने । -अहिलेसम्म नेपालबाहिर गएका भुटानी शरणार्थीबारे छानबिन गर्ने । -अन्तर्राष्ट्रिय निकाय, संगठन वा मित्रराष्ट्रसँग उचित सम्पर्क समन्वय गरी आवश्यक कागजात झिकाउने । -कार्यदल र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पहिले तामेलीमा राख्ने निर्णयमा संलग्न पदाधिकारीमाथि अनुसन्धान गर्ने ।


**RE-INVITATION FOR E-BIDS**

**Date of First Publication: 2079/12/30**
**Date of Second Publication: 2080/2/2**

**Tourism Development Project, Hetauda (TDP)** invites bids from the duly registered eligible national bidders for following works, the detail information can be accessed through client's website **tdp.p3.gov.np**. Complete set of Bidding Document is available online and can be downloaded from e-GP system of PPMO: www.bolpatra.gov.np/egp.

1. Construction of Tourism Infrastructure at Majdur Sahid Smriti Park, Benighat Rorang-10, Dhading tower (MOTIC/TDP/W/NCB/079/80-02)
2. Construction of Tamang Cultural Museum and other Infrastructure at Shivapuri Rural Municipality, Nuwakot (MOTIC/TDP/W/NCB/079/80-03)

**Manahari Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Rajaiya, Makawanpur**
Bagmati Province, Nepal

**Invitation of bid**

**First date of publication: 2080/02/02**

Manahari rural municipality, Office of rural municipal executive rajaiya, Makawanpur invites electronic bid for the following work under National Competitive Bidding (NCB) single stage two envelope bidding procedures.

| S. N | Contract Identification No. | Works Descriptions | Bid security amount (NRS) | Bid document cost(NRS) (nonrefundable) |
|---|---|---|---|---|
| 1. | BLDG/NCB/ MAN-21/079-80 | Manahari cold storage building construction ward 3 | 20,00,000/- | 5,000/- |

Eligible bidders may obtain further information form PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality Office of Rural Municipal Executive, Rajaiya, Makawanpur.

**CHIEF ADMINISTRATIVE OFFICER**

**लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना ।**

(प्रकाशित मिति : २०८०/०२/०२)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरिकाले गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले मिति २०७८/१०/२४ गते सोमबारको अभियान राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेकोले यो ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा ब्याज तथा हर्जना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई सम्पुर्ण कर्जा चुक्ता फर्छ्यौट गरी लेखिदिएको धितो फुकुवा गरी लैजानु हुनका लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक लगायत सम्बद्ध सबैलाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराइन्छ । साथै तपसिलमा उल्लेखित धितो सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त धितो सम्पत्ति के-कति दर भाउ र मूल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय मन्थली, रामेछापमा दाखिला गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिन अर्थात् मिति २०८०/०२/१७ (सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय मन्थली, रामेछापमा दिनको ठीक ११.०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम एक प्रतिको रु.१०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकको शाखा कार्यालय मन्थली, रामेछापमा तथा केन्द्रिय कार्यालय, हात्तीसार, काठमाण्डौमा उपलब्ध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री हुन नसकेमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा जानकारी गराउदै उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी लगायतका सम्बद्ध व्यक्तिहरुको अन्य चल-अचल सम्पत्तिबाट समेत असुल उपर गरी लिइने वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ । साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालकले समेत यसै सूचना बमोजिम ऋणीलाई तोकिएको अवधी भित्रमा कर्जा चुक्ता गर्न लगाउनु हुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

१) **ऋणीको नाम** : पहले सार्कीको नाति मसिने सार्कीको छोरा रामेछाप जिल्ला देउराली गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रामेछाप जिल्ला रामेछाप नगरपालिका वडा नं. २ बस्ने खेट बहादुर सार्की (ना.प्र.नं. ५३५२८ जिल्ला प्रशासन कार्यालय रामेछाप जारी मिति २०५८/१२/२७)

**व्यक्तिगत जमानतकर्ता**

क) पहले सार्कीको बुहारी काले सार्कीको छोरी मसिने सार्कीको पत्नी रामेछाप जिल्ला, रामेछाप न.पा. वडा नं. २ बस्ने **मसिनी सार्कीनी** (ना.प्र.नं. ५९०० जिल्ला प्रशासन कार्यालय रामेछाप जारी मिति २०४५/०१/१२)

**व्यक्तिगत तथा धितो जमानतकर्ता**

क) मसिने सार्कीको बुहारी फ्याक्से सार्कीको छोरी खेट बहादुर सार्कीको पत्नी रामेछाप जिल्ला, रामेछाप न.पा. वडा नं. २ बस्ने **काली सार्की** (ना.प्र.नं. २१-०१-७५-०२९६८ जिल्ला प्रशासन कार्यालय रामेछाप जारी मिति २०७५/०६/१९)

**धितो सुरक्षणको विवरण :**

क) ऋणी **श्री खेट बहादुर सार्की तथा व्यक्तिगत जमानतकर्ता श्रीमती मसिनी सार्कीनीको** संयुक्त नाममा मालपोत कार्यालय रामेछापको लगतमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला सीरुवारी न.पा./गा.वि.स. वडा नं. ६ ग, स्थित कित्ता नं. ६८, २७८, २८० र ऐ.ऐ. वडा नं. ६ घ स्थित कित्ता नं. ५२ को क्षेत्रफल क्रमशः ०-१३-१-०, ०-१५-३-३, ३-२-३-१ र ४-१२-०-२ को जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**पुनश्च** : अन्य जानकारीको लागि यस बैंकको शाखा कार्यालय मन्थली, रामेछाप तथा केन्द्रीय कार्यालय हात्तीसार, काठमाण्डौ स्थित कर्जा असूली विभागमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ०१-४५४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
मंगलबार २ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

# उपाधि होडमा फर्कियो मच्छिन्द्र

## साबिक दुईपटकको विजेता मच्छिन्द्रले दोस्रो चरणमा सानदार प्रदर्शन गर्दै शीर्ष स्थानमा दाबेदारी प्रस्तुत गरेको छ

**नयाँ पत्रिका**

साबिक दुईपटकको विजेता मच्छिन्द्र फुटबल क्लब सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताको उपाधि होडमा फर्किएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको खेलमा मच्छिन्द्रले खुमलटार युथलाई ३-० ले पराजित गर्दै उपाधिमाथि ह्याट्रिक गर्ने योजना जीवितै राखेको हो। मच्छिन्द्रले लगातार ०७६ र ०७८ को लिग उपाधि उचालेको थियो। प्रशिक्षक प्रवेश कटवालले पहिलोपटक मच्छिन्द्रलाई उपाधि जिताएका थिए। ह्याट्रिक जिताउने योजनामा रहेका कटवालले चालू लिगको पाँचौं चरणपछि क्लब छाडेका थिए।

अहिले उनी राष्ट्रिय फुटबल टोलीको सहायक प्रशिक्षक छन्। सातौं चरणबाट किशोरकुमार केसीले टोलीको प्रशिक्षण सम्हालेका छन्। केसी मच्छिन्द्रको चुनौती सामना गर्न आउँदा टोली सात खेलमा ९ अंकसहित नवौं स्थानमा थियो। त्यसवेला मच्छिन्द्रले दुई जित, तीन बराबरी तथा तीन हार बेहोरेको थियो। खुमलटारविरुद्ध जितसँगै १८ खेलमा ३० अंक जोडेको मच्छिन्द्र तेस्रो स्थानमा रह्यो।

समान अंक भएपछि एक खेल कम खेलेको चर्च ब्वाइज युथ क्लब गोलअन्तरका आधारमा दोस्रो स्थानमा छ। शीर्ष स्थानको जावलाखेलको समान १८ खेलबाट ३१ अंक छ। 'हामी उपाधि होडमै छौं। खेलाडी घाइते हुँदा समस्या छ,' मच्छिन्द्रका प्रशिक्षक केसीले भने, 'खेलाडी फिट भएको अवस्थामा हामी उपाधि जित्ने अभियानमा अग्रसर हुन्छौं।'

१८औं चरणका खेल चल्दा तेस्रो स्थानमा रहेको मच्छिन्द्र आठ खेल बाँकी रहँदा उपाधि दाबेदारमा फर्किएको हो। मच्छिन्द्रसँग पराजित खुमलटार १७ अंकका साथ पुछारमा छ। खुमलटारले लिग जित्ने योजनासहित पहिलोपटक शीर्ष डिभिजन लिगमा प्रतिस्पर्धा गरेको हो। लगातार खराब प्रदर्शनपछि रेलिगेसन हुने अवस्थामा पुगेको छ।



### आफिजको दुई गोल

डबल लिगको एक सय २२औं खेलमा मच्छिन्द्रलाई जित दिलाउन विदेशी खेलाडी नायक बने। आफिज ओलावाले ओलादिपोले दुई गोल गरे। एन्द्रेस नियाले एक गोल थपे। पहिलो हाफमा एक गोल गरेको मच्छिन्द्रले दोस्रो हाफमा थप दुई गोल गरेको हो। पहिलो लेगमा मच्छिन्द्रले खुमलटारमाथि ७-३ को जित निकाल्दा आफिजले एक्लै पाँच गोल गरेका थिए।




४२औं मिनेटमा नियाले मच्छिन्द्रलाई १-० को अग्रता दिलाए। ७७औं मिनेटमा आफिजले टोलीको अग्रता २-० को बनाए। ८३औं मिनेटमा आफिजले व्यक्तिगत दोस्रो गोल गर्दा मच्छिन्द्र ३-० ले विजयी भयो। आफिजले लिगमा १२ गोल पूरा गरेका छन्। उनले १४ खेल खेलेका छन्।

### हिमालयन र संकटाको बराबरी

ए डिभिजन लिगअन्तर्गत सोमबार हिमालयन शेर्पा क्लब र संकटाले १-१ को बराबरी खेलेका छन्। दशरथ रंगशालामा हिमालयनले सुरुवाती अग्रता रक्षा गर्न नसक्दा संकटासँग अंक बाँडेको हो। खेलको दुवै गोल दोस्रो हाफमा भएको थियो। हिमालयन २२ अंकका साथ नवौं स्थानमा छ। संकटा २१ अंकसाथ ११औं स्थानमा छ। खेलको ५०औं मिनेटमा हिमालयनले अग्रता लियो। अबायोमी फाकुन्लेलको हेडिङ पासमा म्यानुएल नानाले अग्रता गोल गरे।

खेलको ७२औं मिनेटमा संकटाले पेनाल्टीबाट १-१ को गोल फर्कायो। पेनाल्टी क्षेत्रमा सुशील राईले आयुष घलानलाई लडाएपछि संकटाले पेनाल्टी पाएको हो। आयुष घलानले गोल गर्दै संकटालाई बराबरीमा ल्याए। खेलको ७७औं मिनेटमा विश्वास श्रेष्ठको प्रहार क्रसबारमा लागेर बाहिरिँदा हिमालयनले अग्रता लिन सकेन।

# सेन्ट्रल एसियन महिला च्यालेन्जको तयारी पूरा

**नयाँ पत्रिका**

नेपाल भलिबल संघले आयोजना गर्ने सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला भलिबल च्यालेन्ज कपको तयारी पूरा भएको छ। संघले सोमबार पत्रकार सम्मेलन गर्दै ८ देखि १४ जेठसम्म राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा हुने काभा महिला च्यालेन्ज कपको तयारी पूरा भएको जानकारी दिएको हो। संघका अध्यक्ष तथा प्रतियोगिताका संयोजक जितेन्द्रबहादुर चन्दले पुरुषको जस्तै महिला काभा प्रतियोगितालाई सफलतापूर्वक आयोजना गर्न तयार रहेको बताएका छन्।

'यसअघि हामीले २०१९ मा पुरुषतर्फ एभिसी सेन्ट्रल जोन भलिबल प्रतियोगिता आयोजना गरेका थियौं, महिला काभा च्यालेन्ज कप पनि सफलतापूर्वक हुने विश्वास छ,' चन्दले भने।

नेपालले १३औं दक्षिण एसियाली खेलकुद (साग)मा महिला र पुरुष प्रतियोगिताको व्यस्थापकीय जिम्मेवारी सफलतापूर्वक गरेको छ। प्रतियोगितामा दक्षिण एसिया तथा सेन्ट्रल एसियाका आठ राष्ट्रको सहभागिता रहनेछ। आयोजक नेपाल, बंगलादेश, भारत, माल्दिभ्स, श्रीलंका, कजाकिस्तान, किर्गिस्तान र उज्वेकिस्तानको सहभागिता रहनेछ।

अध्यक्ष चन्दका अनुसार प्रतियोगिता आयोजनाको खर्च अनुमानित २ करोड ७१ लाख रहेको छ। प्रतियोगिता आयोजनाका लागि संघका अध्यक्ष चन्द र काभा अध्यक्ष मोहमद लाथिफले सम्झौतापत्रमा हस्ताक्षर गरिसकेका छन्। ८ जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतियोगिताको उद्घाटन गर्ने संघका अध्यक्ष चन्दले जानकारी दिए।

प्रतियोगितामा अन्तर्राष्ट्रिय भलिबल संघ (फिब) का प्रतिनिधि तथा सेन्ट्रल एसिया भलिबल एसोसिएसन (काभा)का अध्यक्ष मोहम्मद लातिफ पनि आउनेछन्। यसैबीच, काभा च्यालेन्ज कपका लागि संघका निवर्तमान अध्यक्ष मनोरञ्जनरमण शर्माले एक लाख र विद्यालय भलिबल कमिसनले ७५ हजार रुपैयाँ सहयोग गरेको छ।

### दुई समूहमा विभाजित

प्रतियोगिताका सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए'मा नेपाल, भारत, बंगलादेश र किर्गिस्तान छन्। समूह 'बी'मा श्रीलंका, माल्दिभ्स, कजाकिस्तान र उज्वेकिस्तान रहेका छन्। नेपाल दुईपटकको सेन्ट्रल जोन च्याम्पियन हो। भारतीय टोलीले १३औं सागमा स्वर्ण जितेको थियो। सन् २०१९ मा काठमाडौंमै भएको सागको स्वर्ण भिडन्तमा भारतले नेपाललाई ३-२ को सेटमा हराएको थियो। चार वर्षपछि नेपाल र भारतबीच पहिलोपटक प्रतिस्पर्धा हुन लागेको हो।



> सेन्ट्रल एसियन भलिबलको साबिक दुईपटकको विजेता नेपालको लक्ष्य उपाधिमाथि ह्याट्रिक गर्ने

### उपाधि रक्षा गर्ने लक्ष्य

नेपाल प्रतियोगिताको साबिक दुईपटकको विजेता हो। घरेलु कोर्टमा नेपालमाथि उपाधि रक्षा गर्नुपर्ने दबाब छ। प्रतियोगितामा ह्याट्रिक उपाधि गर्ने लक्ष्य रहेको राष्ट्रिय महिला भलिबल टोलीका मुख्य प्रशिक्षक जगदीश भट्टले बताए। 'हामी उपाधि रक्षा गर्न तयार छौं,' प्रशिक्षक भट्टले भने, 'यसैअनुसार हाम्रो तयारी भइरहेको छ।' यसपटक नेपाली महिला भलिबल टोलीकी नियमित सदस्य प्रतिभा माली चोटका कारण टिममा छैनन्। उनी नहुँदा अन्य खेलाडीले पनि राम्रो प्रदर्शन गर्नुपर्ने दबाब रहेको उनले बताए।

# चार खेलअघि नै बार्सिलोना च्याम्पियन

**नयाँ पत्रिका**

बार्सिलोनाले चार खेलअगाडि नै स्पेनिस ला लिगाको उपाधि जितेको छ। बार्सिलोनाले आइतबार राति स्पोनोयललाई ४-२ ले हराउँदै उपाधिमाथि कब्जा जमाएको हो। सन् २०१९ पछि बार्सिलोनाले ला लिगाको उपाधि जितेको हो। बार्सिलोनाको जितमा रोबर्ट लेवान्डोस्कीले दुई गोल गरेका थिए। एलेजान्ड्रो ब्लेड र ज्युल्स कोन्डेले समान एक गोल गरेका थिए। स्पोनोयलका लागि जाभियर पुवाडो र जोसेलुले समान एक गोल फर्काए।

रियल म्याड्रिडले ७१ अंक बनाएको छ।

उपाधि रक्षा गर्न नसकेको रियल म्याड्रिडले चालू सिरिजमा महत्वपूर्ण खेल गुमाएको थियो। चार वर्षअघि बार्सिलोनाले उपाधि जित्दा रियल म्याड्रिड दोस्रो स्थानमा थियो। सन् २०२१ मा एट्लेटिको म्याड्रिडले उपाधि उचाल्दा रियल म्याड्रिड दोस्रो भएको थियो। गत वर्ष बार्सिलोना उपविजेता बनेको थियो।



बार्सिलोनाको यो २७औं पटक ला लिगा उपाधि हो। प्रशिक्षक जाभी हर्नान्डेज टोलीको मुख्य प्रशिक्षक बनेपछि बार्सिलोनाले पहिलोपल्ट ला लिगाको उपाधि जितेको हो। बार्सिलोनाले ३४ खेलबाट ८५ अंक बटुलेको छ। स्पोनोयलले ३४ खेलबाट ३१ अंक जोडेको छ। स्पोनोयल १९औं स्थानमा छ। बार्सिलोनाले दोस्रो स्थानमा रहेको रियल म्याड्रिडलाई १४ अंकले पछि पारेको छ। बार्सिलोनाले बाँकी चार खेलमा हार वा रियलले सबै चार खेलमा जिते पनि उपाधि जित्न सक्दैन।

### पहिलो हाफमै तीन गोल

बार्सिलोनाले पुछारमा रहेको स्पोनोयलविरुद्ध मध्यान्तरअघि नै ३-० को अग्रता लियो। जसमा पोल्यान्डका स्ट्राइकर लेवान्डोस्कीले दुई गोल गरेका थिए। आरसिडिई रंगशालामा खेलको ११औं मिनेटमा लेवान्डोस्कीले बार्सिलोनालाई १-० को अग्रता दिलाए। खेलको २०औं मिनेटमा एलेक्स बाल्डेले बार्सिलोनालाई २-० को स्थितिमा राखे। खेलको ४०औं मिनेटमा लेवान्डोस्कीले व्यक्तिगत दोस्रो गोल गर्दा बार्सिलोनाले मध्यान्तरअघि ३-० को अग्रता लिन सफल भयो। खेलको ५३औं मिनेटमा कुन्डेले बार्सिलोनालाई ४-० को बलियो स्थितिमा राखे।

# अरण्यज्योति कप क्रिकेट सुरु

**कास्की**/ माछापुच्छ्रे क्रिकेट क्लब पोखराले लुम्बिनी विकास बैंक अरण्यज्योति कप क्रिकेटमा जित निकालेको छ। प्रतियोगिताको उद्घाटन खेलमा माछापुच्छ्रेले किड्स क्रिकेट क्लब काठमाडौंलाई ५७ रनले पराजित गरेको हो। लिगकम नकआउट आधारमा खेलाइएको प्रतियोगिता टी-२० फर्म्याटमा भइरहेको छ।

८ जेठसम्म चल्ने प्रतियोगिताको उद्घाटन खेलमा माछापुच्छ्रेले २० ओभरमा चार विकेट गुमाउँदै एक सय ३० रन जोडेको थियो। प्रत्युत्तरमा किड्स ७२ रनमै अलआउट भयो। दोस्रो खेलमा आयोजकले बागलुङ क्रिकेट क्लबलाई १२ रनले पराजित गऱ्यो। पहिलो ब्याटिङ गरेको आयोजकले २० ओभर खेल्दै आठ विकेटको क्षतिमा एक सय १५ रन जोडेको थियो। बागलुङले २० ओभरमा ९ विकेट गुमाउँदै १०३ रन मात्र जोड्न सक्यो। प्रतियोगितामा चार जिल्लाका आठ टोलीले प्रतिस्पर्धा गर्ने आयोजक क्लबका अध्यक्ष कमल थापाले जानकारी दिए। विजेताले ८० र उपविजेताले ४० हजार रुपैयाँ पाउनेछन्। उत्कृष्ट खेलाडीलाई पाँच हजार प्रदान गरिनेछ।

# ग्रिनल्यान्ड र भ्याली फाइनलमा

**काठमाडौं**/ ग्रिनल्यान्ड र भ्याली पब्लिक छैटौं बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषतर्फ फाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताअन्तर्गत सोमबार भएको श्री बाई श्रीको प्रतिस्पर्धामा ग्रिनल्यान्डले इडेन ब्रिज एकेडेमी (इबिए) लाई २१-६ ले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो। भ्याली पब्लिकले एचएचसिएलाई ११-५ ले पराजित गर्दै ग्रिनल्यान्डसँगको उपाधि भिडन्त पक्का गऱ्यो। प्रतियोगिताको सिनियर महिलामा भ्याली पब्लिक र पृथ्वीले उपाधि भिडन्त पक्का गरेका छन्।

भ्याली पब्लिकले फेरिल्यान्डलाई ३०-१४ ले पराजित गऱ्यो। भ्याली पब्लिकको जितमा मुस्कान गुरुङले १० स्कोरको योगदान गरिन्। बबिता घिमिरेको १३ स्कोरको सहयोगमा पृथ्वीले एचएचसिएलाई २४-१७ ले हरायो। एन्जल्स हार्ट र गोल्डेन पिक जुनियर पुरुषको उपाधिका लागि भिड्ने भएका छन्। एन्जल्स हार्टले आयोजक बिएनएलाई २१-१४ ले पाखा लगायो। एन्जल्स हार्टका रुपेश पौडेलले १३ स्कोर गरे। गोल्डेन पिकले स्किब्सलाई २३-१५ ले पराजित गऱ्यो।



# वीरगन्ज अन्तिम दुईमा

**नयाँ पत्रिका**

वीरगन्ज युनाइटेड क्लबले सोमबार झापा फुटबल क्लबलाई १-० ले पराजित गर्दै १५औं सहिद भीमनारायण गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। धनकुटाको तल्लो टुँडिखेलमा भएको दोस्रो सेमिफाइनलमा वीरगन्जको जितमा एक मात्र निर्णायक गोल अमर डंगोलले गरेका थिए।

खेलको २५औं मिनेटमा उनले वीरगन्जलाई अग्रता दिलाए। खेलमा थप गोल नहुँदा उनकै गोल निर्णायक बन्यो।

वीरगन्जले उपाधिका लागि मंगलबार प्लानिङ ब्वाइज क्लब काठमाडौंसँग प्रतिस्पर्धा गर्नेछ।

खेलको म्यान अफ दी म्याच अमर घोषित हुँदै चार हजार रुपैयाँ प्राप्त गरे। प्रतियोगिताका विजेताले पाँच लाख र उपविजेताले दुई लाख ५० हजार हात पार्नेछन्।

विधागततर्फका उत्कृष्ट खेलाडीलाई पुरस्कार प्रदान गरिनेछ। ०५५ सालमा स्थापित गोल्डकप सुरुका दुई वर्ष नियमित रुपमा सञ्चालन भएको थियो। त्यसपछि ०६३ सालदेखि गोल्डकप सञ्चालन हुँदै आइरहेको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
विकास सहायता कार्यान्वयन महाशाखा

**सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना**

सूचना नं.:-१
प्रथम पटक प्रकाशित मिति २०८०।०२।०२

यस महाशाखामा रहेका सम्पत्ति तथा जिन्सी मालसामान (सूची कार्यालयको website मा छ) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र (मिति २०८०।०२।०८) लिलाम विक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु.१५,९५१।०० नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ।

नोट : विस्तृत जानकारीको लागि कार्यालयको website: www.dor.gov.np
फोन नं. ०१५५४१६८७

**दावी भुक्तानी (Claim) लिन आउने सम्बन्धी सूचना**

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. मा बीमा गरी बीमालेख परिपक्व (Matured) भईसकेका तथा धनफिर्ता (Money Back) योजनामा तोकिएको अवधि पुरा भइसकेर पनि उक्त बीमालेखहरुमा परिपक्व दावी एवं जीवित लाभ (Survival Benefit) दावी भुक्तानी लिन लामो समयदेखि सम्पर्कमा नरहनु भएका आदरणीय बीमितहरू एवं सम्बन्धित हकवालाहरूलाई उक्त दावी भुक्तानी लिन आउनको लागि यस कम्पनीको नजिकैको कुनै शाखा कार्यालय अथवा प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं।

हाल यस कम्पनीको सबै किसिमको भुक्तानीहरु बिद्युतिय माध्यमबाट हुने गरेको यहाँहरूलाई जानकारी गराउँदछौं।

LIC
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

**प्रधान कार्यालय**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**स्टारमल, चौंथो तल्ला, पुतलीसडक काठमाडौं**
**फोन नं. ०१-४०१२६१३, ४०१२६१४**
**इमेलः- liccorporate@licnepal.com.np**




**उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं**

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com